नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## नविकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३

मंसिर २०७३

# नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३

## प्रारम्भिक

नेपाल सरकारबाट स्वीकृत ''नवीकरणीय ऊर्जा अनुदान नीति २०७३'' को दफा १६.१ ले दिएको अधिकारको प्रयोग गरी जनसंख्या तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम :"नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,-

(क) ''अनुदान नीति'' भन्नाले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ सम्झनु पर्छ ।

ख) ''अनुदान परिचालन कार्यविधि'' भन्नाले नविकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ सम्झनु पर्छ ।

(ग) ''मन्त्रालय'' भन्नाले जनसंख्या तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(घ) ''केन्द्र'' भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

(ङ) ''सम्वन्धित निकाय'' भन्नाले नेपाल सरकारको आधिकारिक निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्था सम्झनु पर्छ ।

(च) ''कोष'' भन्नाले केन्द्रीय नविकरणीय ऊर्जा कोष सम्झनु पर्छ ।

(छ) "बैंक" भन्नाले नविकरणीय ऊर्जाको क्षेत्रमा लगानी गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट ''क'' वा ''ख'' वर्गको मान्यता प्राप्त बैंक सम्झनु पर्छ ।

ज) ''विकास साझेदारहरू" भन्नाले नवीकरणीय ऊर्जा कार्यक्रमहरू तथा परियोजनाहरू कार्यान्वयनको लागि केन्द्रलाई सघाउने बैदेशिक दातृ निकायहरू सम्झनु पर्छ ।

(झ) ''जि.वि.स.'' भन्नाले जिल्ला विकास समिति सम्झनु पर्छ ।

(ञ) ''गा.वि.स. '' भन्नाले गाउँ विकास समिति सम्झनु पर्छ ।

(ट) ''जिल्ला ऊर्जा तथा वातावरण शाखा'' भन्नाले जिल्ला विकास समिति अन्तरगत रहेको जिल्ला वातावरण ऊर्जा तथा जलवायु परिवर्तन शाखा सम्झनु पर्छ ।

ठ) ''क्षेत्रीय सेवा केन्द्र''भन्नाले क्षेत्रीय तहमा विभिन्न जिल्लाहरू समेट्ने गरी ग्रामीण र नवीकरणीय ऊर्जा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि केन्द्रबाट छनौट गरिएका गैर सरकारी संस्था, सहकारी वा निजी कम्पनी सम्झनु पर्छ र सो शव्दले राष्ट्रिय सेवा प्रदायक वा सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायकको रुपमा कार्य गर्ने अन्य संघसंस्थाहरु समेतलाई जनाउँछ ।

(ड) ''शाखा केन्द्र'' भन्नाले केन्द्रबाट मान्यता प्राप्त क्षेत्रीय सेवा केन्द्र, जिल्ला ऊर्जा तथा वातावरण शाखा सम्झनु पर्छ र सो शव्दले केन्द्रले प्रदान गरेको सेवामा रहेका कमीहरू पूरा गर्न स्थापित आयोजना कार्यान्वयनलाई समेत जनाउँछ ।

(ढ) ''नवीकरणीय ऊर्जा परीक्षण केन्द्र'' भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्न्तगत रहेको नवीकरणीय ऊर्जाको परीक्षण गर्ने संस्था सम्झनु पर्छ ।

जय देव जोशी
सचिव

(ण) "जिल्ला ऊर्जा कोष" भन्नाले नवीकरणीय ऊर्जा विकासको लागि आर्थिक स्रोतहरूको संकलन तथा परिचालन हुने गरी स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीको अधिनमा रही जिल्ला तहमा स्थापना गरिएको कोष सम्झनु पर्छ ।

(त) "सामुदायिक संस्था" भन्नाले समुदायमा भएका घरधुरीहरूको साझा उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधारमा गठित संस्था सम्झनु पर्छ ।

(थ) "उपभोक्ता समिति" भन्नाले सामुदायिक संस्थाहरुका प्रतिनिधि सदस्यहरु मिलेर नविकरणीय ऊर्जा आयोजनाको स्थापना एव संचालनको लागि परस्पर लाभ एवं फाइदाको आधारमा गठन गरी सम्वन्धित निकायमा दर्ता भएका संस्था सम्झनु पर्छ ।

(द) "लाभान्वित" भन्नाले प्रवर्द्धन गरिएको नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रयोगकर्ता वा लाभग्राही सम्झनु पर्छ ।

(ध) "आश्रित बालबालिका भएका महिला मूली भएको घर" भन्नाले सम्वन्ध विच्छेद वा छुट्टिएर बसेका वा अविवाहित भएका कारण परिपक्क पुरुषहरू नभएका बाल वच्चा सहितका घरधुरी सम्झनु पर्छ र सो शब्दले आम्दानीमा योगदान दिन नसक्ने पुरुष भएका घरधुरीलाई समेत जनाउँछ ।

(न) "सार्वजनिक संस्थाहरू" भन्नाले समुदायको परस्पर लाभ एवं फाइदाका लागि समान पहुँचको आधारमा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले सरकारी तथा सामुदायिक विद्यालय, गाँउ विकास समिति, नगरपालिका जिल्ला विकास समिति, सरकारी तथा सामुदायिक अस्पताल, प्रहरी तथा सैनिक व्यारेक, स्वास्थ्य चौकी, धार्मिक स्थल, साँस्कृतिक तथा पुरातात्विक संघसस्था र ट्रष्ट समेतलाई जनाउँछ ।

(प) "व्यवसायिक संस्था" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना गरिएका निजी संस्था सम्झनु पर्छ ।

(फ) "निजी क्षेत्र" भन्नाले नविकरणीय ऊर्जाको सेवा वा वस्तु प्रदान गर्ने उद्देश्यले प्रचालित कानुन बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

(ब) "कम्पनी" भन्नाले केन्द्रलाई सेवा तथा वस्तु प्रदान गर्नका लागि केन्द्रले तोकेका आवश्यक सबै मापदण्ड तथा योग्यता पुरा गरेका मान्यता प्राप्त निजी कम्पनी सम्झनु पर्छ र सो शब्दले शुल्क लिई उपभोक्ताहरूलाई ऊर्जा सेवा प्रदान गर्ने तथा ऊर्जा प्रणालीहरूको जडान र सुपरिवेक्षणको लागि तोकिएका आधिकारिक निजी कम्पनीलाई समेत जनाउँछ ।

(भ) "प्रतिस्पर्धी कम्पनी" भन्नाले खरिद ऐन तथा नियमावाली वा घटाघटबाट खरिद बिधि मार्फत् ऊर्जा प्रणालीहरूको जडान तथा सञ्चालनको लागि छनौट भएका निजी कम्पनी सम्झनु पर्छ ।

(म) "आयोजना विकासकर्ता" भन्नाले नविकरणीय ऊर्जा प्रणालीको कार्यक्रम सञ्चालनको लागि प्रचलित कानुन बमोजिम स्थापित सहकारी संस्था, सामुदायिक संस्था, उपभोक्ता समिति र व्यवसायिक तथा निजी कम्पनी सम्झनु पर्छ ।

(य) "स्वतन्त्र परामर्शदाता" भन्नाले कुनै निश्चित कार्य गर्नका लागि केन्द्र वा शाखा केन्द्रहरुले सम्झौता गरी लिएको संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(र) "उपलब्ध उत्तम प्रविधि" भन्नाले निश्चित क्षेत्रमा निश्चित ऊर्जा सेवा प्रदान गर्नको लागि उपलब्ध हुने सबैभन्दा उपयुक्त र मितव्ययी नवीकरणीय ऊर्जा प्रविधि सम्झनु पर्छ ।

(ल) "उत्पादनशील ऊर्जा प्रयोग" भन्नाले आय, उत्पादकत्व, सेवा वा वस्तुको गुणस्तर तथा संख्या बढाउन सहयोग पुऱ्याउने नवीकरणीय ऊर्जाको परिप्रयोग सम्झनु पर्छ ।

(व) "जडित क्षमता/उत्पादन क्षमता" भन्नाले आयोजनाको निर्माण सम्पन्न भई सकेपछि विद्युत शक्ति र घरधुरी परीक्षण उत्पादनको आधारमा एकिन हुने विद्युत क्षमता (किलोवाट) सम्झनु पर्छ ।



जय देव जोशी
मन्त्री

(श) "घरयासी प्रणाली" भन्नाले घरेलु सोलार ड्रायर र कुकर, घरेलु बायोग्याँस, फलामे कोठा तताउने र खाना पकाउने चुलो, फलामे रकेट चुलो, ग्याँसिफायर चुलो, सौर्य विद्युत प्रणाली, साना सौर्य विद्युत प्रणाली, धार्मिक स्थलहरूको लागि सौर्य ऊर्जा प्रणाली, घरेलु सौर्य फोटोभोल्टिक पानी तान्ने प्रणाली (खानेपानी र सिंचाई प्रयोजनका लागि) र सुधारिएको पानी घट्ट (पिस्नको लागि) र सुधारिएको पानी घट्ट (कृषि कार्यको लागि) लगायतका घरेलु प्रयोजनमा प्रयोग हुने नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(ह) "संस्थागत प्रणालीहरू" भन्नाले मध्यम र ठुला खालका सौर्य ड्रायरहरू, संस्थागत सोलार कुकर, संस्थागत सौर्य विद्युत प्रणाली, संस्थागत बायोग्यास, नगरपालिकाको स्वामित्व र आंशिक लगानीमा बनेका नगर फोहोरबाट चल्ने बायोग्याँस, संस्थागत फलामे खाना पकाउने चुलो, संस्थागत फलामे ग्याँसिफायर चुलो, तापिय ग्याँसिफायर प्रणाली र व्यवसायिक बायोग्याँस लगायतका नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(स) "सामुदायिक प्रणाली" भन्नाले साना तथा मझौला ग्रीडमा आधारित सौर्य फोटोभोल्टिक, वायु ऊर्जा प्रणालीहरू, सौर्य वायु मिश्रित प्रणाली, पिको/लघु/साना जलविद्युत (नयाँ), पिको/लघु/साना जलविद्युत (पूर्नस्थापित), सौर्य खानेपानी प्रणाली, सौर्य सिँचाईको प्रणाली, सुधारिएको पानी घर (विद्युतीकरणको लागि), सामुदायिक बायोग्याँस, बायोग्याँसमा आधारित सामुदायिक विद्युतीकरण प्रणाली र सामुदायिक सोलार कुकर, सामुदायिक जैविक विद्युतिकरण प्रणाली (ग्याँसिफायर प्रणाली ) लगायतका नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(क्ष) "व्यावसायिक प्रणालीहरू" भन्नाले व्यावसायिक प्रयोजनको लागि प्रयोग भएका नवीकरणीय ऊर्जा प्रणालीहरू सम्झनु पर्छ ।

(त्र) "पिको जलविद्युत आयोजना" भन्नाले दश किलोवाट सम्म जडित क्षमता भएको जलविद्युत प्रणाली सम्झनु पर्छ ।

(ज्ञ) "लघु जलविद्युत आयोजना" भन्नाले दश किलोवाट देखि एकसय किलोवाट सम्म जडित क्षमता भएको जलविद्युत प्रणाली सम्झनु पर्छ ।

(कक) "साना जलविद्युत आयोजना" भन्नाले एकसय किलोवाट देखि एक हजार किलोवाटसम्म जडित क्षमता भएको जलविद्युत प्रणाली सम्झनु पर्छ ।

(कख) "साना घरेलु सौर्य विद्युत प्रणाली" भन्नाले ब्याट्री, सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरू समेतको दश देखि बीस वाटपिक क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको सौर्य सौर्य प्रणाली सम्झनु पर्छ ।

(कग) "सौर्य घरेलु विद्युत प्रणाली" भन्नाले ब्याट्री, सोलार चार्ज, कन्ट्रोलर र उपर्युक्त संख्यामा बल्बहरू समेतको पचास वाट वा सो भन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पातासहितको सौर्य प्रणाली सम्झनु पर्छ ।

(कघ) "घरायसी बायोग्याँस प्लान्ट" भन्नाले दुई देखि बाह्र घन मिटर सम्मका गाई भैंसी वा अन्य पशुपक्षीहरुको मलमा आधारित बायोग्याँस प्लान्ट सम्झनु पर्छ ।

(कङ) "संस्थागत बायोग्याँस प्लान्ट" भन्नाले विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक ब्यारेक, वृद्धाश्रम, अनाथाश्रम र ट्रष्ट सहितको पुरातात्विक क्षेत्रमा निर्माण गरिएका बायोग्याँस प्लान्टहरू सम्झनु पर्छ र सो शव्दले सरकारी, अर्ध सरकारी र/वा सार्वजनिक ट्रष्ट सहितको सार्वजनिक संस्थानहरूको स्वामित्वमा रहेका संस्थागत बायोग्याँस प्लान्टलाई समेत जनाउँछ ।

(कच) "सामुदायिक बायोग्याँस प्लान्ट" भन्नाले चार वा सो भन्दा बढि घरधुरीलाई ऊर्जा प्रदान गर्नेगरी स्थापना भएका बायोग्यांस प्लान्ट सम्झनु पर्छ र सो शव्दले स्थानीय समुदायमा आधारित संस्था, सामुदायिक उपभोक्ता समूह, आमा समूह, टोल विकास संस्था, स्थानीय समुदायको फोहोर



जय देव जोशी
मन्त्री

व्यवस्थापनमा कार्य गर्ने गैर सरकारी संस्था वा कृषक समूहद्वारा स्थापित बायोग्याँस प्लान्ट समेतलाई जनाउँछ ।

(कछ) ''व्यावसायिक बायोग्याँस प्लान्ट'' भन्नाले निजी क्षेत्रहरूको रुपमा स्थापित पशु पंक्षी फर्म, पोल्ट्रीफर्म, दुग्ध प्रशोधन केन्द्र, विद्यालय, अस्पताल, मासु उत्पादन गर्ने वधशाला तथा उद्योग लगायतका निर्मित निजी तथा व्यवसायिक संस्थाको स्वामित्व भएका बायोग्याँस प्लान्ट सम्झनु पर्छ ।

(कज) ''नगरपालिकाको फोहोरमा आधारित बायोग्याँस प्लान्ट" भन्नाले नगरपालिकामा उत्पादित ठोस फोहोरलाई प्रयोग गर्ने गरी सम्बन्धित नगरपालिका क्षेत्रभित्र निर्माण भएका बायोग्याँस प्लान्ट सम्झनु पर्छ ।

(कझ) "ठुला बायोग्याँस प्लान्टहरू" भन्नाले बाह्र घन मिटर भन्दा बढी क्षमता भएका बायोग्याँस प्लान्ट सम्झनु पर्छ ।

(कञ) "चुलो मास्टर" भन्नाले सुधारिएको माटोको चुलो बनाउँनको लागि तालिम प्राप्त दक्ष व्यक्ति सम्झनु पर्छ ।

(कट) ''सुधारिएको फलामे चुलो'' भन्नाले खाना पकाउन तथा कोठा तताउने प्रयोजनका लागि फलामका पाताहरुबाट बनाईएका निश्चित मापदण्डका एक मुखे, दुई मुखे र तीन मुखे फलामको किफायती चुलो सम्झनु पर्छ ।

(कठ) ''रकेट चुलो'' भन्नाले घरायसी क्षेत्रमा खाना पकाउने प्रयोजनको लागि पूर्ण वा आंशिक रुपमा रकेटको सिद्धान्तमा आधारित फलामे पाताबाट बनेको एक वा दुई मुखे किफायती चुलो सम्झनु पर्छ ।

(कड) ''तापीय ग्याँसिफायर प्रणाली'' भन्नाले ठोस जैविक वस्तुहरूलाई तापीय रासायनिक प्रतिक्रिया बाट प्रज्वलनशील ग्याँसमा परिणत गरी उक्त ग्याँसलाई विभिन्न कृषिजन्य वस्तुहरूलाई तताउने वा अन्य प्रयोजन गर्ने उद्देश्यले प्रयोग गर्न ग्याँसिफायर प्रविधिमा आधारित ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(कढ) ''साना प्रसारण लाईन'' भन्नाले लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा र/वा वायु ऊर्जा, जैविक ऊर्जा मार्फत उत्पादन भएका विद्युत आपूर्ति गर्नेगरी स्थानीय विद्युत मागलाई सम्बोधन गर्ने विद्युत आपूर्ति सञ्चालन सरचना सम्झनु पर्छ ।

(कण) ''स्थानीय प्रसारण लाईन'' भन्नाले स्थानीय तथा क्षेत्रीय विद्युत माग सम्बोधन गर्नको लागि आपूर्ति गर्न लघु तथा साना जलविद्युत, आयोजनाहरूको दुई वा सो भन्दा बढी साना प्रसारण लाईनहरूको अन्तरसम्बन्धित विद्युत आपूर्ति सञ्चालन सम्झनु पर्छ ।

(कत) "खरिद ऐन तथा नियमावली" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ ।

(कथ) "कार्यक्रम" भन्नाले केन्द्रबाट राष्ट्रिय स्तरमा सञ्चालित राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम सम्झनु पर्छ र सो शब्दले केन्द्र अन्तर्गत सञ्चालित अन्य कार्यक्रमहरुलाई समेत जनाउँछ ।

**३. संस्थागत व्यवस्था**

केन्द्रबाट प्रदान गरिने अनुदान परिचालनको लागि देहाय बमोजिमको संस्थागत व्यवस्था गरिनेछ :-

(क) केन्द्र : केन्द्रले नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तारका लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग पुऱ्याउनेछ ।

(ख) केन्द्र मातहतका शाखाहरु : केन्द्रले आफु अन्तर्गत रहेका सामुदायिक विद्युतीकरण शाखा, सौर्यऊर्जा शाखा, वायोग्याँस शाखा, जैविक ऊर्जा शाखा, संस्थागत विकास शाखा, अनुगमन तथा मूल्यांकन शाखा, उत्पादनशील ऊर्जा प्रयोग शाखा आदिबाट आवश्यक प्राविधिक सहयोग गराउनेछ ।

(ग) कोष: राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय ऊर्जा प्रविधिहरू/सेवाहरूको प्रवर्द्धनका लागि वित्तीय मध्यस्थता संयन्त्रको रुपमा नेपाल सरकारद्धारा स्थापित कोषको प्रमुख उद्देश्य अन्तर्गत प्रमुख वित्तीय मध्यस्थता संयन्त्रको रुपमा नवीकरणीय ऊर्जा प्रविधिहरूको लागि अनुदान तथा कर्जाको प्रभावकारी वितरण गर्नु रहनेछ साथै सो कोषबाट देहाय बमोजिमका कार्यहरु गरिनेछ :-

(अ) केन्द्रको सिफारिसमा नवीकरणीय ऊर्जा परियोजना/प्रणालीको जडानकर्ता र अन्य आधिकारिक अनुदान प्राप्तकर्तालाई अनुदानको स्वीकृति र निकासा गर्ने ।

(आ) केन्द्रबाट प्राविधिक रुपमा उपयुक्त ठहर गरिएका नवीकरणीय ऊर्जा प्रविधिहरू प्राप्त गर्न चाहने घरधुरी, संस्था तथा समुदायलाई आवश्यक कर्जा सुविधा उपलब्ध गराउने ।

कोषको कार्यलाई लगानी समितिबाट नियमन गरिनेछ । कोषबाट प्रष्ट रुपमा तोकिएका योग्यताका मापदण्डहरु पुरा गरी पारदर्शी र प्रतिस्पर्धाका आधारमा छनौट गरिएका बैंक तथा बित्तिय संस्थाहरु मार्फत केन्द्रको सिफारिसमा अनुदान नीतिमा उल्लिखित विभिन्न नवीकरणीय ऊर्जा प्रणाली एवं आयोजनाहरु निर्माण तथा जडान गर्न अनुदान उपलब्ध गराइने तथा कर्जाको प्रवाह गरिनेछ । केन्द्रले उक्त कोषलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(घ) वाह्य पहुंच केन्द्र : निश्चित जिल्लाहरु समेट्ने गरी केन्द्रबाट छनौट भएका विभिन्न वाह्य पहुंच केन्द्रहरूले विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरूको लागि माग श्रृजना गर्ने, लक्षित समुदाय र घरधुरीहरूलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने, विभिन्न आयोजनाहरूको सम्भाब्यता अध्ययन प्रतिवेदनको प्रारम्भिक मुल्याङ्कन गर्ने, विभिन्न मान्यता प्राप्त कम्पनीहरु तथा प्रतिस्पर्धी कम्पनीहरू तथा संस्थाहरूबाट निर्माण भएका र जडान गरिएका विभिन्न नवीकरणीय ऊर्जा प्रणालीहरूको निरीक्षण तथा सुपेरिवेक्षण गर्ने र केन्द्रलाई आवश्यक पर्ने अन्य सहयोगहरू प्रदान गर्ने कार्य गर्नेछ । स्थानीय स्तरमा जिल्ला ऊर्जा तथा वातावरण शाखाबाट कार्यविधिमा उल्लेखित कार्यहरुको अतिरिक्त विभिन्न नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने, संजाल निर्माण गर्ने, अनुगमन गर्ने तथा योजना तर्जुमा गर्न सहयोग गर्ने जस्ता कार्यहरु गरिनेछ ।

## ४. ऊर्जा प्रणालीको सर्वोत्कृष्ठता

### ४.१ प्राविधिक गुणस्तर

केन्द्रबाट अनुदानमा उपलब्ध गराइने नवीकरणीय ऊर्जा प्रणालीहरू मध्ये नवीकरणीय ऊर्जा परिक्षण केन्द्रमा परीक्षण सुविधा भएका प्रणालीहरूको हकमा नवीकरणीय ऊर्जा परीक्षण केन्द्रबाट राष्ट्रिय मापदण्ड वा अन्य सान्दर्भिक मापदण्ड अनुसारका परिक्षण तथा प्रमाणित गरिनेछ । परीक्षण केन्द्रबाट परिक्षण सुविधा नभएको हकमा अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र प्राप्त गरेका प्रमाणपत्रको प्रमाणीकरण नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रले तोकेको आधिकारीक निकायबाट गरिनेछ ।

### ४.२ आपूर्तिको गुणस्तर

क) घरेलु प्रणालीको आपूर्ति तथा जडानको लागि

घरेलु ऊर्जा प्रणाली वा प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्री पछिको सेवा लगायत अन्य कुनै पनि सेवाहरू प्रदान गर्ने कम्पनीहरूको आपूर्तिको गुणस्तर सुनिश्चित गर्न केन्द्रबाट देहाय

बमोजिमका सूचकहरूको आधारमा मान्यता प्राप्त कम्पनी छनोट गरिनेछ :-

अ) बाह्य पहुँच सञ्जाल
आ) मानव श्रोत
इ) कारोबार रकम
ई) सम्वन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव
उ) समग्र गुणस्तर नियन्त्रण पद्दती
ऊ) कम्पनीको प्रवन्धपत्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्ने उद्देश्य उल्लेख भएको ।

घरेलु उर्जा प्रविधिहरूको लागि केन्द्रबाट माथि उल्लेखित सूचकहरूको आधारमा प्रत्येक वर्ष सम्बन्धित प्रविधिका क्षेत्रमा मान्यता प्राप्त कम्पनी छनोट गरिनेछ । केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरु मार्फत पेश हुन आएका अनुदान आवेदन फाराम केन्द्रले सम्बन्धित व्यवसायिक संगठन वा तोकेको स्वतन्त्र परामर्शदाताहरुबाट प्रारम्भिक परीक्षण गराउन सक्नेछ । एकमुष्ट रुपमा कुनै निश्चित स्थान वा क्षेत्रमा धेरै संख्याहरुमा घरेलु उर्जा प्रविधिहरूको प्रवर्द्धन गर्दा खरिद ऐन तथा नियमावाली वा घटाघट खरिद विधि मार्फत् प्रतिस्पर्धी कम्पनी छनोट गरिनेछ । प्रतिस्पर्धी कम्पनीहरूको योग्यता सूचकहरू बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

ख) <u>सामुदायिक र संस्थागत प्रणालीको आपूर्ति तथा जडानको लागि</u> :
सामुदायिक र संस्थागत प्रणालीको लागि वस्तु, सेवा तथा परामर्श सेवाहरूको प्राप्तिको लागि प्रतिस्पर्धी कम्पनीको योग्यताको मापदण्ड खरिद ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार हुनेछ । खरिदको प्रकृति, लागत अनुमान, बोलपत्र आवेदकको उपलब्धता, प्रविधिको उपलब्धता आदिको आधारमा मापदण्ड फरक फरक हुन सक्नेछ ।

४.३ <u>उपलब्ध उत्तम प्रविधि</u>

उपलब्ध उत्तम प्रविधिको सिद्धान्त अनुसार कुनै खास नवीकरणीय ऊर्जा प्रविधिको उपयुक्तता सरलीकृत मूल्याङ्कनको माध्यमबाट खास प्रविधिको लागत अन्य उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिहरूको उपलब्धता र लागतसँग तुलना गरी मूल्याङ्कन गरिनेछ । समुदाय/संस्था/घरधुरीको प्राविधिक र आर्थिक पक्षको प्रमाणीकरण गर्ने तथा जडान गरिने प्रणालीहरूको कार्यान्वयन तथा अनुगमन गर्ने कार्य उपलब्ध उत्तम प्रविधिको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा गरिनेछ । सम्भाव्यता अध्ययनमा उपलब्ध उत्तम प्रविधिका आर्थिक पक्षको अध्ययनका साथै जोखिम तथा अन्य अनुमान गरिएका पक्षहरू समेत समावेश हुनुपर्नेछ ।

घरायसी प्रविधिहरूका लागि उपलब्ध उत्तम प्रविधि छनौट गर्न केन्द्रले सोझै वा यसका बाह्य पहुँच केन्द्र मार्फत उपभोक्ता जनचेतना, जनजागरण र प्रविधि सम्बन्धी ज्ञान प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्नेछ । सामुदायिक र संस्थागत प्रणालीहरूको लागि लाभान्वित समुदाय वा संस्था उपलब्ध उत्तम प्रविधि छनौटका लागि सही निर्णय लिन सक्ने अवस्थामा रहे नरहेको कुरा उपभोक्ता शिक्षा र जनचेतना मार्फत केन्द्रबाट सुनिश्चित गरिनेछ । सम्भाव्यता अध्ययन प्रतिवेदनबाट छनौट गरिएको निश्चित प्रविधि कुनै निश्चित संस्था, समुदाय वा भौगोलिक क्षेत्रको लागि उपलब्ध उत्तम प्रविधि रहे वा नरहेको भन्ने विषयमा एकिन गरिनेछ । उपलब्ध उत्तम प्रविधिको प्रवर्द्धन प्रतिस्पर्धी कम्पनी वा खरिद ऐन तथा नियमावली वमोजिम गरिनेछ । तर यो कार्यविधि स्वीकृति हुनु भन्दा पहिले नै सुरु भै हाल विभिन्न चरणमा रहेका सामुदायिक तथा संस्थागत आयोजनाहरुलाई सोही चरणबाट अगाडि बढाउन यस दफा बमोजिमको उपलब्ध उत्तम प्रविधिको प्रावधानले कुनै बाधा पर्ने छैन ।

४.४ घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण : अनुदान नीतिको दफा १२.५ अनुसार घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण केन्द्रले देहायका आधार लिई गर्नेछ :-

(क) केन्द्रले अघिल्ला वर्षमा सोही प्रकृतिका प्रणाली उपलब्धता गराउँदा लागेको वास्तविक लागत रकम

(ख) स्थानीय बजारमा रहेको प्रचलित मूल्यदर

(ग) उद्योग वाणिज्य महासंघले उपलब्ध गराएको दररेट वा सम्बन्धित व्यवसायिक संगठनहरुले समय समयमा प्रकाशित गरेको अधिकतम मूल्यदर (एम आर पि)

(घ) केन्द्र बाहेक अन्य सरकारी निकायले समेत प्रणाली खरिद तथा जडान गर्दै आएकोमा त्यस्ता निकायले खरिद गरि लिएको दर ।

(ङ) अन्तराष्ट्रिय बजारमा प्रचलित मूल्यदर

४.५ विपरित घटाघट (Reverse Auction) बिधिबाट खरिद प्रक्रिया : (१) विपरित घटाघट विधिबाट हुने खरिद प्रकृया देहाय बमोजिम हुनेछ :

(क) अनुदान नीतिको दफा १२.६ मा उल्लेख भए अनुसार छनौट भएका जिल्ला तथा क्षेत्रहरूमा उल्टो लिलामी वा विपरित घटाघटको सिद्धान्त लागु गर्नका लागि केन्द्रबाट निश्चित परिमाणमा ऊर्जा प्रणाली आपूर्ति गर्नसक्ने मूल्यमा प्रतिस्पर्धी कम्पनीहरूबाट बोलपत्रका लागि आब्हान गरिनेछ ।

(ख) केन्द्रबाट मागको मूल्याङ्कन वा बार्षिक लक्ष्य अनुसार परिमाण निर्धारण गरिनेछ ।

(ग) कम्पनीहरूले प्रणालीको आपूर्ति तथा जडानमा लाग्ने खर्च र उक्त प्रणालीको प्रचलित अनुदान दर वा कुल खर्चको आधारमा बोलपत्र बुझाउनु पर्नेछ ।

(घ) प्रणालीको कूल खर्च अधिकतम अनुदान रकम भन्दा कम भएमा कम रकमको आधारमा प्रक्रिया अगाडी बढाइनेछ । तर अनुदान रकमको हकमा भने अनुदान नीतिमा उल्लेख भएको अधिकतम प्रतिशत भन्दा बढी हुने छैन ।

(२) विपरित घटाघट विधिबाट हुने खरिद प्रकृयाको लागि प्रयोग हुने बोलपत्र कागजातमा देहाय बमोजिमका प्रावधानहरू उल्लेख गरिनेछ :-

क) तोकिएको भौगोलिक क्षेत्र
ख) न्यूनतम कार्यक्षमता मापदण्ड
ग) भौतिक लक्ष्य
घ) समय सीमा तथा कार्य प्रगतिका चरणहरु
ङ) लगानीका अवसरहरूको जानकारी
च) प्रति एकाइ बोलपत्र रकमको तल्लो र माथिल्लो सीमा
छ) मूल्याङ्कन मापदण्ड

(३) घटाघटबाट खरिद विधिको लागि अवलम्बन गरिने प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्र वा सो अन्तरगतका बाह्य पहुँच केन्द्रबाट वा परामर्शदाता मार्फत् आधारभुत अवस्थाको अध्ययन (Baseline Study) सम्पन्न गरि अध्ययन प्रतिवेदन (Baseline Study Report) तयार गरिनेछ ।

(ख) आधारभुत अवस्थाको अध्ययन प्रतिवेदनको आधारमा केन्द्रबाट विपरित घटाघट विधिबाट खरिद प्रक्रियाका लागि बिशेष क्षेत्रहरूको पहिचान गरिनेछ ।

(ग) बोलपत्र तयारी र बोलपत्र आह्वान गर्दा खरिद ऐन तथा नियमावलीमा तोकिए अनुसारको प्रावधान पालन गर्नु पर्नेछ ।

(घ) केन्द्रबाट प्रतिस्प्रधात्मक बोलपत्र प्रक्रियाबाट छनौट भएका बोलपत्रकर्तासँग खरिद संझौता गरिनेछ ।

(ङ) इच्छुक बोलपत्रदाताबाट प्रति घरधुरी न्यूनतम मूल्यमा निश्चित क्षेत्र लक्षित गरी बोलपत्र प्रस्ताव गर्न सकिनेछ ।

(च) केन्द्रले मूल्याङ्कनका आधारमा छनौट भएको कम्पनीसँग सम्झौता गर्नेछ ।

छ) कार्य प्रगतिका आधारमा सम्बन्धित कम्पनीलाई अनुदान भुक्तानी गरिनेछ।

(ज) अनुदान रकम भन्दा प्रति घरधुरि प्रणालीको लागत खर्च कम भएमा प्रति इकाई प्रणालीको लागत खर्चका दरले कम्पनी/ बोलपत्रकर्तालाई अनुदान भुक्तानी गरिनेछ र लागत खर्च बढी भएमा अनुदान नीतिमा उल्लेखित अनुदान उपलब्ध गराइनेछ ।

झ) समयमा तोकिएको कार्य सम्पन्न गर्न अनुदान नीति, अनुदान परिचालन कार्यविधि र प्रचलित कानुनको अधिनमा रही सवैभन्दा प्रभावकारी उपायहरु अवलम्बन गरी लक्ष्य पूरा गर्नुपर्नेछ ।

**५. अनुदान परिचालनको सैद्धान्तिक आधार**

**५.१.**<u>**घरायसी प्रणाली**</u> : घरायसी प्रणालीको अनुदान प्राप्त गर्नको लागि उपभोक्ता अनिवार्य रुपमा नेपाली नागरिक हुनुपर्ने र निजले सोही घरमा सोही क्षमताको प्रणालीको लागि यसअघि अनुदान नलिएको हुनुपर्नेछ ।

५.१.१.<u>आधारभूत अवस्था मापन</u> : नवीकरणीय ऊर्जाको माग तथा सम्बन्धित आधारभूत तथ्यांकहरु देहायको आधारमा गरिनेछ :-

क) घरेलु प्रणालीबाट विद्युतीकरण गर्नुपर्ने घरेलु सौर्य प्रणाली, चुलो तथा बायोग्याँस प्रणली जडान गर्नुपर्ने घरधुरीको संख्या,

ख) स्थानीय निकायबाट सहयोग गरिने नविकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी कार्यक्रमको स्थानीय तथ्यांक प्रणाली,

ग) केन्द्रको तथ्यांक वा आर्थिक सर्वेक्षण प्रतिवेदन ।

यस वाहेक बाह्य पहुँच केन्द्रले स्थानीय तहमा घरधुरी ऊर्जा मागको मानचित्र तयार गर्नेछ र केन्द्रबाट ती घरधुरीमा विद्युत र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको लक्ष्य निर्धारण गरिनेछ ।

**५.१.२.** <u>**परिचालन**</u> : विभिन्न भौगोलिक क्षेत्रको माग तथा आपूर्तिमा आधारित भई देहायका मध्ये कुनै एक तरिका अवलम्बन गरि अनुदान परिचालन गरिनेछ :-

**क.** <u>**प्रतिस्पर्धी कम्पनी मार्फत परिचालन**</u> : यस अन्तर्गतको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(अ) कुनै निश्चित भौगोलिक क्षेत्रको नवीकरणीय ऊर्जा प्रविधिको मागका आधारमा केन्द्रले लागत संकलन गरी विभिन्न प्रविधि प्रवर्द्धनका लागि विपरित घटाघटको सिद्धान्तका आधारमा बोलपत्र आह्वान गर्नेछ ।

(आ) माग भए बमोजिम बोलपत्र पेश गर्न इच्छुक योग्य कम्पनीहरुले बोलपत्र पेश गर्नु पर्नेछ ।

(इ) प्रस्तावित बोलपत्रमा उल्लेखित प्राविधिक तथा आर्थिक मुल्याङ्कनका आधारमा निश्चित क्षेत्रमा बिभिन्न प्रविधिहरुको प्रवर्द्धनका लागि कार्य गर्न सक्ने योग्य कम्पनी छनौट गरिनेछ ।

(ई) कम्पनीले पेश गर्ने बोलपत्र फारममा नवीकरणीय ऊर्जाको लागि केन्द्रले तोकेको लक्ष्य अनुरूपको विद्युत सेवा तथा खाना पकाउने कार्यका लागि स्वच्छ ऊर्जा मार्फत समाधानका विभिन्न उपायहरु समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

(उ) केन्द्रबाट माग भए बमोजिम बोलपत्रका सम्पूर्ण मापदण्ड तथा योग्यता पूरा गर्ने र कम मूल्य कबोल गर्ने कम्पनीलाई त्यस क्षेत्रमा तोकिएको कार्य गर्न छनोट गरिनेछ ।

(ऊ) छनौट भएका कम्पनीले मागको सिर्जना, बजारीकरण र स्वच्छ ऊर्जा प्रणाली बिक्री तथा मर्मत संभारका लागि आफै जिम्मेवार हुनुपर्नेछ ।

(ए) छनौट भएका कम्पनी बाहेक अन्य कम्पनीहरुले सोही क्षेत्रमा विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनका लागि कार्य गर्न सक्नेछन् तर केन्द्रबाट प्रवाह गरिने अनुदानका लागि योग्य हुन सक्ने छैनन् ।

(ऐ) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउँदा समेत सोही प्रक्रियाबाट अनुदान उपलब्ध गराइनेछ ।

ख. <u>मान्यता प्राप्त कम्पनी मार्फत परिचालन</u> : यस अन्तर्गतको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(अ) यस कार्यको लागि केन्द्रले दफा ४.२ को खण्ड (क) को प्रावधान अनुसार वार्षिक रूपमा सम्बन्धित कम्पनीहरुलाई मान्यता प्रदान गरी सोको सूची तयार गर्नेछ ।

(आ) कम्पनी मार्फत उपलब्ध हुने प्रविधिहरू मध्येबाट उत्तम प्रविधिको छनौट कार्य सम्बन्धित घरधुरीले गर्नुपर्नेछ ।

(इ) केन्द्रबाट उपभोक्ता शिक्षा र जनचेतना अभिवृद्धि गर्ने कार्य मार्फत सम्बन्धित उत्तम प्रविधिको छनौट गर्न घरधुरीलाई सक्षम बनाइनेछ ।

(ई) सूचीकृत कम्पनी मार्फत वस्तु तथा सेवाको खरिद गर्न वा नगर्न घरधुरी स्वतन्त्र हुनेछन् ।

(उ) घरधुरीले मान्यता प्राप्त कम्पनीहरूमध्ये उपयुक्त कम्पनी छनौट गरी घरयासी नवीकरणीय ऊर्जा प्रविधिहरुको आपूर्ति/जडान र बिक्री पश्चातको सेवाको लागि सम्झौता गर्नुपर्नेछ ।

(ऊ) घरायसी प्रणालीका विस्तृत विवरण तथा प्रकृयाहरु अनुसूचीमा उल्लेख गरिए बमोजिम हुनेछ ।

५.२. <u>संस्थागत/सामुदायिक प्रणाली</u> : यस प्रणाली अन्तर्गतको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सामुदायिक र संस्थागत प्रणालीको आपूर्ति, जडान तथा निर्माण कार्यको लागि खरिद ऐन तथा नियमावली बमोजिम कम्पनीको छनौट प्रकृया अगाडि बढाइनेछ तर कुनै बिकास साझेदारको सहयोगमा सञ्चालित आयोजनामा भने नेपाल सरकार र सम्बन्धित बिकास साझेदारबीच भएको सम्झौता बमोजिमको उपलब्ध खरिद निर्देशिका वा खरिद विधि बमोजिम हुनेछ ।

(ख) सामुदायिक र संस्थागत आयोजनाहरूको निश्चित प्रकृया पुरा गरी खुल्ला रुपमा बोलपत्र आव्हान गरिनेछ र सोको आधारमा आपुर्ति तथा जडान कम्पनीको छनौट गरिनेछ ।

(ग) आयोजनाको बित्तिय स्रोतको सुनिश्चितता पश्चात सम्बन्धित आयोजना कार्यान्वयनको प्रकृया अगाडी बढाइनेछ । उपरोक्त प्रकृयाका लागि केन्द्रले सोझै वा यसका बाह्य

पहुँचकेन्द्र मार्फत संस्था वा समुदायलाई खरिद प्रकृयामा आवश्यकता अनुसारको समन्वय गर्नेछ ।

(घ) संस्थागत/सामुदायिक प्रणालीका विस्तृत विवरण तथा प्रकृया अनुसूचीमा उल्लेख गरिए अनुसार हुनेछ ।

(ङ) खरिद सम्झौतामा उल्लेख भए बमोजिम आपुर्ति तथा जडानकर्ता कम्पनीलाई विभिन्न किस्तामा तोकिएको अनुदान रकम भुक्तानीको व्यवस्था गरिनेछ ।

(च) वस्तु तथा परामर्श सेवाको खरिद कार्य सम्पन्न गर्दा खरिद ऐन तथा नियमावली अनुसार भुक्तानी हुने व्यवस्था गरिनेछ ।

६. <u>अनुगमन र मूल्याङ्कन संयन्त्र</u> : अनुगमन तथा मूल्यांकन संयन्त्र सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) केन्द्रले जडित नवीकरणीय ऊर्जा प्रणालीहरूको अनुगमन र मुल्याङ्कन तेश्रो पक्षीय परामर्शदाताबाट स्थलगत रुपमा गराउनेछ ।

(ख) अनुगमन/प्रमाणीकरण कार्य आयोजनाको प्रकृति र प्रकार अनुसार भिन्न भिन्न प्रकारका संयन्त्रबाट गर्न सकिनेछ ।

(ग) स्थलगत अनुगमन/प्रमाणीकरण कार्य गर्दा सौर्य ऊर्जा प्रणाली, संस्थागत सौर्य ऊर्जा प्रणाली, सोलार ड्रायर/कुकर, सौर्य पम्पिङ् प्रणाली, फलामे सुधारिएको चुलो, सुधारिएको पानीघट्ट र घरायसी/सामुदायिक/संस्थागत/व्यावसायीक/नगरपालिकाको फोहरमा आधारित वायोग्यास प्लान्टको अनुगमन र प्रमाणीकरण एकिकृत विधिबाट गरिनेछ ।

(घ) साना/लघु/पिको जलविद्युत प्रणाली र सौर्य तथा वायु मिनिग्रीडका विद्युत उत्पादन र प्रयोगकर्ता घरधुरी प्रमाणीकरण छुट्टै विद्युत उत्पादन र घरधुरी प्रमाणीकरण कार्य परामर्शदाताबाट गरिनेछ ।

७. <u>गुनासो समाधानका लागि सहजिकरण संयन्त्र</u> : (१) लाभान्वित उपभोक्ता वा अन्य सरोकारवालाहरूको गुनासो, जिज्ञासा, चासो र सुझाव सोझै सम्बोधन गर्न केन्द्रबाट गुनासो सुन्ने तथा समाधानका लागि सहजिकरण गर्ने एक संयन्त्रको स्थापना गरिनेछ । यस अन्तर्गत एउटा छुट्टै नियमित निशुल्क टेलिफोन लाईनको व्यवस्था गर्नुका साथै इमेल ठेगाना समेत तयार गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित विषय लगायत यस कार्यविधि अनुसार अनुदान परिचालन गर्ने सिलसिलामा आई परेका समस्याहरुको पहिचान गरी अनुदान प्रकृयालाई सरल,सहज, पारदर्शी एवं सुनिश्चित बनाउन तथा सो सम्बन्धमा आवश्यक समन्वय गर्न केन्द्रमा देहाय बमोजिमको एक अनुदान परिचालन सहजिकरण समिति रहनेछ : -

क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - संयोजक
ख) प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय -सदस्य
ग) प्रतिनिधी, सम्वन्धित व्यवसायिक संगठन - सदस्य
(घ) प्रमुख, सम्बन्धित प्राविधिक शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द - सदस्य
(ड) शाखा प्रमुख, योजना शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य सचिव

८. <u>उपभोक्ता संरक्षण विधि</u> : उपभोक्ता सरक्षण विधि देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रबाट प्राविधिक तथा आर्थिक सहयोगमा जडान वा निर्माण सम्पन्न गरिएका सम्पुर्ण नवीकरणीय ऊर्जा प्रविधिहरू, उपकरण, निर्माण कार्य र उपलब्ध सेवाहरू राष्ट्रिय गुणस्तर तथा मापदण्ड बमोजिम हुनु पर्नेछ । सो सम्वन्धि विवरणहरू प्रस्ट रुपमा सम्बन्धित बोलपत्र कागजातमा उल्लेख गरिनेछ ।

(ख) उपभोक्ताको हक हित सरक्षणका लागि निजहरु लक्षित शिक्षा र सचेतना अभियान संचालन गरिनेछ ।

(ग) केन्द्रबाट उपभोक्तालाई नवीकरणीय ऊर्जा प्रविधिका विविध पक्षहरू जस्तै नवीकरणीय ऊर्जाका फाइदा, उचित प्रयोग बिधि, लागत अनुमान, संचालन विधि, मर्मत जडान तथा बिक्री पछिका सेवा समेतका विषयमा अभिमुखीकरण प्रदान गरिनेछ ।

(घ) केन्द्रको सहयोगमा जडान वा निर्माण सम्पन्न गरिएका सम्पुर्ण नवीकरणीय ऊर्जा प्रविधिहरूमा माथि खण्ड (क) मा उल्लेख भए बमोजिमको सम्पर्क ठेगाना अनिवार्य रुपमा देखिने गरी उल्लेख गर्ने वा कुँद्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९. <u>दिग्दर्शन, निर्देशिका र मापदण्ड सम्बन्धि व्यवस्था:</u> यस कार्यविधि अनुसार अनुदान परिचालन कार्यमा प्रयोग हुने निर्देशिका र दिग्दर्शन मन्त्रालयले स्वीकृत गर्नेछ । प्राविधिक मापदण्ड, सम्भाव्यता अध्ययन, अनुदान आवेदन लगायतका फारामहरू कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा केन्द्रले स्विकृत गरे बमोजिम हुनेछ ।

१० <u>व्याख्या</u> : यस अनुदान परिचालन कार्यविधिको कार्यान्वियन सम्वन्धमा कुनै अस्पष्टता, अन्योल वा समस्या उत्पन्न भएमा केन्द्रले त्यसको अन्तिम व्याख्या गर्नेछ ।

११ <u>पुनरावलोकन</u> : मन्त्रालयले समय समयमा आवश्यकता अनुसार वा प्रत्येक दुई वर्षमा यो कार्यविधि पुनरावलोकन गर्न सक्नेछ ।

१२. <u>खारेजी र बचाउ</u> : (१) नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६९ खारेज गरिएको छ ।

(२) नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६९ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि अन्तर्गत भए गरेको मानिनेछ । यस अघि जडान सम्पन्न भएका प्रणालीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

अनुसूची १

## सुधारिएको पानीघट्टबाट विद्युतीकरण/पिको/लघु/साना जलविद्युत आयोजना

१. **योग्यताको मापदण्ड** : राष्ट्रिय प्रसारण लाईन नपुगेका वा अन्य माध्यमबाट विद्युतीकरण नभएका समुदायहरूका (घरेलु सौर्य विद्युत प्रणाली बाहेक) साथै बोलपत्र प्रक्रिया पुरा गरेका तर कोषबाट अन्तिम अनुदान स्वीकृति नपाएका आयोजनाहरू समेत नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ अनुरूप अनुदानको लागि योग्य हुनेछन् ।

२. **आयोजनाको तयारी चरणमा अनुदान परिचालन (आयोजना पहिचान तथा सम्भाव्यता अध्ययन) :** आयोजनाको पहिचान र पूर्व सम्भाव्यता अध्ययन सम्वन्धी कार्य केन्द्र र यसका बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताद्वारा गराउनु पर्नेछ ।

२.१ **पिको जलविद्युत र सुधारिएको पानी घट्ट विद्युतीकरण आयोजना**: यसको लागि अनुदान प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) आयोजना निर्माणकर्ताको दर्ता प्रमाण पत्र,
(ख) आयोजना निर्माणकर्ताको स्थायी लेखा नम्बर, र
(ग) सम्बन्धित जिल्ला जलस्रोत समितिबाट प्राप्त पानीको अग्राधिकार प्रमाण पत्र ।

२.२ **लघु तथा साना जलविद्युत आयोजना** : यस अन्तर्गत अनुदान पाप्त गर्नको लागि देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) आयोजना निर्माणकर्ता दर्ता कागजात,
(ख) आयोजना निर्माणकर्ताको स्थायी लेखा नम्बर,
(ग) जिल्ला जलस्रोत समितिबाट प्राप्त पानीको अग्राधिकार प्रमाणपत्र र
(घ) एक सय किलोवाट भन्दा माथिका आयोजनाको हकमा विद्युत विकास विभागबाट सर्वेक्षण स्वीकृतिपत्र ।

२.३ **लघु/साना जलविद्युत आयोजना/सुधारिएको पानी घट्टबाट विद्युतीकरण आयोजनाको सम्भाव्यता अध्ययन**

पूर्व सम्भाव्यता अध्ययन (प्रारम्भिक सर्भेक्षण) सम्पन्न भएपछि केन्द्र वा बाह्य पहुँच केन्द्रहरूले खरिद ऐन तथा नियमावली वा सम्वन्धित दातृ निकायको खरिद निर्देशिका बमोजिम परामर्श सेवा छनौट गर्नु पर्नेछ । प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रियाबाट गरिने प्रारम्भिक वातावरणीय अध्ययन लगायतका बिस्तृत सम्भाव्यता अध्ययन बापतको लागत आवश्यकता अनुसार केन्द्रबाट व्यहोरिनेछ । तर निर्माणकर्ता स्वयंले विस्तृत सम्भाव्यता अध्ययन गराएको हकमा भने विस्तृत सम्भाव्यता अध्ययन बापतको लागत निर्माणकर्ता स्वयले व्यहोर्नु पर्नेछ ।

३.**आयोजना स्वीकृति तथा अनुगमन समिति, प्राविधिक पुनरावलोकन समिति तथा जिल्ला आयोजना पुनरावलोकन समिति**

३.१ **आयोजना स्वीकृति तथा अनुगमन समिति** : सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनामा थप अनुदान स्वीकृती गर्नका लागि केन्द्रमा देहाए बमोजिमको आयोजना स्वीकृति तथा अनुगमन समिति रहनेछ :-

| | |
|---|---|
| क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - संयोजक |
| (ख) कार्यकारी निर्देशकले तोकेको केन्द्रका निर्देशक | - सदस्य |

ख) प्रमुख, योजना शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र -सदस्य

ग) प्रतिनिधि लेखा शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र -सदस्य

घ) प्रमुख, सामुदायिक विद्युतीकरण शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द - सदस्य सचिव

३.२ <u>प्राविधिक पुनरावलोकन समिति</u> : लघु तथा साना जलविद्युत आयोजनाको लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समिति रहनेछ :-

क) प्रमुख, सामुदायिक विद्युतीकरण शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - संयोजक

ख) प्रतिनिधि उत्पादनशील ऊर्जा प्रयोग शाखा -सदस्य

ग) प्रतिनिधि गरिबी निवारण कोष - सदस्य

घ) प्रतिनिधि, साना/लघु जलविद्युत विज्ञ (निजी क्षेत्रबाट) -सदस्य

ङ) प्रतिनिधि, साना/लघु जलविद्युत विज्ञ (नागरिक समाज) - सदस्य

च) प्रतिनिधि, साझेदार बैंक (वित्तीय संस्था) - सदस्य

छ) प्रतिनिधि, सामुदायिक विधुतीकरण शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य सचिव

३.३ <u>जिल्ला आयोजना पुनरावलोकन समिति</u> : पिको जलविद्युत/सुधारिएको पानी घट्टबाट विद्युतीकरणको लागि जिल्ला स्तरमा देहाय बमोजिमको जिल्ला आयोजना पुनरावलोकन समिति रहनेछ :-

क) स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति - संयोजक

ख) इन्जिनियर, जिल्ला प्राविधिक कार्यालय - सदस्य

(ग) इन्जिनियर, जिल्ला ऊर्जा तथा वातावरण शाखा - सदस्य सचिव

४. <u>दण्ड तथा जरिवाना सम्बन्धमा</u> :सुधारिएको पानीघट्टबाट विद्युतीकरण/पिको/लघु/साना जलविद्युत आयोजनाको सम्बन्धमा दण्ड जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) खरिद ऐन तथा नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम सम्झौता भएको मितिले तोकिएको समयावधिभित्र विस्तृत अध्ययन प्रतिवेदन पेश नभएमा प्रति हप्ता आर्थिक सहयोग रकमको एक प्रतिशतको दरले बढीमा दश प्रतिशत सम्म जरिवाना गरिनेछ ।

ख) कम्पनी र सर्वेक्षण कम्पनीले संयुक्त रुपमा स्थलगत प्रमाणीकरण गर्दा आयोजनाको क्षमता वा परिमाणमा दश प्रतिशत भन्दा बढी फरक पर्न गएमा उक्त आयोजना परामर्शदाता कम्पनीले आफ्नै लागतमा पूनः विस्तृत सर्वेक्षण गर्नुपर्नेछ । उक्त परमर्शदाता कम्पनीले पूनः विस्तृत सम्भाव्यता अध्ययन नगरेमा केन्द्रबाट कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाइनेछ ।

ग) विस्तृत सम्भाव्यता अध्ययन गर्ने कम्पनी र जडानकर्ता बीच कुनै विवाद उत्पन्न भएमा केन्द्रले गरेको निर्णय अन्तिम हुनेछ ।

घ) जरिवाना सम्बन्धी अन्य व्यवस्था खरिद ऐन तथा नियमावली अनुसार हुनेछ ।

५. स्थलगत प्रमाणीकरण : माग भए बमोजिमको बोलपत्र पेश गर्न चाहने कम्पनीले बोलपत्र पेश गर्नु अघि स्थलगत निरीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछन् ।

६. आयोजना कार्यान्वयनको चरणमा अनुदान परिचालन

६.१ अनुदान परिचालन प्रक्रिया

६.१.१ पिको जलविद्युत अयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरण : पिको जलविद्युत आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरणको लागि अनुदान परिचालन देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला आयोजना पुनरावलोकन समितिबाट आयोजनाको स्वीकृत गर्नु पर्नेछ ।

(ख) निर्माणकर्ताले आयोजनाको लागि बोलपत्र पेश गर्नु अघि शत प्रतिशत लागतको स्रोतको प्रत्याभूति दिनु पर्नेछ । सोको अतिरिक्त दश प्रतिशत नगद रकम निर्माणकर्ताको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ । उक्त रकम अन्य प्रयोजनका लागि खर्च गर्न निकाल्न सकिने छैन ।

(ग) आयोजनाको खरिद प्रक्रिया खरिद ऐन तथा नियमावली अनुसार सम्बन्धित जिल्ला विकास समिति मार्फत गरिनेछ ।

(घ) जिल्ला ऊर्जा तथा वातावरण शाखाले आवश्यक कागजात सहित अन्तिम अनुदान स्वीकृतिको लागि केन्द्रमा सिफारिस गर्नु पर्नेछ । ।

(ङ) आयोजना सम्पन्न भई शत प्रतिशत घरधुरीसम्म विद्युत (सर्भिस केवल) जडानको सुनिश्चितता भएपछि जडानकर्ता कम्पनी, आयोजना निर्माणकर्ता र केन्द्रका प्रतिनिधिहरूको उपस्थितिमा विद्युत उत्पादन परिक्षण तथा हस्तान्तरण कार्य गरिनेछ ।

(च) केन्द्रबाट जडित आयोजना मध्ये पच्चिस प्रतिशत आयोजनाको परिक्षण तथा हस्तान्तरण भएको एक वर्ष भित्र आकस्मिक रुपमा शक्ति उत्पादन तथा प्रयोगकर्ता घरधुरी प्रमाणिकरण गरिनेछ ।

(छ) आयोजना परीक्षण र हस्तान्तरण गरेको मितिले एक वर्षपछि नव्वे दिनभित्र जडानकर्ता कम्पनीले निर्माणकर्ता र केन्द्र वा सोका वाह्य पहुँच केन्द्रका प्रतिनिधिको रहोवरमा एक वर्षे प्रत्याभूति जाँच गर्नु पर्नेछ ।

(ज) मनासिव कारणले उपस्थित हुन नसकेको अवस्थामा बाहेक अन्य अवस्थामा जडानकर्ता कम्पनीबाट माग भएपश्चात एक वर्षे प्रत्याभूति जाँच गर्नको लागि केन्द्र वा सोका वाह्य पहुँच केन्द्रका प्रतिनिधिहरु अनिवार्य रुपमा उपस्थित रहनु पर्नेछ ।

६.१.२ साना तथा लघु जलविद्युत आयोजना : साना तथा लघु जलविद्युत आयोजनाको अनुदान परिचालन देहाय बमोजिम हुनेछ :-

(क) निर्माणकर्ताले आयोजनाको ठेक्का प्रक्रियामा जानु अघि शत प्रतिशत लागतको स्रोतको प्रत्याभूति दिनु पर्नेछ र यसका अतिरिक्त दश प्रतिशत नगद रकम निर्माणकर्ताको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ जुन अन्य प्रयोजनका लागि खर्च गर्न सकिने छैन ।

(ख) खरिद प्रक्रिया तथा भुक्तनी खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ । अन्य लागतको रकम सरकारी अनुदान, जि.वि.स./गा.वि.स.बाट सहयोग, अन्य निकाय वा कार्यक्रमबाट सहयोग र व्यक्तिगत सहयोग जुटाउन सकिनेछ ।

(ग) आयोजनाको ठेक्का प्रतिस्पर्धा एकल प्याकेज वा दुई प्याकेजमा गर्न सकिनेछ । सकेसम्म एकल प्याकेजको कार्यलाई बढी प्राथमिकतामा राखिनेछ । दुई प्याकेजको कामलाई

उत्पादन र प्रसारण/वितरण गरी छुट्याउन सकिनेछ । यस्तो अवस्थामा कोषले प्रत्येक प्याकेजको अनुदानका लागि छुट्टाछुट्टै स्वीकृत दिनु पर्नेछ तर पहिलो स्वीकृत प्याकेज अनिवार्य रुपमा उत्पादन प्याकेज हुनुपर्नेछ । निजी निर्माणकर्ताको हकमा भने निर्माणकर्ता र ठेकेदार बीचको सहमतिमा अनुसार गर्न सकिनेछ । मालसमान र कार्यको सम्पूर्ण प्राविधिक आधारभूत कुरा र स्पेशिफिकेशन केन्द्रले तोकेको मापदण्ड तथा निर्देशिका अनुसार हुनुपर्नेछ ।

(घ) आयोजना निर्माणकर्ता र जडान कम्पनीले प्रत्येक चार महिनामा कार्य प्रगति प्रतिवेदन बाह्य पहुँच केन्द्र मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ ।

अ) एकल प्याकेज तर्फ : यस सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) जडानकर्ता कम्पनी वा ठेकेदारले आयोजना सम्पन्न भइसकेपछि विद्युत ऊर्जा उत्पादन परीक्षण गर्नु पर्नेछ । उक्त परीक्षण गर्दा कम्तीमा पचहत्तर प्रतिशत घरहरूसम्म विद्युत (सर्भिस केवल) जडानको सुनिश्चितता गर्नुपर्नेछ । उक्त परीक्षण र घरधुरी प्रमाणीकरण कार्य केन्द्रको निर्देशिका अनुसार गर्नु पर्नेछ ।

(ख) आयोजना परीक्षण र हस्तान्तरण गरेको मितिले एक वर्षपछिको नब्बे दिनभित्र जडानकर्ता कम्पनीले निर्माणकर्ता र केन्द्र वा सोका बाह्य पहुँच केन्द्रका प्रतिनिधिको रोहवरमा एक वर्षे प्रत्याभूति जाँच गर्नु पर्नेछ । जडानकर्ता कम्पनीबाट माग भएपश्चात कुनै कारणवश केन्द्र वा सोका बाह्य पहुँच केन्द्रका प्रतिनिधिको अनुपस्थितीले सो कार्य सम्पन्न गर्न बाधा पुग्ने छैन ।

आ) दुई प्याकेज तर्फ : यस सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) उत्पादन तर्फको कार्य सकिएपछि केन्द्रको निर्देशिका अनुरुप विद्युत ऊर्जा उत्पादन परीक्षण गर्नु पर्नेछ ।

(ख) वितरण र प्रसारण तर्फको कार्य सकिएपछि जडानकर्ता कम्पनी वा ठेकेदारले केन्द्रको निर्देशिका अनुरुप विद्युत उत्पादन तथा घरधुरी प्रमाणीकरण कार्य गर्नुपर्नेछ ।

## ६.२ भुक्तानी तालिका

६.२.१ पिको जलविद्युत आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरण : पिको जलविद्युत आयोजना तथा सुधारिएको पानीघट्टबाट विद्युतीकरणको आयोजनाको हकमा जि.वि.स./जिल्ला ऊर्जा कोषबाट जडानकर्तालाई निर्माणकर्ता र जडानकर्ताबीच भएको सम्झौता र खरिद ऐन तथा नियमावली अनुसार भुक्तानी गरिनेछ । जडानकर्ताले केन्द्रले उपलब्ध गराए बमोजिमको अनुदान निवेदन फारम भरी अनुदानको दाबी गर्नुपर्नेछ । भुक्तानी सम्बन्धी तालिका देहाय अनुसार हुनेछ :-

| क.सं. | किस्ता | कार्य प्रगतिका चरण |
|---|---|---|
| १. | प्रथम | जिल्ला ऊर्जा तथा वातावरण शाखाबाट अन्तिम स्वीकृत प्राप्त भई अनुदानका लागि केन्द्रमा पेश भएपछि केन्द्रले आवश्यक पुनरावलोकन र मूल्याङ्कन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले सत्तरी प्रतिशत अनुदान रकम जिल्ला ऊर्जा कोष मार्फत सम्बन्धित जिल्ला विकास समितिमा पठाउनेछ । |

| | | |
|---|---|---|
| २. | दोस्रो | सफलता पूर्वक जडान, परिक्षण, आयोजना हस्तान्तरण र केन्द्रबाट प्रतिवेदन स्वीकृति भएपछि कोषले वीस प्रतिशत अनुदान रकम निकासा गर्नेछ । |
| ३. | अन्तिम | एक वर्षे प्रत्याभूति जाँच र विद्युत उत्पादन परीक्षण तथा घरधुरी प्रमाणीकरण कार्य सम्पन्न भएपछि कोषले बाँकी दश प्रतिशत रकम भुक्तानी गर्नेछ । |

६.२.२ लघु तथा साना जलविद्युत आयोजना :

क) **सामग्री खरिद प्रक्रिया** : निर्माणकर्ता र जडानकर्ता बीच भएको सम्झौता अनुसार जडानकर्तालाई भुक्तानी तालिका बमोजिम किस्ता उपलब्ध गराइनेछ । यस किसिमका आयोजनाको भुक्तानी कार्य खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ । जडानकर्ताले केन्द्रले उपलब्ध गराए बमोजिमको अनुदान निवेदन फारम भरी अनुदानको लागि दाबी गर्नुपर्नेछ । सो कार्यको तालिका देहाय बमोमिज हुनेछ :-

| विवरण | किस्ता | कार्य प्रगतिका चरण |
|---|---|---|
| १ अग्रिम परिचालन बापतको पेश्की | वीस प्रतिशत सम्म | सम्झौता पश्चात बैंक प्रत्याभूतिको आधारमा |
| २ भुक्तानी किस्ता | | |
| २.१) प्रथम किस्ता | पचहत्तर प्रतिशत सम्म | कार्यस्थालमा उपकरण हस्तान्तरण र हस्तान्तरण फारमको स्वीकृतिको आधारमा |
| २.२) दोस्रो किस्ता | नब्बे प्रतिशत सम्म | विद्युत ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको स्वीकृति पश्चात |
| २.३) अन्तिम किस्ता | बाँकी दश प्रतिशत | विद्युत उत्पादन परिक्षण तथा घरधुरी प्रमाणीकरण प्रतिवेदनको स्वीकृति पश्चात । |

ख) <u>कामको छनौट (खरिद) प्रक्रिया</u> : निर्माणकर्ता तथा जडानकर्ता बीच भएको सम्झौता बमोजिम भुक्तानी सूची तथा भुक्तानी किस्ताको आधारमा भुक्तानी गरिनेछ । जडानकर्ताले केन्द्रले उपलब्ध गराए बमोजिमको अनुदान निवेदन फारम भरी अनुदानको दाबी गर्नु पर्नेछ ।

| क्र.सं. | विवरण | किस्ता | कार्य प्रगतिका चरण |
|---|---|---|---|
| १) | अग्रिम परिचालन | बीस प्रतिशत सम्म | सम्झौता पश्चात बैंक प्रत्याभूतिको आधारमा |
| २) | भुक्तानी किस्ता | | |
| २.१) | प्रथम किस्ता | पचास प्रतिशत सम्म | कार्य स्थलमा निरिक्षण गर्दा कम्तीमा पचास प्रतिशत निर्माण कार्य सम्पन्न तथा पचास प्रतिशत उपकरणको हस्तान्तरण भएको स्वीकृति पश्चात । |
| २.२) | दोस्रो किस्ता | असी प्रतिशत सम्म | कम्तीमा असी प्रतिशत निर्माण कार्य सम्पन्न तथा शत प्रतिशत उपकरणको हस्तान्तरण भएको स्वीकृति पश्चात । |
| २.३) | तेस्रो किस्ता | नब्बे प्रतिशत सम्म | शत् प्रतिशत निर्माण कार्य तथा उपकरण हस्तानतरण सम्पन्न भै हस्तान्तरण प्रतिवेदन स्वीकृति पश्चात । |
| २.४) | अन्तिम किस्ता | बाँकी दश प्रतिशत | विद्युत ऊर्जा उत्पादन परीक्षण तथा घरधुरी प्रमाणीकरण प्रतिवेदनको स्वीकृति पश्चात । |

ग) <u>ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा अनुदानको परिचालन</u> : (१) ऊर्जा खपतको आधारमा अनुदानको व्यवस्था देहाय बमोजिमको क्षेत्रमा देहाय बमोजिम (जुन कम हुन्छ) हुनेछ :-

| विवरण | मुगु, हुम्ला र डोल्पा | क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|---|---|
| अनुदान (रु./किलोवाट घण्टा) | ४४.०० | ३५.०० | ३१.५० | २८.०० |
| किलोवाट घण्टा दरको प्रतिशत | ५५.००% | ५०.००% | ४५.००% | ४०.००% |

(२) अनुदान परिचालन सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको स्वामित्व जुनसुकै व्यक्ति वा संस्थाकोमा भएता पनि खरिद कार्य निर्माणकर्ता स्वयंले गर्नुपर्नेछ ।

(ख) आयोजनाको ऊर्जा बिक्रीको व्यावसायिक योजना तथा आयोजनाको इकाई लागत मूल्य प्राविधिक मूल्याङ्कन समितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(ग) अनुदानको रकम भुक्तानी खपत भएको विद्युत युनिटको आधारमा पाँच वर्षसम्म अर्धबार्षिक रुपमा दिइनेछ ।

(घ) बिक्री विद्युत युनिट (किलोवाट घण्टा) केन्द्र वा परामर्शदाताको प्रमाणीकरण पछि मात्र अनुदान प्राप्तीको लागि योग्य हुनेछ ।

(ङ) आयोजनाको परिक्षण तथा हस्तान्तरण केन्द्रले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ र विद्युत युनिटको आधारमा केन्द्र र यसका बाह्य पहुँचकेन्द्रबाट निर्धारण गरिनेछ ।

(च) केन्द्र वा स्वतन्त्र परामर्शदाताबाट ऊर्जा बिक्री प्रमाणित भएपछि कोषमा अनुदान स्वीकृतिका लागि सिफारिस गरिनेछ ।

(छ) ऊर्जा खपतमा आधारित अनुदान ऊर्जा खपत सूचकको पचास प्रतिशतसम्म उपलब्ध गराइनेछ ।

ज) आयोजनाको निर्माणसंग सम्बन्धित सम्पूर्ण कार्यहरु जस्तै ठेकेदार छनौट, निर्माणमा प्रयोग हुने सामग्रीहरुको गुणस्तरियता आदिको पूर्ण जिम्मेवारी आयोजना विकासकर्ता स्वयम्ले नै लिनेछ । आयोजना विकासकर्ताको अनुरोधमा आवश्यकता अनुसार केन्द्रले आयोजनाको निर्माण अवधिभर प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न सक्नेछ ।

## ७. उत्पादनमूलक कामका लागि साना तथा लघु जलविद्युत आयोजनामा उत्पादन क्षमतामा थप अनुदान परिचालन

७.१ पुरानो आयोजना : उत्पादनमूलक कार्यको लागि क्षमता थप गर्ने आयोजना उत्पादन अनुदानको लागि योग्य हुनेछ । तर क्षमता अभिवृद्धि कम्तीमा जडित क्षमताको एक तिहाइ हुनुपर्नेछ र उत्पादनमूलक कार्यको लागि प्रयोग गरेको हुनु पर्नेछ । यस्तो आयोजनमा थप घरधुरीलाई वितरण सेवामा जोडिन्छ भने सोही अनुरुपको वितरणका लागि पनि थप अनुदान प्राप्त हुनेछ । विस्तृत सम्भाव्यता अध्ययनमा उपलब्ध हुने सहयोग अनुसूची १ को दफा २.३ उल्लेख भए बमोजिम हुनेछ । त्यस्ता पुराना आयोजनाले व्यापारिक योजना सहित विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ । व्यापारिक योजनाको लागत निर्माणकर्ता स्वयंले व्यहोर्नु पर्नेछ । यस सम्बन्धी सम्पूर्ण प्रक्रिया माथि दफा ६ मा उल्लेख भए अनुसार हुनेछ ।

७.२ नयाँ आयोजना : निर्माणकर्ताले माग सहितको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन र तयार गरिएको व्यपारिक योजना केन्द्र वा यसका बाह्य पहुँच केन्द्रमा बुझाउनु पर्नेछ । विस्तृत सम्भाव्यता अध्ययनको सहयोग सम्बन्धी व्यवस्था माथि खण्ड २.३ उल्लेख भए बमोजिम हुनेछ । पेश हुन आएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र व्यापारिक योजना प्राविधिक पुनरावलोकन समितिबाट स्वीकृत गरी अनुदान स्वीकृतिको लागि कोषमा सिफारिस गर्नेछ । यस सम्बन्धी अन्य सम्पूर्ण प्रक्रिया माथि दफा ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ८. लक्षित समुदायलाई थप अनुदान

शक्ति उत्पादन परिक्षण पश्चात लक्षित समुदायलाई अनुदान नीति बमोजिम थप अनुदान दिन सकिनेछ र यस्ता घरधुरीहरू ऊर्जा उत्पादन प्रमाणीकरण गर्ने समयमा प्रमाणित गर्नु पर्नेछ ।

९. भूकम्प प्रभावित क्षेत्रमा विशेष अनुदान व्यवस्था

९.१ नयाँ आयोजना : सय किलोबाट क्षमता सम्मका नयाँ लघु जलविद्युत आयोजनाको लागि आवश्यक कागजात/प्रक्रिया/भुक्तानी तालिका साविकको लघु जलविद्युत स्वीकृत प्रक्रिया बमोजिम नै हुनेछ ।

९.२ आयोजनाको पुनःस्थापना : (१) भूकम्पले क्षति गरेका आयोजनाको पूर्नस्थापनाका लागि देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ :-

(क) केन्द्र, बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताहरूले तयार गरेको क्षति मूल्याङ्कनको प्रतिवेदन

(ख) जिल्ला दैवी प्रकोप व्यवस्थापन समितिको सिफारिस,

(ग) उपभोक्ता समितिको अनुरोध,

(घ) केन्द्र वा बाह्य पहुँच केन्द्रको सिफारिस र

(ङ) प्राविधिक पुनरावलोकन समितिको स्वीकृति ।

(२) यस अन्तर्गतका कार्य र सेवाको खरिद तथा भुक्तानी प्रक्रिया खरिद ऐन तथा नियमावली एवं विकास साझेदारसँगको सम्झौता बमोजिम हुनेछ ।

१०. निर्माण कार्य सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरूलाई थप अनुदान

अनुदान नीतिको दफा ११.१.४अनुसार प्राविधिक तथा आर्थिक कारणले सम्पन्न हुन नसकेका आयोजनाहरूलाई थप अनुदान परिचालनको लागि देहाय बमोजिमको प्रक्रिया अपनाइनेछ :-

१०.१ योग्यता र शर्तहरू : प्राविधिक तथा आर्थिक कारणले सम्पन्न हुन नसकेका आयोजनाहरूलाई थप अनुदान प्राप्त गर्नको लागि आवश्यक योग्यता र शर्तहरु देहाय बमोजिम हुनेछ :-

(क) आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले यो अनुदान नीति स्वीकृत भएको मितिसम्म सम्पन्न हुन नसकेका आयोजना हुनुपर्ने ।

(ख) यस अन्तर्गत ऊर्जा उत्पादन परीक्षण कार्य सम्पन्न नभएका आयोजनाहरू हुनु पर्नेछ ।

(ग) प्राकृतिक प्रकोपले क्षति गरेका आयोजनाहरू अनुदानका लागि योग्य हुनेछन् ।

(घ) उपभोक्ता समितिले गरेको कामको लागत पुनरावलोकन गर्न सकिनेछ तर जडानकर्ता वा ठेकेदार कम्पनीलाई पहिल्यै ठेक्का दिइसकेका काममा भने पुनरावलोकन हुने छैन ।

(ङ) केन्द्रले सडक मार्गबाट लैजान नसकिने र हवाई मार्गबाट आयोजना स्थलसम्म गरिएको ढुवानीको सुनिश्चित गर्नु पर्नेछ ।

१०.२ खरिद र आवश्यक कागजात : यस अन्तरगतको खरिद सम्वन्धी कार्य देहाय बमोजिम हुनेछ :-

(क) निवेदकले केन्द्र वा बाह्य पहुँच केन्द्र मार्फत औपचारिक निवेदन दिनु पर्नेछ ।

(ख) सम्पन्न भएको कामको मूल्याङ्कन र बाँकी कामको लागत अनुमान पुनरावलोकन केन्द्र, बाह्य पहुँचकेन्द्र वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ । मूल्याङ्कनकर्ताले त्यस्ता आयोजनाको सार्वजनिक लेखापरीक्षण भएको सुनिश्चितता गर्नुपर्नेछ ।

(ग) आयोजनाको लागि जि.बि.स.बाट सिफारिस भएको हुनु पर्नेछ ।

(घ) आयोजना प्राविधिक मूल्याङ्कन समितिबाट सिफारिस हुनु पर्नेछ ।

(ङ) आयोजना केन्द्रको आयोजना स्वीकृति समितिबाट स्वीकृत भएको हुनु पर्नेछ ।

१०.३ **भुक्तानीको तालिका** : यस कायक्रम अन्तरगतको भुक्तानी तालिका देहाय बमोजिमको हुनेछ :-

| क्र.सं. | विवरण | किस्ता | कार्य प्रगतिको चरण |
|---|---|---|---|
| १ | प्रथम किस्ता | पचास प्रतिशत सम्म | केन्द्रको स्वीकृति तथा अनुगमन समितिको स्वीकृति पश्चात |
| २ | दोस्रो किस्ता | बाँकी पचास प्रतिशत | ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न भएपछि र केन्द्रको स्वीकृति तथा अनुगमन समितिको स्वीकृति पश्चात |

माथि दफा १०.१ मा उल्लेख गरे बमोजिम केन्द्रले ढुवानी सुनिश्चित गरेको खण्डमा ढुवानी खर्च स्वीकृत थप अनुदान रकमबाट घटाइनेछ ।

१०.४ सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरूको व्यवस्थापन : आर्थिक र प्राविधिक कारणले अनुदान स्वीकृत भएको मितिले तीन वर्षसम्म सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरुको व्यवस्थापन केन्द्रबाट देहाय बमोजिम गरिनेछ :

| क्र.सं. | सम्पन्न हुन नसक्नुको कारण | व्यवस्थापन गर्ने उपाय |
|---|---|---|
| १. | ऊर्जा उत्पादन प्रमाणीकरण गरिएको तर पुरा नभएको । | केन्द्रले ऊर्जा उत्पादन प्रमाणीकरण प्रतिवेदन बमोजिम उत्पादित विद्युतको क्षमताको आधारमा अनुदानको भुक्तानी गर्नेछ । |
| २. | ऊर्जा उत्पादन परीक्षण तथा प्रमाणीकरण भैसकेका आयोजनाहरूको प्राकृतिक प्रकोपबाट क्षति भएको । | केन्द्रले ऊर्जाउत्पादन परीक्षण तथा हस्तान्तरण वा प्रमाणीकरण प्रतिवेदनको आधार मानी उत्पादित विद्युत क्षमताको आधारमा अनुदान भुक्तानी गर्नेछ । |
| ३. | जडानकर्ता वा ठेकेदार पक्षबाट काम सम्पन्न भै राष्ट्रिय प्रसारण लाइन पुगेको कारण रोकावट आएकोमा । | केन्द्रवाट राष्ट्रिय प्रसारण लाईनमा जडान गर्न सहयोग गरिनेछ । सो कार्य गर्न नसकेको अवस्थामा केन्द्रको छनौटमा प्रमाणीकरण समूह परिचालन गराई प्राप्त प्रतिवेदनको आधारमा सम्पन्न कामको मूल्यांकन गरी अनुदान फर फारक गरिनेछ । |
| ४. | सबै उपकरण जडान तथा परीक्षण गरिएको तर उपभोक्ता/ निमार्णकर्ताको लापरवाहीको कारणले कम बहाबका कारण पूर्ण उत्पादन नभएको । | निमार्णकर्ताको लापरवाहीले गर्दा कम वहाब भएको पाइएमा देहाय बमोजिमको आयोजनाको अनुदान फरक फरक गर्नेछ ।<br>• केन्द्रले सम्वन्धित उपभोक्ता समिति निमार्णकर्ता/ठेकेदार, सेवा केन्द्रका प्रतिनिधि र केन्द्रका प्राविधिक सम्मिलित टोली मार्फत कम वहाबको कारण बुझि सोको प्रमाणीकरण गर्नेछ र ईलेक्ट्रो मेकानिकल उपकरणहरूको कार्य क्षमता तथा गुणस्तर, विद्युत उत्पादन तथा घरधुरी जडानको अवस्था बुझ्नेछ । |

| | | |
|---|---|---|
| | | • केन्द्रको मापदण्ड बमोजिमको दक्षता तथा गुणस्तर भएको पाइएमा अनुदान नीतिको अधिनमा रही अनुदान रकम भुक्तानी गरिनेछ । |
| ५. | निर्माण संरचना र पानीको वहाब डिजाईन अनुसार नै भएको तर उपकरणमा समस्या उत्पन्न भएको ( पेनस्टकको गलत नाप, टर्वाईन, जेनेरेटर, टेलरेश वा कम्पनीको कमसल काम भएको ) | यस अन्तरगतका आयोजनाहरूको देहाय बमोजिम फरक फारक हुनेछ :- <br>• केन्द्रले सम्वन्धित उपभोक्ता समिति निमार्णकर्ता/ठेकेदार, सेवा केन्द्रका प्रतिनिधि र केन्द्रका प्राविधिक सम्मिलित टोलीले ऊर्जा आपूर्ति कमी हुनुको कारण परिक्षण तथा प्रमाणित गर्नेछ । <br>• टोलीबाट ईलेक्ट्रो मेकानिकल उपकरणहरूको कार्य क्षमता तथा गुणस्तर, विद्युत उत्पादन तथा घरधुरी जडानको प्रमाणीकरण गरी अनुदान नीतिको अधिनमा रही अनुदान रकम भुक्तानी गरिनेछ । |
| ६. | निर्माणकर्ताले उपकरणहरू कम्पनीबाट नलिएको वा केही वा पुरा उपकरणहरू निर्माण स्थलमा पहिल्यै पुगेको तर उपभोक्ता समितिले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा त्याग गरेको । | आयोजना निम्न अनुसार फरफारक हुनेछ । <br>• स्वतन्त्र रुपले आयोजनाको अध्ययन गर्ने । <br>• पुन:प्रयोगमा आउन सक्ने र नसक्ने सामानहरूलाई छुट्याई संख्याङ्कन र मूल्याङ्कन गर्ने । <br>• सोको आधारमा पुन: प्रयोग हुन नसक्ने मालसामानहरुको लागि अनुदान नीतिको अधिनमा रही रकम उपलव्ध गराइनेछ । |
| ७. | निमार्णकर्ता/उपभोक्ता र जडानकर्ता बीच सम्झौता भएपनि उपभोक्ताको गरिबीको कारण आयोजनाको आर्थिक कारोबार पूर्ण रुपमा सम्पन्न नभएको । | • यस्तो अवस्थामा बाँकी रहेको वास्तविक रकम पत्ता लगाउन आयोजनाको लेखा परीक्षण (प्राविधिक र आर्थिक) र सार्वजनिक लेखा परीक्षण गरिनेछ । <br>• अनुदान नीतिको अधिनमा रहि अनुदान रकम प्रदान गरिनेछ । |
| ८ | दैवि प्रकोप जस्तै भुकम्प, बाढी पहिरो आदीबाट निर्माणधिन अवस्थामै पुर्ण वा आंशिक क्षतिग्रस्त आयोजनाहरु | • यस्तो अवस्थामा स्वतन्त्र रुपले आयोजनाको अध्ययन गरि वास्तविक क्षति पत्ता लगाउन आयोजनाको मुल्यङ्कन गरिनेछ । <br>• मुल्यङ्कन गरी अनुसारको वास्तवित क्षतिको रकम अनुदान नीतिको अधिनमा रही उपलव्ध गराइनेछ । |

११. विद्युत जडित घरधुरीको शक्ति उत्पादन तथा प्रमाणीकरण

क) पिको जलविद्युत र सुधारिएको पानी घट्टबाट विद्युतीकरण आयोजना : ऊर्जा उत्पादन कबुल गरेको क्षमतामा दश प्रतिशतमा घटबढ नहुने गरी उत्पादन गरेको हुनु पर्नेछ। उत्पादित विद्युत ऊर्जा तथा घरधुरी संख्याको प्रमाणीकरण केन्द्रको लघु, साना जलविद्युत आयोजनाको ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण निर्देशिका अनुरुप गरिनेछ । जडित क्षमता स्वीकृत भएको उत्पादन क्षमता भन्दा कम भएको खण्डमा अन्तिम अनुदान एकाइ दरमा निर्धारण गरिनेछ । बाँकी रहेको अनुदान रकम घटाइएको अनुदान रकमबाट काटेर बाँकी किस्तामा दिइनेछ ।

ख) साना तथा लघु जलविद्युत आयोजना : बीस किलोवाट सम्मका आयोजनामा ऊर्जा उत्पादन स्वीकृत विद्युत क्षमतामा दश प्रतिशत घटबढमा कम नहुने गरी उत्पादन हुनु पर्दछ भने बीस देखि एकसय किलोवाटसम्मका आयोजनाका लागि पाँच प्रतिशत र सय किलोवाट माथिका आयोजनाका लागि तीन प्रतिशत घटबढमा कम नहुने गरी उत्पादन गरेको हुनु पर्नेछ । उत्पादित ऊर्जा तथा घरधुरी संख्याको प्रमाणीकरण केन्द्रको साना तथा लघु जलविद्युत आयोजनाको ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण निर्देशिका अनुरुप गरिनेछ ।

१२. प्रत्याभूति अवधि

जडानकर्ता/ठेकेदार पक्षबाट मेकानिकल तथा इलेक्ट्रीकल उपकरणहरूमा एक वर्ष प्रत्याभूति दिनु पर्नेछ। जडानकर्ता/ठेकेदारले दिएको प्रत्याभूति समयको अवधिमा कम्तीमा एक पटक नियमित जाँच गर्नु पर्नेछ र आयोजना निर्माणकर्तालाई सञ्चालन तथा व्यवस्थापनको सुधारको लागि सुझाव दिनुपर्नेछ ।

१३. सञ्चालन तथा मर्मत अवधि

ठेकेदार/जडानकर्ता वा आपूर्तिकर्ताले आयोजनासँग सम्बन्धित व्यक्तिहरू (व्यवस्थापक, सञ्चालक, इलेक्टिसियन वा अन्य) लाई काममा प्रशिक्षण दिई एउटा राम्रो सञ्चालन तथा मर्मत गर्न सक्षम संयन्त्र निर्माण गर्नु पर्नेछ । ठेकेदारले एक वर्षसम्म आयोजना सञ्चालन तथा मर्मतको लागि चाहिने सम्पूर्ण व्यक्ति, उपकरण तथा सामग्रीहरू प्रदान गर्नु पर्नेछ । यस किसिमको प्रावधान सम्झौतापत्रमा नै उल्लेख गर्नु पर्नेछ । सञ्चालन र मर्मत अवधि पछि निर्माणकर्ताले बाह्य श्रोतबाट ऊर्जा सेवा कम्पनी (ESCO) मोडेल बमोजिम सञ्चालन र मर्मत कार्य गर्न सक्नेछ ।

१४. अनुगमन तथा मूल्याङ्कन :

यस कार्यक्रम अन्तरगतको अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट आफ्नो सेवा केन्द्र, स्थानीय निकाय वा तेस्रो पक्षको रुपमा रहेका परामर्शदाता मार्फत् जडित आयोजनाहरूको शत प्रतिशत अनुगमन गराइनेछ ।

ख) केन्द्रबाट तोकिएका स्वतन्त्र परामर्शदाताद्वारा प्रत्येक दुई वर्षमा आयोजनाको प्रभाव मूल्याङ्कन र उपभोक्ताको सन्तुष्टि सम्बन्धी अध्ययन गराइनेछ ।

ग) आयोजना निर्माणकर्ताले आयोजनाको निर्माण कार्य सुरु गर्नु अघि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई सम्पन्न भएपछि सार्वजनिक र आर्थिक लेखा परीक्षण गरी सोको अन्तिम प्रतिवेदन केन्द्रमा पठाउनु पर्नेछ ।

१५) दण्ड र जरिवाना

यस कार्यक्रम अन्तरगतको दण्ड सजाय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरणको क्रममा ऊर्जा उत्पादन कबुल गरेको सीमा भन्दा कम भएमा (बीस किलोवाट क्षमता सम्मका लागि दश प्रतिशत घटबढ, बीस किलोवाट देखि एकसय किलोवाट क्षमता सम्मका लागि पाँच प्रतिशतले घटबढ र एकसय किलोवाट क्षमता भन्दा माथिका लागि तीन प्रतिशत सम्म घटबढ) केन्द्रले स्वीकृत गरेको अन्तिम अनुदान अनुसार घटेको किलोवाट उत्पादनका आधारमा अनुदान रकममा कटौती गरि बाँकी रहेको दोस्रो र तेस्रो किस्तामा मिलान गरी निमार्णकता वा आपूर्तिकर्ता कम्पनीलाई स्वीकृत प्रति किलोवाट अन्तिम इकाई दरमा अनुदानको रकम उपलव्ध गराइनेछ । यो कार्यविधि लागु हुँदाको वखत फरफारक गर्न बाँकी रहेका आयोजनाहरुको हकमा समेत यसै खण्ड अनुसारको प्रावधान लागु हुनेछ ।

ख) सम्बन्धित जडानकर्ता वा आपूर्तिकर्ताले घटेको रकमको क्षतिपूर्ति तिर्नुपर्ने अनुदानबाट चालु वा अन्य आयोजनाहरूबाट मिलाईनेछ ।

ग) प्रत्याभूति अवधिको समाप्ति पछि समस्या देखिएमा सम्बन्धित उपकरण निर्माणकर्ता र जडानकर्ताले मर्मत तथा उपकरणको प्रतिस्थापन निर्माणकर्तासँगको सहकार्यमा सस्तो मूल्यमा गर्न सक्नेछ ।

घ) प्रत्याभूति अवधिमा निर्माणमा कुनै समस्या देखिएमा वा जडान गरिएको प्रणाली (ईलेक्ट्रीकल तथा मेकानिकल) मा सुधार गर्नुपर्ने भएमा सम्बन्धित उपकरण निर्माणकर्ता र जडानकर्तालाई सूचना दिनु पर्नेछ । सम्बन्धित उपकरण निर्माणकर्ता र जडानकर्ताले निर्माणकर्तालाई असर नपर्ने गरी मर्मत वा प्रतिस्थापन गर्नु पर्नेछ । उपकरण निर्माणकर्ता र जडानकर्ता कम्पनीले एक्काइस दिनभित्र प्रत्याभूतिसेवा नदिएमा निर्माणकर्तालाई क्षतिपूर्ति रकम रिटेन्सन रकमबाट उपलब्ध गराइनेछ । रिटेन्सन रकम अपुग हुन गएमा जडानकर्तालाई तिर्नुपर्ने अन्य आयोजनाको अनुदान रकमबाट उपलब्ध गराइनेछ ।

ङ) उक्त उपकरण निर्माणकर्ता र जडानकर्ताले बिक्री पछिको सेवा वा विद्युत उत्पादनमा प्रति किलोवाट उत्पादन र / वा प्रयोगकर्ता घरधुरी घटे अनुसारको अनुदान घटाउन नमानेमा दुई सय प्रतिशतको हिसाबले रिटेन्सन अनुदान रकमबाट जरिवाना रकम काटिनेछ ।

च) जरिवाना नतिरेमा वा तिर्न मन्जुर नगरेमा सम्बन्धित उपकरण निर्माणकर्तावा जडानकर्ता/आपूर्तिकर्तालाई एक वर्षको लागि काम गर्न नपाउने गरि प्रतिबन्ध लगाइनेछ। तीन पटक सम्म ताकेता गर्दा समेत नतिरेमा, सम्बन्धित उत्पादक/जडानकर्ता वा आपूर्तिकर्तालाई कालो सूची राख्ने प्रकिया अगाडि बढाइनेछ ।

छ) जरिवाना सम्बन्धी अन्य व्यवस्थाहरु खरिद ऐन तथा नियमावली र विकास साझेदारको निर्देशिका बमोजिम हुनेछ ।

जय देव जोशी
मन्त्री

अनुसूची २ :

## सुधारिएको पानी घट्ट प्रविधि (कृषिजन्य प्रशोधनको लागि)

### १.अनुदान परिचालन प्रक्रिया

१.१.व्यवसायी/सुधारिएको पानीघट्ट धनी

१.१.१ निवेदन बुझाउनु पर्ने : निवेदकले केन्द्रले तोके बमोजिमको ढाँचामा वेबसाईट उपलब्ध फारम भरी बुझाउनु पर्नेछ। निवेदनमा देहाय बमोजिमका कुराहरु उल्लेख हुनुपर्नेछ :-

क) साधारण विवरण

- नाम, ठेगाना र सम्पर्क फोन नम्बर
- नागरिकता प्रमाण पत्रको नम्बर र जारी गर्ने जिल्ला
- लिङ्ग
- विधवा/अपाङ्ग/जनजाति/दलित

ख) प्राविधिक विवरण

- प्रणालीको नाम र साइज/क्षमता
- प्रणाली कोड नं
- भौगोलिक अवस्थिति (जीपीएसकोअर्डिनेट्स) आवश्यक भएमा

ग) जडान गर्ने कम्पनीको विवरण

- कम्पनीको नाम, ठेगाना
- कम्पनीको कोड नम्बर
- सम्पर्क व्यक्तिको नाम र फोन नम्बर
- जडान गर्ने प्राविधिकको नाम
- प्राविधिकको कोड

घ) अन्य कागजातहरू : आवेदन फारमसँगै देहाय बमोजिमका अन्य कागजातहरू पनि बुझाउनु पर्नेछ :-

- व्यवसायी/सुधारिएको पानीघट्ट धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- उद्यमी र कम्पनीबीच भएको सम्झौतापत्र

१.१.२. प्रविधिहरूको आपूर्ति : प्रविधिहरुको आपूर्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) योग्यता तथा मापदण्ड पुरा भएका औजार-उपकरणहरु निर्माणकर्ता वा जडानकर्ता कम्पनीले व्यवसायी/सुधारिएको पानीघट्ट धनीको घरधुरीमा प्रविधि आपूर्ति र जडान सम्पन्न गरी धनीको तर्फबाट अनुदान रकमको दावी गर्नु पर्नेछ।

(ख) सुधारिएको पानीघट्ट सम्बन्धी औजार उपकरण निर्माणकर्ता/जडानकर्ता कम्पनीको योग्यताका आधारहरू देहाय बमोजिम रहनेछ :

| आधारहरू | प्रमाणको लागि आवश्यक कागजात |
|---|---|
| नेपाल सरकारमा दर्ता भएको औजार निर्माण/आपूर्ति कम्पनी | • कम्पनी दर्ता प्रमाणपत्र ।<br>• प्यान वा भ्याटमा दर्ता भएको प्रमाणपत्र ।<br>• निवेदन दिनु भन्दा अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन ।<br>• निवेदन दिनु भन्दा अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र ।<br>• आर्थिक स्थिति देखिने किसिमको बैंकको विवरण ।<br>• सयुक्त सम्झौता तथा प्यान/भ्याट दर्ता प्रमाणपत्र । (आवश्यकता अनुसार)<br>• कर्मचारीको विवरण र हस्ताक्षर गरिएको वैयक्तिक विवरण<br>• कम्पनीको विवरण तथा सोको सञ्चालकको जानकारी । |

१.१.३. <u>अनुदान दाबी र भुक्तानी :</u> अनुदानको दावी र भुक्तानी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) उपभोक्ताको तर्फबाट औजार-उपकरण निर्माणकर्ता/जडानकर्ता कम्पनीले केन्द्रले तोकेको ढाँचामा अनुदान निवेदन फारम भरि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी फारम बुझाउनु पर्नेछ ।

(ख) सम्पूर्ण कागजात तथा फोटोहरु अनुदान निवेदन फारममा टाँसी गरी बुझाउनु पर्नेछ ।

(घ) अनुदान निवेदन फारम भरी बुझाई सकेपछि मात्र अनुदान रकम भुक्तानी गरिनेछ ।

१.१.४ <u>अनुगमन तथा मूल्याङ्कन :</u> केन्द्र आफैले वा स्वतन्त्र परामर्शदाताद्वारा कम्तीमा दश प्रतिशत जडित प्रणालीमा स्थलगत अनुगमन गर्नु पर्नेछ । यसरी गरिएको अनुगमनमा सुधारिएको पानीघट्टले सन्तोषजनक रुपमा काम गरेको पाइएमा केन्द्रले निर्माणकर्तालाई अनुदान भुक्तानी गर्न कोषमा सिफारिस गर्नेछ । कम्पनीको कार्य सम्पादनको मूल्याङ्कन स्थलगत अनुगमन गरेर प्राप्त हुन आएका तथ्याङ्क तथा विवरणको आधारमा गरिनेछ । केन्द्र र कोषले नियमित अनुगमन तथा निरीक्षण गर्ने कार्य उपभोक्ताको असन्तुष्टि वा प्रतिवेदनको आधारमा गर्न सक्नेछ ।

जय देव जोशी
मन्त्री

१.१.५ <u>दण्ड र जरिवाना</u> : अनुगमनको क्रममा जडित सुधारिएको पानीघट्टको सम्वन्धमा कुनै किसिमको खराबी देखिएमा वा सुधार गर्नुपर्ने अवस्था देखिएमा व्यवसायी/सुधारिएको पानी घट्टधनी र जडानकर्तालाई सुधारको लागि जानकारी गराउनु पर्नेछ । अनुगमन गर्दा फरकपन पर्न गएमा जडानकर्ता कम्पनीलाई देहाय बमोजिम जरिवाना गरिनेछ :-

| क्र.सं. | मुद्धाका विवरणहरू | जरिवाना (अनुदानको प्रतिशत) |
|---|---|---|
| (क) | साधारण | |
| १. | जडान बिना अनुदानको दाबी गरिएको पाइएमा (व्यवसायी/सुधारिएको पानी घट्ट धनी भेटिएको तर जडान नभएको) | ३००% |
| २. | व्यवसायी/सुधारिएको पानीघट्ट धनी नभेटिएको वा पत्ता नलागेको वा दिइएको ठेगानमा नभेटिएको | १००% |
| ३. | एकै व्यवसायी/सुधारिएको पानीघट्ट धनीको लागि दुई पटक अनुदान दाबी गरिएको | ३००% |
| ४ | अन्य संस्थाको पूर्ण आर्थिक सहयोगमा निर्माण भएको सुधारिएको पानी घट्टको लागि अनुदान दाबी गरिएको | २००% |
| ५ | सुधारिएको पानीघट्ट फरक व्यवसायी/सुधारिएको पानी घट्ट धनीको मा जडान भएको | १००% |
| ६. | सुधारिएको पानी घट्टको अनुदान निवेदन फारममा उल्लेखित कोड मानीमा खोपिदिएको पहिचान नम्बरसँग नमिलेको | ५०% |
| ७ | जडानकर्ता कम्पनीले जडानमा तथा मेकानिकल भागमा भएको खराबीमा बिक्री पछिको सेवा उपलब्ध नगराएको | ५०% |
| ख) | स्पेशिफिकेशनमा हेरफेर | |
| १. | सुधारिएको पानी घट्टको डिजाइनमा केन्द्रद्वारा निर्धारित मापदण्ड/निर्देशिका भन्दा फरक परी सुधारिएको पानी घट्टको कार्य सम्पादन र कार्यक्षमतामा कमी आएमा (केन्द्रबाट स्वीकृति नलिई हेरफेर गरेमा) | १००% |
| २. | कार्य सम्पादन र कार्यक्षमतामा महत्वपूर्ण परिवर्तन नदेखिई केही फरक आएमा ( केन्द्रबाट स्वीकृति नलिई हेरफेर गरेमा) | ५% |

## अनुसूची ३

## सौर्य ऊर्जा (विद्युतिकरण नभएको ठाउँको लागि)

१. <u>विद्युतीकरण नभएको ठाँउ</u> : सौय ऊर्जा अन्तर्गत अनुदान प्राप्त गर्नको लागि विद्युतीकरण नभएको ठाँउ भन्नाले देहाय बमोजिमका स्थानहरुलाई जनाउनेछ :-

क) घरधुरी वा संस्थामा कुनै पनि किसिमको विद्युत प्रसारण सेवा नपुगेको,

(ख) कुनै वडामा आंशिक विद्युत प्रसारण सेवा पुगेको तर सम्बन्धित घरधुरी वा संस्थामा विद्युत जडान नभएको स्थान भएकोमा सम्बन्धित स्थानीय निकायको सिफारिस आवश्यक पर्नेछ ।

ख) पानीको श्रोत कुनै पनि किसिमको विद्युत वितरण सेवाबाट ३०० मिटर भन्दा टाढा रहेका स्थान जुन विषय विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रमाणिकरण भएको हुनु पर्नेछ ।

२. <u>सौर्य ऊर्जा प्राविधिक मल्याङ्कन समिति</u> : सौर्य ऊर्जा प्राविधिक मुल्याङ्कन समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् :-

| | |
|---|---|
| क) सौर्य शाखा प्रमुख, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | – सयोजक |
| ख) प्रतिनिधि, प्राज्ञिक संस्थाहरू | – सदस्य |
| ग) प्रतिनिधि, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र | – सदस्य |
| घ) प्रतिनिधि वित्तीय संस्थाहरू | – सदस्य |
| ङ) सौर्य प्रविधिका प्राविधिक विज्ञ | – सदस्य |
| च) अधिकृत सौर्य शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | – सदस्य सचिव |

### ३. साना घरेलु तथा घरेलु सौर्य ऊर्जा प्रणाली

३.१ <u>अनुदान परिचालन प्रक्रिया :</u> साना घरेलु तथा घरेलु सौर्य ऊर्जा प्रणाली अन्तर्गतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) कम्पनीहरूले केन्द्रको मापदण्ड अनुसार मागको सिर्जना गरी घरेलु सौर्य ऊर्जाको जडान गर्नुपर्नेछ ।

ख) कम्पनीहरूले घरेलु सौर्य विद्युत प्रणाली अन्तर्गतको अनुदानको लागि निर्धारित अनुदान आवेदन फारम भरी आवश्यक कागजातहरु समेत संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

ग) कम्पनीहरुले आवेदन फारमसाथ सौर्य विद्युत प्रणाली धनीको नागरिकताको फोटोकपी, प्राविधिक तथा प्रणाली सहित घर र घरधनीको एकल वा संयुक्त फोटो (घरको साथमा), प्रणाली धनी स्वयं उपस्थित हुन नसक्ने अवस्थामा परिवारको अन्य सदस्यको फोटो तथा यस्तो अवस्थामा मुचुल्का उठाई नाता प्रमाणित गराई सोको कागजातहरु संलग्न गरी पेश गर्नु पर्नेछ ।

घ) अनुदान आवेदन फारम प्राप्त भएपछि केन्द्रले त्यसको मुल्याङ्कन गर्नेछ र अनुदान प्रसोधन प्रकृया अनुरूप भएमा केन्द्रले कोषलाइ पन्चानब्बे प्रतिशत (९५%) अनुदान रकम भुक्तानीको लागी सिफारिस गर्नेछ । आवेदन फारम प्राप्त भएको तीस दिनभित्र केन्द्रले सम्पुर्ण प्रक्रिया पुरा गर्नुपर्नेछ ।

ङ) कोषबाट थप परीक्षण तथा मूल्याङ्कन गर्दा अनुदान परिचालन कार्यविधि अनुसार भएको पाइएमा पन्चानब्बे प्रतिशत अनुदान रकम सम्बन्धित कम्पनीलाई पन्ध्र दिन भित्र भुक्तानी गरिनेछ ।

च) बिक्री पछिको एक वर्ष नि:शुल्क सेवाको जिम्मेवारी जडान गर्ने कम्पनीमा रहनेछ । केन्द्रले दिएको टोल फ्रि नम्बरमा उपभोक्ताले बिक्री पछिको सेवाको गुनासो टिपाउन सक्नेछन् । सो नम्बरमा आएको जानकारी केन्द्रले सम्बन्धित कम्पनीलाई गराउनु पर्नेछ । केन्द्रले जानकारी गराएको दश दिनभित्र सम्बन्धित कम्पनीले उपभोक्ताहरुलाई आवश्यक सेवा प्रदान गर्नु पर्नेछ । सम्बन्धित कम्पनीले आफुले प्राप्त गरेको जानकारी अनुसार सेवा प्रदान नगरेमा वा ढिला सेवा प्रदान गरेकोमा अनुगमन मापदण्ड बमोजिम केन्द्रले कारबाही गर्न सक्नेछ । विक्रि पछिको एक वर्षको अवधिमा कुनै पनि गुनासो नआएमा धरौटी बापतको रकम स्वत: फुकुवा गरिनेछ ।

छ) यस कार्यविधि बमोजिम प्रणालीमा प्रयोग हुने उपकरण तथा सामाग्रीहरुको वारेण्टी तथा ग्यारेण्टी नेपाल सौर्य विद्युत गुणस्तर (NEPQA) अनुसार हुनेछ ।

ज) सौर्य ऊर्जामा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमबाट कट्टा गरी कोषको छुट्टै खातामा जम्मा गरी ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

झ) उपभोक्ताहरुले आफ्नो आवश्यकता अनुसार कम्तीमा पाँचवर्ष अगाडि साना घरेलु सौर्य प्रणाली वा घरेलु सौर्य प्रणालीको प्रयोग गरिरहेको र हाल आवश्यकता बृद्धि भई ठूला किसिमका घरेलु सौर्य प्रणाली (असी वाटपिक वा सोभन्दा ठूला) प्रणाली राख्न चाहेमा अनुदान नीतिको अधिनमा रही अनुदान रकम उपलब्ध हुनेछ ।

ञ ) एकमुष्ट रुपमा कुनै निश्चित स्थान वा क्षेत्रमा धेरै सङ्ख्याहरुमा साना घरेलु सौर्य प्रणाली वा घरेलु सौर्य प्रणालीहरूको प्रवर्द्धन गर्दा खरिद ऐन तथा नियमावाली वा घटाघटबाट खरिद विधि मार्फत् प्रतिस्पर्धी कम्पनी छनोट गरिनेछ । प्रतिस्पर्धी कम्पनीहरूको योग्यता सूचकहरू बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

४. <u>संस्थागत सौर्य विद्युत तथा सौर्य खानेपानी प्रणाली</u> : संस्थागत सौर्य विद्युत प्रणाली अन्तरगत सौर्य विद्युत प्रणाली सेट, ल्यापटप, कम्प्युटर तथा शैक्षिक सफ्टवेयर, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, फ्याक्स, इन्टरनेटको लागि प्रयोग हुने उपकरणहरु, प्रोजेक्टर, भ्याक्सिन राख्ने फ्रिज आदि समावेश हुनेछन् । त्यस्तै समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने सौर्य खानेपानी प्रणाली अन्तर्गत इलेक्ट्रो–मेकानिकल उपकरणहरु जस्तै सौर्य प्रणाली, पानी तान्ने मोटर, मुहान संगको पानी ट्याङ्की, मुहान संगैको फिल्टर, पानी जम्मा गर्ने ट्याङ्की, पाईपको लाइन, वितरण ट्याङ्की एवं धाराका साथै न्यूनतम सिभिल संरचना आदि समावेश हुनेछन् ।

४.१. <u>अनुदान परिचालन प्रक्रिया</u> : संस्थागत सौर्य विद्युत तथा सौर्य खानेपानी प्रणाली अन्तर्गतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले संस्थागत सौर्य विद्युत प्रणाली तथा सौर्य खानेपानी प्रणालीको लागि आयोजना छनौटका आधारहरू तय गर्नेछ ।

ख) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै माध्यमबाट निवेदन मागको आवहान



जय ध्रुव जोशी मन्त्री

गर्नेछ ।

ग) केन्द्रले आफै वा बाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरु मार्फत आवेदन फारम जम्मा गर्नेछ ।

घ) समुदायद्वारा व्यवस्थित आयोजनाको लागि उपभोक्ताहरूले उपभोक्ता समिति गठन गरी प्रचलित नियम अनुसार दर्ता समेत गर्नु पर्नेछ ।

ङ) केन्द्रबाट स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक रुपमा प्रकाशन गरिनेछ ।

च) केन्द्रले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदाता अथवा केन्द्र आफैले सम्भाव्यता अध्ययन अगाडि बढाउनेछ । विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरिद ऐन र खरिद नियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययनको बजेटको व्यवस्था शाखाको प्राविधिक सहयोग शीर्षकबाट गरिनेछ ।

छ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समिति/संस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी शाखा केन्द्र मार्फत आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ । विस्तृत सम्भाव्यता अध्ययनको क्रममा शाखा केन्द्रबाट उपभोक्ता समिति/संस्थालाई सहजीकरण गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि सौर्य ऊर्जा प्राविधिक समितिले सो प्रतिवेदन मुल्याङ्कन गरि स्वीकृतीको लागी सिफारिस गरिनेछ । सौर्य ऊर्जा प्रविधिक समितिले सिफारिस गरेका आयोजनालाई केन्द्रबाट स्वीकृत गरिनेछ ।

ज) स्वीकृत आयोजनाको खरिद प्रक्रिया खरिद ऐन तथा खरिद नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम हुनेछ । खरिद प्रक्रिया उपभोक्ता समिति/संस्था आफै वा केन्द्र वा शाखा केन्द्रबाट गर्न सकिनेछ ।

झ) प्रतिस्पर्धी बोलपत्रदातालाई खरिद ऐन तथा नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम भुक्तानी गरिनेछ ।

ञ) आयोजनाको निर्माण पश्चात बिक्री/जडानकर्ताले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

ट) जडान सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र, शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण तथा हस्तान्तरण गरिनेछ ।

ठ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले अनुदान रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषबाट सम्झौता अनुसारको रकम बिक्रेतालाई उपलब्ध गराइनेछ ।

ड) प्रणाली जडान गरेको दुई वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी वापत धितो राखेको रकम फुकुवा गर्नेछ । उक्त अनुगमन गर्ने कार्य दुई वर्ष पछिको छ महिना भित्र गरि सक्नु पर्नेछ ।

ढ) अनुगमन कार्यको लागि केन्द्रले नयाँ प्रविधिमा आधारित रिमोट मोनिटरिङ्ग समेत प्रयोग गर्नसक्नेछ ।

जय देव जोशी
मन्त्री

५. सौर्य सिँचाइ प्रणाली

५.१. व्यक्तिगत/निजी तवरबाट सञ्चालित प्रणाली

५.१.१ **योग्यता** : व्यक्तिगत तवरबाट सञ्चालित प्रणाली अन्तरगत कृषकले आफ्नो कृषि योग्य जमिनको लालपूर्जाको छायाँकपी बुझाउनु पर्नेछ । नीजि कम्पनीको तवरबाट सञ्चालित प्रणालीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई कम्पनीको नाममा रहेको वा भाडामा लिइएका कृषि योग्य जमिन भएको हुनुपर्नेछ ।

५.१.२ अनुदान परिचालन प्रक्रिया: व्यक्तिगत/निजी तवरबाट सञ्चालित प्रणाली अन्तरगतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले सौर्य सिँचाई प्रणालीका लागि छनौटको आधार बनाउनेछ ।

ख) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसंग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा कुनै माध्यमबाट निवेदन मागको लागि आवहान गर्नेछ ।

ग) आवेदन फारम केन्द्रले आफै वा बाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरुबाट जम्मा गर्नेछ । इच्छुक निवेदकले केन्द्रको वेवसाइटमा उपलब्ध भए बमोजिमको सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

घ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

ङ) केन्द्रले आधार मूल्य सूची बनाउनेछ ।

च) केन्द्रले सूचीकृत निवेदकलाई स्वीकृति पत्र जारी गर्नेछ ।

छ) प्रकाशित सुचनामा उल्लेख भएका आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन आवेदक स्वयंले गर्नु पर्नेछ र केन्द्रले आफै वा शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता मार्फत सोको प्रमाणिकरण गर्नेछ । सौर्य ऊर्जा प्राविधिक मुल्याङ्कन समितिबाट उक्त अध्ययन प्रतिवेदन मुल्याङ्कन गरी स्वीकृतीको लागी सिफारिस गरिनेछ । केन्द्रले सिफारिस गरेका आयोजनालाई कोष मार्फत् स्वीकृत गरिनेछ ।

ज) स्वीकृत आयोजनाको जडान प्रक्रिया व्यक्तिगत वा निजी फर्म स्वयंले प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

झ) निवेदकले केन्द्रबाट मान्यताप्राप्त । सूचीकृत कम्पनीहरूबाट खरिद प्रक्रिया तथा प्रणाली जडान गर्नुपर्नेछ ।

ड) प्रतिस्पर्धी कम्पनीले केन्द्रले निर्देशन गरेको खाका बमोजिमको कार्य सम्पादन प्रतिवेदन बुझाउनु पर्नेछ । अनुदान बाहेकको रकम निवेदकले सम्बन्धित कम्पनीलाई भुक्तानी गर्नुपर्नेछ ।

ढ) केन्द्रले कार्य सम्पादन प्रतिवेदनको आधारमा तीस दिनभित्र अनुगमन समूह पठाई हस्तान्तरण र परीक्षण गर्नु पर्नेछ ।

ण) परिक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा अनुगमन समूहको सिफारिसमा नब्वे प्रतिशत अनुदान रकम प्रतिस्पर्धी कम्पनीलाई उपलब्ध गराइनेछ ।

त) प्रणाली जडान गरेको दुई वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन



जोशी

प्रतिवेदनको आधारमा बाँकी दश प्रतिसत रकम फुकुवा गर्नु पर्नेछ ।

५.२ कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणाली : यस प्रणाली अन्तरगत कृषकद्वारा व्यवस्थित सौर्य सिँचाइ आयोजना, सौर्य विद्युत प्रणाली, इलेक्ट्रो–मेकानिकल उपकरण जस्तै पानी तान्ने मोटर/पम्प, सिभिल संरचना तथा कुलो आदि पर्दछन् ।

५.२.१ योग्यता : कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणाली अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता रहेको हुनुपर्नेछ :-

(क) कृषक उपभोक्ता समितिका सम्पूर्ण सदस्यको कृषि योग्य जमिन हुनुपर्नेछ ।

(ख) कृषक उपभोक्ता समिति प्रचलित नियम बमोजिम दर्ता हुनुपर्नेछ ।

(ग) सिँचाइ गर्ने जमिनको लालपूर्जाको फोटोकपी बुझाउनु पर्नेछ ।

५.२.२ अनुदान परिचालन प्रक्रिया : कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणाली अन्तरगतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट सौर्य सिँचाइ प्रणाली छनौटको आधार बनाइनेछ ।

ख) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसंग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवदेन माग गर्नेछ ।

ग) माग आवेदन फारम केन्द्रले आफै वा बाहिरका शाखाकेन्द्र वा सम्बन्धित निकायहरु मार्फत जम्मा गर्नेछ ।

(घ) इच्छुक निवेदकले केन्द्रको निर्देशन बमोजिम केन्द्रको वेवसाइटमा उपलब्ध सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

ङ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक प्रकाशन गर्नेछ ।

च) केन्द्रले छनौट गरेका आवेदकको सूची बनाई स्वतन्त्र परामर्शदाता, केन्द्र, शाखा केन्द्रको सहयोगमा जडान स्थलको विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।

(छ) विस्तृत सम्भाव्यता अध्ययन गर्ने स्वतन्त्र परामर्शदाताको छनौट खरिद ऐन तथा खरिद नियमावली अनुसार गरिनेछ । सो विस्तृत सम्भाव्यता अध्ययनको भुक्तानी शाखाको प्राविधिक सहयोग शीर्षकबाट गरिनेछ ।

ज) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समिति/संस्थाले आयोजनाको लागी आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी शाखा केन्द्र मार्फत आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

झ) विस्तृत सम्भाव्यता अध्ययनको क्रममा शाखा केन्द्रबाट उपभोक्ता समिति/संस्थालाई सहजीकरण गरिनेछ ।

ञ) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि सौर्य ऊर्जा प्रविधिक समितिले सो प्रतिवेदन मुल्याङ्कन गरि स्वीकृतीको लागी केन्द्र समक्ष सिफारिस गर्नेछ ।

ट) सौर्य ऊर्जा प्रविधिक समितिबाट सिफारिस गरिएको आयोजनालाई कोषबाट स्वीकृत गरिनेछ ।

ठ) स्वीकृत आयोजनाको खरिद र भुक्तानी प्रक्रिया खरिद ऐन तथा खरिद नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम हुनेछ । खरिद प्रक्रिया उपभोक्ता समिति/संस्था आफै वा केन्द्र वा शाखा केन्द्रले गर्न सक्नेछन् ।

ड) आयोजनाको निर्माण पश्चात बिक्री/ जडानकर्ताले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

ढ) जडान सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र, शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

ण) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले रकमको भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषबाट सम्झौता अनुसारको रकम बिक्रेतालाई दिइनेछ ।

त) प्रणाली जडान गरेको दुई वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ । सो अनुगमन गर्ने कार्य जडान सम्पन्न भएको दुई बर्ष पछिको छ महिना भित्र गरिनेछ ।

थ) अनुगमन कार्यको लागि केन्द्रले नयाँ प्रविधिमा आधारित रिमोट मोनिटरिङ्ग समेत प्रयोग गर्नसक्नेछ ।

## ५.३ <u>विशेष उद्देश्यले स्थापना भएको कम्पनी मार्फत् कार्यान्वयन हुने प्रणाली (Special Purpose Vehicle Systems)</u>

**५.३.१ <u>योग्यता</u> :** विशेष उद्देश्यले स्थापना भएको कम्पनी मार्फत् कार्यान्वयन हुने प्रणाली अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहायका योग्यता पुरा भएको हुनु पर्नेछ :-

क) लक्षित सिँचाइ आयोजनाका कृषकको समूह प्रचलित नियमानुसार जिल्ला कृषि विकास कार्यलय वा जिल्ला विकास समितिमा दर्ता भएको हुनुपर्नेछ ।

ख) विशिष्ट उद्देश्यको प्रणाली संयुक्त रुपमा दर्ता भएका कृषक समूह तथा कृषि व्यापार सेवा प्रदायक वा निजी कम्पनीबाट बनाइनेछ ।

ग) प्रणालीको सञ्चालन तथा मर्मतको लागि केन्द्र तथा विशिष्ट उद्देश्यले स्थापित संस्था बीच सम्झौता गरिनेछ ।

५.३.२ <u>अनुदान परिचालन प्रक्रिया</u> : विशेष उद्देश्यले स्थापना भएको कम्पनी मार्फत् कार्यान्वयन हुने प्रणाली अन्तरगतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट सौर्य सिँचाइ प्रणालीको लागि छनौटको आधार बनाइनेछ ।

ख) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसंग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवेदन माग गर्नेछ ।

ग) माग आवेदन फारम केन्द्रले आफै वा बाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरु मार्फत जम्मा गर्नेछ ।

(घ) निवेदन माग बमोजिम इच्छुक विशिष्ट उद्देश्यले स्थापित संस्थाले केन्द्रको निर्देशन बमोजिम केन्द्रको वेवसाइटमा उपलब्ध सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

ङ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

च) छनौट भएका आवेदनहरूलाई ऊर्जा प्राविधिक समितिले परीक्षण गरी आयोजना स्वीकृत गर्नको लागि केन्द्र समक्ष सिफासि गर्नेछ ।

छ) केन्द्रबाट आधार मूल्य सूची बनाइनेछ ।

ज) केन्द्रले सूचीकृत विशिष्ट उद्देश्य प्रणलीहरुलाई स्वीकृति पत्र प्रदान गर्नेछ ।

ज) विशिष्ट उद्देश्य स्थापित सस्थाले प्रणालीको खरिद, जडान, सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

झ) यस्ता प्रणालीहरु निर्माणकर्ता वा विशेष उद्देश्यले स्थापना भएको कम्पनीले निर्माण गरि नियमित शुल्क लिई भाडामा समेत प्रयोग गर्नसक्नेछन् ।

ञ) केन्द्रको लागत मूल्यको आधारमा विशिष्ट उद्देश्यले स्थापित संस्थाले आयोजनाको प्राविधिक, वित्तीय तथा आर्थिक अध्ययन गर्नेछ ।

ट) कृषक समूहले आफ्नो साँवाको रकम विशिष्ट उद्देश्यले स्थापित संस्थाको खातामा राख्न सक्नेछ ।

ठ) बाँकी हुने रकम विशिष्ट उद्देश्यले स्थापित संस्थावाट उठाइनेछ र सो रकम आयोजनाको लागत मूल्यको कम्तीमा चालिस प्रतिशत हुनुपर्नेछ ।

ड) आयोजनाको निर्माण पश्चात् विशिष्ट उद्देश्यले स्थापित संस्थाले कार्य सम्पादन प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

ढ) कार्य सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र, शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

ण) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले रकमको भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषवाट सम्झौता अनुसारको रकम बिक्रेतालाई दिइनेछ ।

थ) प्रणाली जडान गरेको दुई वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ ।

द) आवश्यकता अनुसार विशिष्ट उद्देश्यले स्थापित संस्थाले आयोजना संचालन मार्फत् उठेको रकमलाई सञ्चालन, मर्मत तथा ऋण तिर्न उपयोग गर्न सक्नेछ ।

## ६ सौर्य मिनी ग्रीड

### ६.१ अनुदान परिचालन प्रक्रिया

६.१.१.<u>योग्यता मापदण्ड :</u> सौर्य मिनी ग्रीड अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ :-

क) समुदायमा कुनै पनि माध्यमबाट विद्युतीकरण नभएको ( राष्ट्रिय प्रसारण लाइन, साना लघु जलविद्युत प्रणाली) हुनुपर्नेछ ।



जय ध्रुव जोशी
सही

ख) आयोजनामा उपयोग हुने उपकरणहरू नेपाल फोटोभोल्टेक गुणस्तर (NEPQA) अनुरुप हुनुपर्नेछ र त्यस्ता उपकरण र वस्तुहरू नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा प्रमाणीकरण भएको हुनुपर्नेछ ।

ग) परियोजना निर्माणकर्ता (निजी संस्था, वा उपभोक्ता समिति) प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

घ) केन्द्रवाट उपलब्ध हुने अनुदान बाहेकको रकम व्यवस्था गर्नुपर्नेछ । यदि ऋण आवश्यक परेमा सो को स्वीकृत गरि बोलपत्रको सूचना आउनु अघि केन्द्रलाई ऋण स्वीकृति पत्र बुझाउनु पर्नेछ ।

ङ) स्थानीय स्तरले गर्ने आर्थिक सहयोगको प्रत्याभूति पत्र पनि केन्द्रमा बुझाउनु पर्नेछ ॥

च) निर्माणकर्तासंग सम्झौता गर्नु अघि अनुदान सहित शत प्रतिशत परियोजनाको वित्तीय व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

च) टी.भी.,कम्प्युटर, प्रिन्टर, फ्रिज, मोटर, पम्प लगायतका उपकरणहरूमा अनुदान प्राप्त हुने छैन ।

६.१.२ <u>परियोजना पहिचान तथा पूर्व सम्भाव्यता अध्ययन</u> : परियोजना पहिचान तथा पूर्व संभाव्यता अध्ययन सम्बन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :-

क) केन्द्रले सौर्य मिनिग्रीडको लागि परियोजना छनौटको आधार तय गर्नेछ ।

ख) केन्द्रले, शाखा केन्द्र वा सम्बन्धित निकायहरुसग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट अनुदानका लागि आवेदन माग गर्नेछ ।

ग) केन्द्रले आफै वा वाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरु मार्फत आवेदन फारम जम्मा गर्नेछ ।

घ) इच्छुक समुदाय वा संस्थाले केन्द्रको निर्देशन बमोजिम केन्द्रको वेभसाइटमा उपलब्ध सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

ङ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार व चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

च) आवश्यकता अनुसार यस अन्तरगतका परियोजनाको लागि केन्द्रबाट आधार मूल्य सूची बनाइनेछ ।

छ) केन्द्रले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदाता अथवा केन्द्र आफैले सम्भाव्यता अध्ययन अगाडि वढाउनेछ ।

ज) विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरिद ऐन र खरिद नियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था शाखाको प्राविधिक सहयोग शीर्षकबाट हुनेछ ।

झ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समिति/संस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी शाखा केन्द्र मार्फत आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

ञ) विस्तृत सम्भाव्यता अध्ययनको क्रममा शाखा केन्द्रबाट उपभोक्ता समिति/संस्थालाई सहजीकरण गरिनेछ ।

(ट) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि सौर्य ऊर्जा प्राविधिक मुल्याङ्कन समितिले सोको मुल्याङ्कन गरि स्वीकृतीको लागी केन्द्र समक्ष सिफारिस गर्नेछ । केन्द्रले सिफारिस गरेका आयोजनालाई कोषले स्वीकृत गर्नेछ ।

ठ) स्वीकृत आयोजनाको खरिद तथा भुक्तानी प्रक्रिया खरिद ऐन तथा खरिद नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम हुनेछ । खरिद प्रक्रिया उपभोक्ता समिति/संस्था आफै वा केन्द्र वा शाखा केन्द्रले बोलपत्र आह्वान गरी गर्न सक्नेछन् ।

ड) आयोजनाको निर्माण पश्चात बिक्री/जडानकर्ताले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

ढ) जडान सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र, शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परिक्षण तथा हस्तान्तरण गर्नेछ ।

ण) परिक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले रकमको भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषले सम्झौता अनुसारको रकम बिक्रेतालाई उपलब्ध गराउनेछ ।

त) अनुगमन कार्यको लागि केन्द्रले नयाँ प्रविधिमा आधारित रिमोट मोनिटरिङ्ग समेत प्रयोग गर्नसक्नेछ ।

**६.१.३ ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा अनुदानको परिचालन** : ऊर्जा खपतको आधारमा अनुदानको व्यवस्था कूल लागतको आधारमा देहाय बमोजिम हुनेछ :-

| विवरण | क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|---|
| किलोवाट घण्टा दरको प्रतिशत | ६० % | ६० % | ६० % |

क) अनुदान प्राप्त गर्नको लागी आयोजना विकासकर्ताले आयोजनाको किलोवाट घण्टा ऊर्जा विक्री सम्बन्धि पाँच वर्षे व्यवसायिक योजना, विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तथा अन्य आवश्यक कागजातहरु प्राविधिक मुल्याङ्कन समिति बाट स्वीकृत गराउनुपर्नेछ ।

ख) अनुदान भुक्तानी खपत भएको विद्युत युनिटको आधारमा पाँच वर्षसम्म अर्धबार्षिक रुपमा दिइनेछ ।

ग) अनुदानको लागि योग्य किलोवाट घण्टा ऊर्जा केन्द्र वा यसका शाखा केन्द्र वा परामर्शदाताले केन्द्रले तोकेको मापदण्ड अनुसार प्रमाणित गर्नु पर्नेछ ।

घ) केन्द्र वा स्वतन्त्र परामर्शदाताबाट आयोजना विकासकर्ताले अनुदानको लागि पेश गरेको योग्य किलोवाट घण्टा ऊर्जा प्रमाणित भएपछि केन्द्रले कोषमा अनुदान स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

ङ) आयोजनाको परीक्षण तथा हस्तान्तरण केन्द्रले निर्धारण गरेको निर्देशिका बमोजिम हुनेछ ।

च) विद्युत युनिट (किलोबाट घण्टा) को आधार केन्द्र र यसका बाह्य पहुँचकेन्द्रले निर्धारण गर्नेछन् ।

छ) किलोवाट घण्टा अनुदान आयोजनाले उत्पादन गर्न सक्ने जम्मा क्षमता (शक्ति खपत सूचक) को ५० प्रतिशतसम्म उपलब्ध गराइनेछ ।

ज) आयोजनाको निर्माणसंग सम्बन्धित सम्पूर्ण कार्यहरु जस्तै ठेकेदार छनौट, निर्माणमा प्रयोग हुने सामाग्रिहरुको गुणस्तरियता आदिको पूर्ण जिम्मेवारी आयोजना विकासकर्ता स्वयम्ले नै लिनेछ । आयोजना विकासकर्ताको अनुरोधमा आवश्यकता अनुसार केन्द्रले आयोजनाको निर्माण अवधिभर प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न सक्नेछ ।

६.१.४ **सार्वजनिक नीजि साझेदारी, सहकारी तथा नीजि स्वामित्वमा सञ्चालित सौर्य मिनिग्रीड : यस्ता आयोजनाहरुको लागत साझेदारी, निर्माण, सञ्चालन र मर्मत सम्भारको लागि केन्द्र र सम्बन्धित संस्थाहरु बीच हुने सम्झौता बमोजिम हुनेछ ।**

६.१.५ **मूल्याङ्कन** : अनुदानका लागि आवेदन गरिएका परियोजना र वितरण गरेको सौर्य ऊर्जामा आधारित भई समुदायमा रहेको सौर्य मिनी ग्रीड सेवाहरू मूल्याङ्कन गरिनेछ ।

६.१.६ **थप अनुदान** : उपभोक्ता समितिबाट लक्षित समूहले शाखा केन्द्रको माध्यमबाट थप अनुदानको लागि केन्द्रमा निवेदन पेश गर्नुपर्नेछ ।

६.२ **अनुगमन तथा मूल्याङ्कन** : केन्द्रले सौर्य मिनी ग्रीड अनुगमन तथा निरीक्षण आफ्नो शाखाकेन्द्र वा स्वतन्त्र परामर्शदाता मार्फत गर्नेछ ।

६.२.१ **प्रक्रिया अनुगमन** : केन्द्रले पूर्व सम्झौता र खरिद प्रकरणको प्रमाणीकरण गर्नेछ साथै गुणस्तर सुनिश्चित गर्न प्राविधिक गुणस्तरको प्रमाणीकरण गरिनेछ ।

६.२.२ **प्रगति अनुगमन** : परियोजनाको आन्तरिक तथा बाह्य प्रगति अनुगमन देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले बिक्री पश्चातको सेवा आफै वा शाखा केन्द्रद्वारा वा स्वतन्त्र परामर्शदाताद्वारा अनुगमन गर्नेछ ।

ख) परियोजना सम्पन्न भएपछि भुक्तानी हुनुभन्दा अघि आन्तरिक अनुगमन गरिनेछ ।

ग) प्रत्याभूतिको अवधि समाप्ति पश्चात जडान गरिएको प्रणालीको लागि नमुनाको आधारमा स्वतन्त्र परामर्शदाता वा तेस्रो पक्षद्वारा स्थलगत अनुगमन गरिनेछ ।

घ) कुनै पनि माध्यमबाट प्राप्त विशिष्ट उजुरी सम्बोधन गरिनेछ ।

६.२.३ **आयोजनाको प्रभाव अनुगमन** : परियोजना प्रभाव अनुगमन परियोजना कार्यान्वयन भएको दुई वर्षपछि प्रभाव अध्ययन वा उपभोक्ता सर्वेक्षणद्वारा गरिनेछ ।

६.३ **दण्ड तथा जरिवाना** : केन्द्र र ठेकेदार/आपूर्तिकर्ता /परामर्शदाता बीच भएको करार सम्झौता अनुसार ठेकेदारलाई दण्ड तथा जरिवाना हुनेछ ।

### ७. घरेलु सौर्य ड्रायर र कुकर

७.१ <u>अनुदान वितरण प्रक्रिया</u> : घरेलु सौर्य ड्रायर र कुकर कार्यक्रम अन्तरगत अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) कम्पनीहरूले घरेलु सोलार ड्रायर र कुकर अनुदानको लागि निर्धारित अनुदान आवेदन फारम र आवश्यक कागजातहरु संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

ख) अनुदान आवेदन फारम प्राप्त भएपछि केन्द्रले त्यसको मुल्याङ्कन गर्नेछ र अनुदान प्रसोधन प्रकृया अनुरूप भएमा केन्द्रले कोषलाइ पन्चानब्बे प्रतिशत अनुदान भुक्तानीको लागी सिफारिस गर्नेछ ।

ग) आवेदन फारम प्राप्त भएको तीस दिनभित्र केन्द्रले सम्पुर्ण प्रक्रिया पुरा गर्नुपर्नेछ ।

घ) कोषबाट थप परिक्षण तथा मूल्याङ्कन गरी अनुदान परिचालन कार्यविधि अनुसार भएको पाइएमा सम्वन्धित कम्पनीलाइ पन्चानब्बे प्रतिशत अनुदान रकम पन्ध्र दिन भित्र भुक्तानी गरिनेछ ।

ङ) बिक्री पछिको एक वर्ष निःशुल्क सेवा पुराउने जिम्मेवारी जडान गर्ने सम्बन्धित कम्पनीको हुनेछ ।

च) केन्द्रले दिएको टोल फ्रि नम्बरमा उपभोक्ताले बिक्री पछिको सेवाको गुनासो टिपाउन सक्नेछन् । सो जानकारी केन्द्रले सम्बन्धित कम्पनीलाई दिएको दश दिनभित्र सेवा प्रदान गर्नुपर्नेछ । सो बमोजिम सेवा नगरेमा अनुगमन मापदण्ड बमोजिम केन्द्रले कारबाही गर्नेछ । एक बर्षको अवधिमा कुनै पनि गुनासो नआएमा धरौटी बापतको रकम स्वतः फुकुवा गरिनेछ ।

### ८. संस्थागत सौर्य ड्रायर र कुकर

#### ८.१ <u>निजी संस्थाहरुको लागि सौर्य ड्रायर र कुकर</u>

८.१.१ <u>योग्यता</u> : संस्थागत सौर्य ड्रायर र कुकर जडानको लागि निजी कम्पनी नेपाल सरकारको नियम अनुसार दर्ता भएको हुनुपर्नेछ ।

८.१.२.<u>अनुदान वितरण प्रक्रिया</u> : संस्थागत सौर्य ड्रायर र कुकर अन्तरगतको अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट संस्थागत सौर्य ड्रायर र कुकरको लागि परियोजना छनौट मापदण्ड बनाइनेछ ।

ख) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसंग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचार पत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवेदन माग गर्नेछ ।

ग) केन्द्रले आफैं वा वाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरु मार्फत आवेदन फारम जम्मा गर्नेछ ।

घ) माग आवेदन अनुसार इच्छुक संस्थाले केन्द्रको निर्देशन बमोजिम केन्द्रको वेवसाइटमा उपलब्ध सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

ङ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।



जय देव जोशी
मन्त्री

च) छनौट गरिएका आवेदनहरू सौर्य ऊर्जा प्राविधिक मुल्याङ्कन समिति बाट मुल्याङ्कन गरिनेछ र सो पश्चात् केन्द्रले परियोजना स्वीकृत गर्नेछ ।

छ) केन्द्रबाट आधार मूल्य सूची तयार गरिनेछ ।

ज) केन्द्रबाट छनौट गरेका व्यक्तिहरू र संस्थाहरूलाई स्वीकृत पत्र जारी गरिनेछ ।

झ) छनौट भएका संस्थाले प्रतिस्पर्धी कम्पनीबाट प्रणाली खरिद तथा जडान गर्नुपर्नेछ ।

ञ) प्रतिस्पर्धी कम्पनीले केन्द्रले निर्धारण गरे अनुसारको निर्धारित ढाँचामा अन्तिम पूर्ण प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

ट) केन्द्रले अन्तिम प्रतिवेदन मुल्याङ्कन गर्नेछ र हस्तान्तरण तथा परिक्षणको लागि अनुगमन टोलीलाई पठाउनेछ ।

ठ) टोलीले दिएको हस्तान्तरण तथा परीक्षण प्रतिवेदनको आधारमा अनुदान रकमको नब्बे प्रतिशत योग्य कम्पनीलाई प्रदान गरिनेछ ।

ठ) बिक्रि पछिको प्रत्याभूतिको एक वर्षको अवधि पुरा भए पश्चात् केन्द्रले अनुगमन गर्नेछ र अनुगमन प्रतिवेदन अनुसार केन्द्रले बाँकी दश प्रतिशत रकम प्रदान गर्नेछ ।

## ८.२ सामुदायिक संस्थाहरूमा सौर्य ड्रायर र कुकर

८.२.१ <u>अनुदान वितरण प्रक्रिया:</u> संस्थागत सौर्य ड्रायर र कुकर अन्तरगत सामुदायिक स्वामित्वको व्यपार/सार्वजनिक संस्थाहरुको अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट सौर्य ड्रायर कुकरको लागि परियोजना छनौट मापदण्ड तयार गरिनेछ ।

ख)) केन्द्रले शाखा केन्द्र वा सम्बन्धित निकायहरुसग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचार पत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट अनुदानको लागि आवेदन माग गर्नेछ ।

ग) केन्द्रले आफै वा बाहिरका शाखा केन्द्र वा सम्बन्धित निकायहरु मार्फत आवेदन फारम जम्मा गर्नेछ ।

घ) माग सूचना बमोजिम इच्छुक संस्थाले केन्द्रको निर्देशन बमोजिम केन्द्रको वेवसाइटमा उपलब्ध सम्भाव्यता फारम भरी बुझाउनु पर्नेछ ।

ङ) समुदायद्वारा व्यवस्थित आयोजनाको लागि उपभोक्ताहरूले उपभोक्ता समिति गठन गरी नियमअनुसार दर्ता गर्नुपर्नेछ ।

च) केन्द्रले स्वीकत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकता अनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

छ) केन्द्रले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदाता अथवा केन्द्र आफैले सम्भाव्यता अध्ययन अगाडि बढाउनेछ ।

ज) विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरिद ऐन र खरिद नियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था शाखाको प्राविधिक सहयोग शीर्षकबाट हुनेछ ।

झ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समिति/संस्थाले आयोजनाको लागि

आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी शाखा केन्द्र मार्फत आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

ञ) विस्तृत सम्भाव्यता अध्ययनको क्रममा शाखा केन्द्रबाट उपभोक्ता समिति/संस्थालाई सहजीकरण गरिनेछ ।

ट) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि सौर्य ऊर्जा प्रविधिक समितिले सो प्रतिवेदन मुल्याङ्कन गरि स्वीकृतीको लागी केन्द्र समक्ष सिफारिस गर्नेछ ।

ठ) सौर्य ऊर्जा प्रविधिक मूल्याङ्कन समितिले सिफारिस गरेका आयोजनाहरुलाई केन्द्रबाट स्वीकृत गरिनेछ ।

ड) स्वीकृत आयोजनाको खरिद र भुक्तानी प्रक्रिया खरिद ऐन तथा खरिद नियमावली वा विकास साझेदारको खरिद निर्देशिका बमोजिम हुनेछ । खरिद प्रक्रिया उपभोक्ता समिति/संस्था आफै वा केन्द्र वा शाखा केन्द्रले बोलपत्र आह्वान गरी गर्न सक्नेछन् ।

ढ) आयोजनाको निर्माण पश्चात बिक्री/ जडानकर्ताले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

ण) जडान सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट(केन्द्र, शाखा केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परिक्षण तथा हस्तान्तरण गर्नेछ ।

त) परिक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषबाट सम्झौता अनुसारको रकम बिक्रेतालाई दिइनेछ ।

थ) प्रणाली जडान गरेको एक वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ । सो अनुगमन जडान भएको एक बर्ष पछिको छ महिना भित्र गर्नु पर्नेछ ।

## ९. भूकम्प प्रभावित क्षेत्रमा विशेष अनुदान व्यवस्था

अनुदान नीतिको दफा १५.२ र १५.३ अनुसारको भूकम्प प्रभावित क्षेत्रमा विशेष अनुदानको लागि नयाँ आयोजनाको हकमा माथि उल्लेखितका सम्पूर्ण प्रक्रिया पूरा गर्नुपर्नेछ र यसअघि अनुदान लिइसकेको तर भूकम्पबाट प्रणाली प्रभावित भई पुन अनुदान लिनु परेमा सम्बन्धित स्थानीय निकायको सिफारिस सहित आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्नुपर्नेछ ।

## १०. सौर्य ऊर्जा प्रविधिको अनुगमन

१०१ <u>घरेलु सौर्य विद्युत प्रणालीको अनुगमन</u> : सौर्य ऊर्जा प्रविधि अन्तरगत घरेलु सौर्य ऊर्जा प्रविधिको अनुगमन देहाय बमोजिम हुनेछ :-

क) अनुदान भुक्तानी भएको एक वर्षपछि जडान गरिएको सौर्य प्रणालीबाट सम्भावित रुपमा दश प्रतिशत नमुना लिई स्वतन्त्र परामर्शदाताको माध्यमबाट त्यस्ता प्रणालीको स्थलगत अनुगमन गरिनेछ । प्रणालीको नमुना सौर्य ऊर्जा व्यबस्थापन सूचना तथ्याङ्कको कम्प्युटरकृत प्रणालीबाट छानिनेछ ।

ख) स्थलगत अनुगमनबाट प्राप्त तथ्याङ्क व्यबस्थापन सूचना प्रणालीको तथ्याङ्कको आधारमा दर्ता गरी मूल्याङ्कन गरिनेछ ।

ग) बिक्री पश्चातको सेवा प्रदान नगरेमा, खराब वा न्यून गुणस्तरीय सामग्री तथा उपकरण प्रयोग गरेमा, अनुदानको दावी दुई पटक गरेमा र अन्य कुनै अनियमितता गरेमा माथि उल्लेखित तथ्याङ्कको आधारमा दण्ड जरिवाना गरिनेछ । कम्पनीको मान्यता खारेजी दण्ड र सजायको अधिकतम हक हुनेछ ।

घ) योग्य परामर्शदाताले गर्नुपर्ने स्थलगत निरीक्षण वाहेक केन्द्र र कोषले उजुरीको आधारमा नियमित रुपमा वा आवश्यकता अनुसार स्थलगत अनुगमन र परिक्षण गरिनेछ ।

ङ) नवीकरणीय ऊर्जा परिक्षण केन्द्रले सौर्य प्रणालीको प्राविधिक पक्षहरूको स्थलगत अध्ययन गर्नेछ र आवश्यक सुधारको लागि प्रतिक्रियाको रुपमा कम्पनीलाई प्रतिवेदन उपलब्ध गराउनेछ ।

च) कोष र केन्द्रबाट प्राप्त प्रतिवेदन र नियमित उजुरीको आधारमा आवश्यकता अनुसार स्थलगत अनुमन तथा निरिक्षण गरिनेछ ।

छ) सम्वन्धित सोलार कम्पनीको मूल्याङ्कन स्थलगत मूल्याङ्कनबाट प्राप्त तथ्याङ्क जानकारीको आधारमा गरिनेछ । सोको लागि देहायको कार्यसूची अनुसार लागु गरिनेछ :-

| क.सं. | घटनाको विवरण | क्षतिपूर्ति अनुदान प्रतिशतको आधारमा |
|---|---|---|
| १ | जडानबिना अनुदान दावी गरेमा (उपभोक्ता हुनु तर प्रणाली नभेटिनु) | २०० प्रतिशत |
| २. | दिएको ठेगानामा उपभोक्ता नभेटिनु | |
| ३. | सौर्य विद्युत प्रणालीका जडान पहिलो अनुगमन पश्चात गर्नु | |
| ४. | एउटै प्रणालीको लागि दोहोरो अनुदान दावी गर्नु | |
| ५. | अर्केले आर्थिक सहयोग गरेको प्रणालीको लागि अनुदान दावी गर्नु । | |
| ६ | खराव उपकरण सामग्रीको प्रयोग गर्नु । | |
| ७. | विद्युतीकरण भएको क्षेत्रमा अनुदान दावी गर्नु । | |
| ८. | अनुदान निवेदन फारममा भएअनुसारको उत्पादक सिरियल नम्बर सौर्य प्यानलमा नभेटिनु र ती सिरियल नम्बर नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले प्रमाणीकरण तथा परीक्षण नगरेका भई अनुदान दावी गर्नु । | |
| ९. | सौर्य प्यानलमा खोपेको सिरियल नम्बर नहुनु । | ५० प्रतिशत |
| १०. | उत्पादकको सिरियल नम्बर र उत्पादकको प्राविधिक विवरणको स्टिकर प्यानलमा नहुनु । | |
| ११. | अर्कै व्यक्तिको नाममा प्रणाली हुनु । | |
| १२. | एकै परिवारको नाममा दुईवटा अनुदान दावी गर्नु ( अनुदान नीति र परिचालन कार्यविधिले व्यवस्था गरेबमोजिम बाहेकका प्रणालीहरुमा) | |
| १३. | अर्कै जिल्ला वा गा. वि. स.मा प्रणाली जडान हुनु । | |
| १४. | अनुदान आवेदन फारमको जानकारी अनुसार प्यानल र ब्याट्रीमा खोपेको नम्बर नहुनु । त्यो नम्बर अरु कुनै | |

| | | |
|---|---|---|
| | नाममा दर्ता छैन भने पाँच प्रतिशत जरिवाना लाग्नेछ । तर यदि त्यो नम्बर अरु कुनै नाममा दर्ता भएको खण्डमा जडान नभएको अनुदान दाबीमा पर्नेछ । | ५ प्रतिशत |
| १५. | अन्य निकायबाट आधा आर्थिक सहयोग भएको सौर्य विद्युत प्रणाली प्रणालीमा केन्द्रबाट प्राप्त हुने सहयोगको लागि कम्पनीले सो कुरा नखुलाएको हुनु । | |
| १६. | कम्पनीले पेस गरेको चित्रमा देखाइएको घर वास्तविक घरसँग नमिल्नु । | |
| १७. | अर्कै कम्पनीको नाममा प्यानल नम्बर खोपिएको । | |
| १८. | प्रणाली बिक्री पश्चात फिर्ता हुनु, फेर्नु, हटाउनु । | ० प्रतिशत |
| १९. | अन्य घटनाक्रम स्थानान्तरण | |
| २०. | प्रणाली रहनुको प्रमाणीकरण (फरक गाविस, वडा ,गलत तथ्याङ्क, गाविस परिवर्तन ) | |
| २१. | अरु केही | |
| २२. | प्रणालीले राम्रोसँग काम नगरेको खण्डमा वा प्रत्याभूति नदिएको खण्डमा, लिखित निवेदनमा पनि जडानपछिको सेवा नदिएमा | १०० प्रतिशत |
| अनुदान निवेदन फारममा केही विचलन, गलत जानकारी पाइएमा त्यस्ता विचलन स्थितिलाई केन्द्रले विचलनको प्रक्रिया तथा गम्भिरता हेरी जरिवाना लगाउनेछ । | | |

ज) स्वतन्त्र अनुगमनमा फेला परेका मुख्य मुद्दाहरूको स्पष्टिकरणको लागि कम्पनीहरूलाई एक पटक मौका प्रदान गरिनेछ । केन्द्रको प्रतिनिधि र कम्पनीको प्रतिनिधिले संयुक्त रुपमा मुद्दा प्रमाणित गरी निष्कर्षमा पुग्ने छन् । संयुक्त प्रमाणीकरण पश्चात कम्पनीलाई दोस्रो मौका प्रदान गरिने छैन ।

<u>जरिवानाको लागि हिसाबहरू</u>

क्षतिपूर्ति ,ने.रु.मा = (भारित औसत अनुदान भुक्तानी, ने.रुमा) × (अनुदानको क्षतिपूर्ति % मा) × (अपराध, हेरफेर फेला परेका सौर्य विद्युत प्रणालीसँग सौर्य विद्युत प्रणाली नमुनाको अनुपात) × (समय अवधिमा स्वीकृत गरिएका र अनुदान जडान गरिएका सौर्य विद्युत प्रणाली को सङ्ख्याहरू)

<u>अनुगमन गर्ने परामर्श कम्पनीहरूबाट नतिजा तथा क्षतिपूर्ति :</u> योग्य परामर्श कम्पनीले प्रदान गरेको प्रतिवेदनलाई प्रमाणीकरण टोलीले गलत साबित गरेमा परामर्श कम्पनीले क्षतिपूर्ति भर्नु पर्नेछ । योग्य कम्पनीलाई क्षतिपूर्ति माग गर्न देहाय बमोजिम हिसाब गरिनेछ :-

<u>क) क्षतिपूर्ति फिर्ता लिने :</u> अनुगमन प्राविधिकहरूले नमुना भ्रमण गर्दा नमुनाहरू उपस्थित नभएको पाएमा टोलीले १०० प्रतिशत यात्रा लागत क्षतिपूर्तिका रुपमा रकम फिर्ता लिईनछ ।

<u>हिसाबहरू</u>

क्षतिपूर्ति ने रु मा = २ × गुणन यात्रा लागत ने.रु.मा

<u>ख) नमुनामा पुगेको तर गलत जानकारी प्रदान गरेको</u> : अनुगमन प्राविधिकले जानी–जानी गलत जानकारी

प्रदान गरेमा अनुगमन टोलीले यात्रा लागत सय प्रतिशतले क्षतिपूर्तिका रुपमा रकम फिर्ता लिइनेछ ।

हिसाबहरू

क्षतिपूर्ति ने.रु.मा = २× गुणन यात्रा लागत ने.रु.मा

ग) **प्रवास, पुन:स्थापित, भेट तथा बेचिएको मामला सम्बन्धी गलत जानकारी प्रदान गरेको खण्डमा** : अनुगमन प्राविधिकले प्रवास, पुन:स्थापित भेट तथा बेचिएको मामला सम्वन्धी गलत जानकारी जानी जानी प्रदान गरेको प्रमाणित भएमा अनुगमन टोलीले यात्रा लागतको १०० प्रतिशत यात्रा लागत रकम क्षतिपूर्तिका रुपमा फिर्ता गर्नुपर्ने छ ।

हिसाबहरू

क्षतिपूर्ति ने.रु.मा = २ गुणन यात्रा लागत ने.रु.मा

१०.२ संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य खानेपानी तथा सिँचाइ प्रणाली र साना प्रसारण लाइनको अनुगमन : केन्द्रले संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य खानेपानी तथा सिँचाइ प्रणाली र साना प्रसारण लाइनको अनुगमन शाखा केन्द्र तथा स्वतन्त्र परामर्शदाताको माध्यमबाट गर्नेछ । सो अनुसारको अनुगमन तीन किसिमबाट सञ्चालन गरिनेछन् ।

क) पूर्व अनुगमन : दोस्रो किस्ता भुक्तान गर्नु अघि र परियोजना समाप्तिको प्रतिवेदन पाएपछि गरिनेछ ।

ख) मुद्दा अनुरुप अनुगमन : कुनै पनि माध्यमबाट प्राप्त विशिष्ट उजुरी सम्बोधन गर्न गरिनेछ ।

ग) पछिको अनुगमन : अनुदान प्रदान गरेको दुई वर्षपछि सबै जडान गरिएको प्रणालीको अनुगमन योग्य स्वतन्त्र परामर्शदाता द्वारा गरिनेछ ।

१०.३ सौर्य तापकिय प्रणालीको अनुगमन : केन्द्रले सौर्य तापकिय प्रणालीको अनुगमन तथा निरीक्षण आफ्नो शाखा केन्द्र अथवा स्वतन्त्र परामर्शदाताद्वारा गर्नेछ । तीन किसिमको अनुगमन गरिनेछ ।

क) पूर्व अनुगमन : सामुदायिक संस्थाहरूमा परियोजना समाप्तिको प्रतिवेदन प्राप्त भएपछि दोस्रो किस्ताको भुक्तानी अघि गरिनेछ ।

ख) मुद्दा अनुरुपको अनुगमन : कुनै पनि माध्यमबाट प्राप्त उजुरीलाई विशिष्ट सम्बोधन गरिनेछ ।

ग) पछिको अनुगमन : अनुदानको वितरणको प्रदर्शन र प्रत्याभूतिको अवधि सकिएपछि जडान गरिएको घरेलु प्रणालीबाट सम्भावित तरिकाबाट कम्तीमा १० प्रतिशत नमुना र संस्थागत प्रणालीको लागि शत् प्रतिशत चयन गरिनेछ र योग्य स्वतन्त्र परामर्श संस्थाद्वारा अनुगमन गरिनेछ ।

१०.३.१ दण्ड तथा जरिवाना : दण्ड सजाय सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) स्थलगत अनुगमन तथ्याङ्कलाई व्यवस्थापन सूचना प्रणाली तथ्याङ्कमा राखी मूल्याङ्कन गरिनेछ । कम्पनीले बिक्री पश्चातको सेवा प्रदान नगरेमा वा अन्य किसिमले

अनियमितता गरेको फेला परेमा तथ्याङ्कको आधारमा दण्ड र जरिवाना गरिनेछ । दण्ड र सजायको अधिकतम हद केन्द्रको मान्यता प्राप्त कम्पनीको सूचीबाट खारेज हुनेछ ।

ख) विचलन स्तरको आधारमा नतिजा तथा जरिवाना तालिकामा देखाए अनुसार हुनेछ ।

१०.३.१.१ <u>घरेलु प्रणालीहरू</u> : केवल मुद्दा अनुरुपको अनुगमन तथा पछिको अनुगमन मात्र गरिनेछ । मुद्दा अनुरुपको अनुगमन तथा पछिको अनुगमनको विचलनका लागि दण्ड, नतिजा निम्न तालिकामा देखाए अनुसार निष्कर्षमा पुगिनेछ ।

| क.सं. | मुद्दा विवरण | क्षतिपूर्ति अनुदानको प्रतिशत अनुरुप |
|---|---|---|
| १. | जडान विना अनुदान दाबी गरेमा (उपभोक्ता हुनु तर प्रणाली नभेटिनु) | २०० प्रतिशत |
| २. | दिएको ठेगानामा उपभोक्ता नभेटिनु | |
| ३. | सौर्य तापकिय ऊर्जा प्रणाली पहिलो अनुगमन पश्चात गर्नु | |
| ४. | एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गर्नु | |
| ५. | अर्कैले आर्थिक सहयोग गरेको सौर्य तापकिय प्रणालीको अनुदान दाबी गर्नु | |
| ६. | खराब उपकरण वा सामग्रीको प्रयोग गर्नु | |
| ७. | अर्कै व्यक्तिको नाममा प्रणाली हुनु | ५० प्रतिशत |
| ८. | एकै परिवारको नाममा दुईवटा अनुदान दाबी गर्नु | |
| ९. | अर्कै जिल्ला वा गा.वि.स.मा प्रणाली जडान हुनु | |

अनुदान निवेदन फारममा केही विचलन वा गलत वा कपोकल्पित भएको जानकारी पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रक्रिया तथा गम्भिरता हेरी क्षतिपूर्ति दिइनेछ ।

### १०.३.१.२ संस्थागत सौर्य तापकिय प्रणाली

१०.३.१.२.१ <u>पुर्व अनुगमन</u> : संस्थागत सौर्य तापकिय प्रणालीको पूर्व अनुगमन सम्वन्धी व्यवस्था देहाय अनुसार हुनेछ :-

| मुद्दा | आर्थिक जरिवाना | आर्थिक कारोवार बिनाको जरिवाना |
|---|---|---|
| जडान बिनाको अनुदान दावी गरेमा,उपभोक्ता वा संस्था दिएको ठेगानामा फेला नपर्नु | १०० प्रतिशत पुरा रकमको | कम्पनीले प्रणाली जडान गर्नुपर्नेछ । केन्द्रले सूचीबाट प्रतिस्पर्धी कम्पनीलाई हटाउनेछ । |
| खराब वा अस्वीकृत परीक्षणबिना ,कम गुणस्तर तथा न्यून मापनको उपकरण सामग्री | १०० प्रतिशत अनुदान रकमको | उपकरण समाग्री परिवर्तन गर्न लिखित चेतावनी दिनु । एकभन्दा बढीमा यस्तो पाइएमा प्रतिस्पर्धी |

| | | |
|---|---|---|
| हुनु | | कम्पनीलाई केन्द्रको सुविधाबाट हटाउनु । |
| एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी हुनु | १०० प्रतिशत अनुदान रकमको | एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गरेमा प्रतिस्पर्धी कम्पनीलाई केन्द्रको सूचीबाट हटाइनेछ । |
| अनुदान निवेदन फाराममा केही विचलन ,गलत वा कपोकल्पित जानकारी पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रकिया तथा गम्भीरता हेरी क्षतिपूर्ति दिइनेछ । | | |

१०.३.१.२.२ मुद्दा अनुरुपको अनुगमन तथा पछिको अनुगमन :

| मुद्दा | आर्थिक जरिवाना | गैर आर्थिक जरिवाना |
|---|---|---|
| प्रणालीले राम्रोसँग काम नगरेमा, लिखित रुपमा जडान पछिको सेवा प्रदान नगरेमा | १० प्रतिशत अनुदान रकमको | उपकरण समाग्रीको परिवर्तनको लागि लिखित जवाफ |
| पूर्व अनुगमनमा स्वीकृत भएको प्रणालीलाई परिवर्तन गरेमा, हटाएमा वा कुनै उपकरणलाई परिवर्तन गरेमा | १० प्रतिशत अनुदान रकमको | केन्द्रको प्रतिस्पर्धी सूचीबाट नाम हटाउनु |
| अनुदान निवेदन फाराममा केही विचलन, गलत वा कपोकल्पित जानकारी पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रकिया तथा गम्भीरता हेरी क्षतिपूर्ति दिइनेछ । | | |
| स्वतन्त्र अनुगमनमा प्राप्त भएका मुद्दाहरूलाई जवाफ दिन कम्पनीले एक मौका पाउने छन् । कम्पनी तथा केन्द्रका प्रतिनिधिहरू संयुक्त रुपमा वसेर मुद्दाको प्रमाणीकरण तथा छिनोफानो गर्ने छन् । संयुक्त प्रमाणीकरण पछि दोस्रो मौका जवाफको लागि पठाउने छैन । | | |

# अनुसूची ४

## बायोग्यास

### १. ठूला बायोग्यास आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययनका लागि सहयोग

१.१ <u>संस्थागत र सामुदायिक बायोग्यास प्लान्ट</u> : बायोग्याँस प्लान्टको सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययनका लागि केन्द्रले एक आयोजनाका लागि एक पटक मात्र आर्थिक सहयोग उपलब्ध गराउने छ । एक सय घन मिटर सम्मको प्लान्टको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ भने सो भन्दा ठूला प्लान्टको हकमा विस्तृत सम्भाव्यता अध्ययन गर्नु अनिवार्य हुनेछ । केन्द्रले सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन कार्यको लागि आवश्यक लागत रकम परामर्शदातालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउनेछ । सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्ने परामर्शदाताको छनौट निर्माणकर्ता संस्था/समुदाय स्वयंले वा केन्द्र मार्फत खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ । सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन गर्ने सिलसिलामा केन्द्रले परामर्शदातालाई भुक्तानी गर्दा खरिद ऐन तथा नियमावली वा नेपाल सरकार र सम्बन्धित विकास साझेदार सँगको सम्झौता बमोजिम गरिनेछ ।

### २. प्राविधिक मूल्याङ्कन समितिको संरचना

२.१ <u>सामुदायिक तथा संस्थागत बायोग्याँस प्लान्टका लागि प्राविधिक मूल्याङ्कन समिति :</u> सामुदायिक तथा संस्थागत बायोग्यास प्लान्टका लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक मूल्याड्कन समिति रहनेछ :-

| | |
|---|---|
| क) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको बायोग्याँस शाखा प्रमुख | –संयोजक |
| ख) बायोग्याँस शाखा, वरिष्ठ प्राविधिक अधिकृत | – सदस्य |
| ग) बायोग्याँस शाखा, व्यावसायिक विकास अधिकृत | – सदस्य |
| घ) बायोग्याँस शाखा, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत | – सदस्य |
| ङ) बायोग्याँस शाखा, अधिकृत | – सदस्य सचिव |

### ३. अनुदान परिचालनको लागि मापदण्ड तथा अनुदान वितरण प्रक्रिया

३.१ <u>अनुदान परिचालन प्रक्रिया</u>

३.१.१ <u>घरेलु बायोग्यास प्लान्ट</u> : घरेलु बायोग्याँसको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) दुई देखि बाह्र घन मिटर क्षमताको बायोग्याँस प्लान्ट केन्द्रले निर्धारण गरे अनुसार कम्तीमा एक पशु भएको घरमा केन्द्रद्वारा स्वीकृत प्रविधि/मोडेल र केन्द्रद्वारा मान्यता प्राप्त कम्पनीले जडान वा निर्माण गरेको बायोग्याँस प्लान्टलाई मात्र अनुदान प्रदान गरिनेछ ।

ख) जडान गरिएको प्लान्टको उपकरणमा सम्बन्धित निर्माणकर्ता कम्पनीले एक वर्ष समय अवधिको प्रत्याभूति र सिभिल संरचनामा तीन वर्ष समय अवधिको प्रत्याभूति प्रदान गर्नु पर्नेछ ।

ग) निर्माणकर्ता कम्पनीले प्लान्ट जडान पश्चात् प्लान्ट निर्माण सम्पन्न प्रतिवेदनका साथमा अनुदान आवेदन फाराम केन्द्रलाई बुझाउनु पर्नेछ । केन्द्र समक्ष पेश हुन आएका कागजातमा आवश्यक जाँचबुझ गर्दा केन्द्रले राखेका शर्तहरू पूरा भएको खण्डमा केन्द्रले अनुदान स्वीकृति र भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ । यसरी केन्द्रले अनुदान

सिफारिस गर्दा सम्बन्धित कम्पनीबाट अनुदान आवेदन फाराम बुझेको तीस दिनभित्र गरिसक्नु पर्नेछ ।

घ) निर्माणकर्ता कम्पनीले उपभोक्तालाई प्लान्ट निर्माण गरी हस्तान्तरण गर्दा कुनै पनि क्षमताको बायोग्यॉस प्रणालीको मूल्य केन्द्रले तोकेको आधार मूल्यभन्दा बढी हुनेछैन ।

ङ) कोषले केन्द्र मार्फत् प्राप्त भएका अनुदान आवेदन फारामहरु उपर आवश्यक मूल्याङकन गर्दा अनुदानका सबै आधारहरु पूरा गरेको पाएमा त्यस्ता अनुदान आवेदन फारामहरूको शत प्रतिशत अनुदान रकम उपभोक्तालाई जडानकर्ता कम्पनी मार्फत् भुक्तानी दिनेछ ।

च) प्लान्ट निर्माण सम्पन्न पश्चात जडानकर्ता कम्पनीले केन्द्रद्वारा तयार गरिएको प्राविधिक मापदण्ड तथा निर्देशिका अनुसार कम्तीमा दुई वर्षसम्म बिक्री पश्चात्को सेवा (ASS) उपलब्ध गराउनु पर्नेछ । केन्द्रले बिक्री पश्चात् सेवाप्रदान गरेको प्रत्याभूतिको समयावधिभर अग्रिम बैंक ग्यारेण्टी वा सुरक्षण रकम निकासा गर्ने छैन ।

छ) केन्द्र वा यसका बाह्य पहुंच केन्द्र वा केन्द्रले ताकेको संस्था वा केन्द्रद्वारा छानिएका स्वतन्त्र परामर्शदाता कम्पनीले बिक्री पश्चात्का सेवाको अनुगमन गर्दा उपलब्ध नमुना संख्या लिइएको आधारमा गर्नेछ । अग्रिम बैंक प्रत्याभूति वा सुरक्षण रकम फुकुवाको लागि केन्द्रले तेस्रो पक्षीय अनुगमन प्रतिवेदनलाई आधार मानी गर्नेछ । बिक्री पश्चातको सेवा सन्तोषजनक भएको पाइएमा अग्रिम सुरक्षा रकम वा अग्रिम बैंक ग्यारेण्टी रकम केन्द्र वा कोषले फुकुवा गर्नेछ ।

ज) जडान तथा बिक्री पश्चातको सेवा प्रदान गर्ने क्रममा जडानकर्ता कम्पनीहरूले केन्द्रले तोकेको मापदण्ड बमोजिम जडान कार्य वा सेवा प्रवाहमा अन्तर आएको खण्डमा त्यस्ता कम्पनीहरूलाई क्षतिपूर्ति/जरिवाना लगाइनेछ । क्षतिपूर्ति तथा जरिवाना यस अनुसूची-४को खण्ड ३.२ मा व्यवस्था गरिए अनुसार हुनेछ ।

३.१.२ <u>संस्थागत बायोग्यॉस प्लान्ट</u> : बाह्र घन मी भन्दा ठूला क्षमताका जैविक फोहोरबाट बायोग्यॉस उत्पादन गर्ने प्लान्टले अनुदान प्राप्त गर्न निम्न अनुसारको अनुदान परिचालन कार्यविधि अनुसारको प्रकिया अपनाउनु पर्नेछ । संस्थागत बायोग्यॉस प्लान्ट भन्नाले सार्वजनिक संस्थान जस्तै: सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाहरू र सार्वजनिक निकाय लगायतका सामाजिक संघ संस्थाहरू अन्तर्गतका बायोग्यॉस प्लान्ट धनीहरू विशेषगरी स्कुल, क्याम्पस, अस्पताल, पुलिस तथा आर्मी ब्यारेक, वृद्ध वृद्धा आश्रम, अनाथालय, सांस्कृतिक सम्पदा, गुठी आदिमा जडित बायोग्यांसलाई जनाउनेछ । सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन पुरा गरेका तर प्राविधिक मुल्याङ्कन समितिले अन्तिम स्वीकृति प्रदान नगरेका आयोजनाहरू अनुदान नीति बमोजिम अनुदानको लागि योग्य हुनेछन् । अनुदान परिचालन कार्यमा केन्द्रले देहाय बमोजिमको प्रक्रिया अपनाउनेछ :-

क) खरिद ऐन र नियमावली अनुसार छनोट भएको र केन्द्रद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी कम्पनीहरूले निर्माण गरेको तथा केन्द्रले तोकेको ढाँचा र मान्यता प्राप्त डिजाइन र साइजका बायोग्यॉस प्लान्टले अनुदान प्राप्त गर्नेछन् ।

ख) बायोग्यॉस प्लान्ट निर्माण गर्न इच्छुक संस्थाले केन्द्रले तोकेको ढाँचामा आवेदन फाराम केन्द्रमा पेश गर्नुपर्नेछ । आवेदन केन्द्रको www.aepc.gov.np मा उपलब्ध अनलाईन वेब पोर्टलद्वारा पनि पठाउन सकिनेछ ।

ग) केन्द्रले प्राप्त आवेदनको मूल्याङ्कन गरि केन्द्रले तोकेको निर्देशिका बमोजिम सम्भाव्यता अध्ययन गराउन परामर्शदाता छनोट गर्न सम्बन्धित संस्थालाई पत्राचार गर्नेछ । एक सय घन मी भन्दा माथिका ठूला बायोग्यॉस प्लान्टको विस्तृत सम्भाव्यता अध्ययन छनोट गरिएको परामर्शदाताबाट विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका बमोजिम अनिवार्य रुपमा

गराउनु पर्नेछ । संस्थाले सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन गराउन खरिद ऐन र नियमावली अनुसार केन्द्रद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी परामर्शदाता चयन गर्नु पर्नेछ । सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन गर्नुपूर्व संस्था, परामर्शदाता र केन्द्र बीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

घ) सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपश्चात् प्राविधिक मुल्याङ्कन समितिले त्यस्ता प्रतिवेदनको जाँच र मूल्याङ्कन गर्नेछ । प्राविधिक मुल्याङ्कन समितिको स्वीकृति पश्चात् बायोग्याँस प्लान्ट निर्माणको चरणमा प्रवेश गर्नेछ ।

ङ) प्राविधिक मुल्याङ्कन समितिले सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गरेपश्चात सम्बन्धित संस्थालाई निर्माण कार्यको सुरुवात गर्न पत्र जारी गर्नेछ । निर्माण कम्पनीको छनौट खरिद ऐन तथा नियमावली अनुसार हुनेछ । संस्था, निर्माण कम्पनी र केन्द्र बीच निर्माण पूर्व निर्माण कार्यको लागि त्रिपक्षीय सम्झौता हुनेछ ।

च) निर्माण/जडानकर्ता कम्पनीलाई कार्य पूँजीको आवश्यक परेमा कुल अनुमानित अनुदान रकमको चालिस प्रतिशत अग्रिम बैंक ग्यारेन्टी पेश गरी पेश्कीका लागि अनुरोध गर्न सक्नेछ । सोको लागि बैंक प्रत्याभूतिसँगै अनुदान आवेदन फारम पेश गर्नु पर्नेछ । केन्द्रले कम्पनीद्वारा पेश गरिएको बैंक प्रत्याभूति र अनुदान आवेदन फारम उचित देखेमा कोषलाई सिफारिस गर्नेछ । कोषले मूल्याङ्कन पश्चात चालिस प्रतिशत अग्रिम अनुदान उपलब्ध गराउनेछ ।

३.१.३ **सामुदायिक बायोग्याँस प्लान्ट** : सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन पुरा गरेका तर प्राविधिक मुल्याङ्कन समितिले अन्तिम स्वीकृति प्रदान नगरेका आयोजनाहरू अनुदान नीति बमोजिम अनुदानको लागि योग्य हुनेछन् । सामुदायिक प्लान्टका लागि अनुदान प्राप्त गर्नका लागि निर्माणकर्ताले देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ :-

क) प्लान्ट निर्माण गर्न इच्छुक समुदायले केन्द्रमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) खरिद ऐन तथा नियमावली अनुसार छानिएको र केन्द्रद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी कम्पनीहरूले केन्द्रद्वारा स्वीकृत तथा मान्यता प्राप्त डिजाइन वा मोडेल र साइजमा निर्माण गरेको बायोग्याँस प्लान्टले अनुदान प्राप्त गर्न योग्य हुनेछन् ।

ग) प्लान्ट निर्माण गर्न ईच्छुक समुदायले प्लान्ट निर्माणको लागि आवश्यक जग्गाको व्यवस्था गर्नु पर्नेछ । सो अनुसारको जग्गा सरकारी वा सार्वजनिक स्वामित्वमा छ भने सम्बन्धित निकायको सहमति भएको पत्र आवेदन सँगै पेश गर्नु पर्नेछ ।

घ) प्लान्ट निर्माण गर्न इच्छुक समुदायले केन्द्रमा प्लान्ट निर्माण गर्न समुदाय सम्बन्धित सरकारी निकायमा नयाँ दर्ता वा नवीकरणको दर्ता प्रमाण पत्र, समुदायका सदस्यको प्लान्ट निर्माण गर्ने इच्छा सहितको हस्ताक्षरित बैठकको निर्णय सहित निवेदन पेश गर्नु पर्नेछ । आवेदनको साथमा सम्बन्धित स्थानीय निकायको सिफारिस समेत पेश गर्नुपर्नेछ । www.aepc.gov.np मा उपलब्ध वेब पोर्टलद्वारा अनलाईन आवेदन पेश गर्न सकिने छ ।

ङ) एक सय घन मी. भन्दा ठूलो आकारको प्लान्टलाई केन्द्रद्वारा स्वीकृत निर्देशिका अनुरुप अनिवार्यरुपमा विस्तृत सम्भाव्यता अध्ययन गर्नुपर्नेछ । सम्वन्धित समुदायले वा समुदायको तर्फबाट केन्द्रले परामर्शदाता छनौट गर्दा नेपाल सरकारको खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ । सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन पूर्व समिति, परामर्शदाता र केन्द्रबीच त्रिपक्षीय सम्झौता गरिनेछ ।

च) केन्द्रमा पेश गरिएका सम्भाव्यता अध्ययन/बिस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धित प्राविधिक मुल्याङ्कन समितिले मूल्याङ्कन गर्नेछ र सम्भाव्य देखेमा बायोग्याँस प्लान्ट निर्माणको लागि अनुमति प्रदान गर्नेछ ।

छ) सम्बन्धित समितिले वा समितिको तर्फबाट केन्द्रले बायोग्याँस निर्माण कम्पनी चयन गर्दा खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ । समुदाय, निर्माण/जडानकर्ता कम्पनी र केन्द्रबीच निर्माण पूर्व त्रिपक्षीय सम्झौता गरिनेछ ।

ज) छनौट गरिएको निर्माण/जडानकर्ता कम्पनीलाई कार्यपूंजीको आवश्यक परेमा कुल अनुमानित अनुदान रकमको चालिस प्रतिशत रकम अग्रिम बैंक ग्यारेन्टी पेश गरी पेश्कीका लागि आग्रह गर्न सक्नेछन् । सोको लागि कम्पनीले बैंक प्रत्याभूति सँगै अनुदान आवेदन फारम पेश गर्नु पर्नेछ । केन्द्रले कम्पनीद्वारा पेश गरिएको बैंक प्रत्याभूति र अनुदान आवेदन फारम उपर आवश्यक मूल्याङ्कन गरी कोषलाई सिफारिस गर्नेछ । कोषले मूल्याङ्कन पश्चात् कम्पनीलाई चालिस प्रतिशत अनुदानको रकम अग्रिम रुपमा भुक्तानी गर्नेछ ।

**३.२ बायोग्यास प्लान्टको परिक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन तथा जरिवाना संयन्त्र :** बायोग्यास प्लान्टको परिक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन देहाय बमोजिम हुनेछ :-

क) ठूला बायोग्यास प्लान्टको सम्पूर्ण निर्माण कार्य तथा भरण र ग्यास उत्पादन भएपछि निर्माणकर्ता कम्पनीले वा परियोजना सञ्चालकले केन्द्रलाई प्लान्टको परीक्षण तथा हस्तान्तरणको लागि अनुरोध गर्नेछ । केन्द्रले अनुरोध प्राप्त गरेको पन्ध्र दिनभित्र केन्द्र आफै वा स्वतन्त्र निरीक्षक (फर्म वा व्यक्तिगत) मार्फत् प्लान्टको परीक्षण तथा हस्तान्तरण गराउनु पर्नेछ । जुनसुकै क्षमताका ठूला बायोग्यास प्लान्ट अनुदानका लागि योग्य ठहरिन केन्द्रले जारि गरेको निर्देशिकामा उल्लेख गरिए अनुसारको प्रत्याभूत सञ्चालन क्षमता [Guarantee Performance Requirement (GPR)] अनुसार ग्याँस वा ग्याँसबाट उत्पादित विद्युत् शक्ति दुवै स्वीकृत विस्तृत सम्भाव्यता अध्ययनमा उल्लेख भए अनुसार वा केन्द्रद्वारा प्लान्ट निर्माण भन्दा अघि अन्तिम पटक उक्त क्षमतामा कुनै सशोधन स्वीकृत भएको छ भने सो क्षमता अनुसार चलेको हुनु पर्दछ । ग्यास वा विद्युतीय शक्तिको लागि तोकिएको प्रत्याभूत सञ्चालन क्षमताको परीक्षण गर्दा कूल क्षमताको कम्तीमा ८०% क्षमतामा ग्यास उत्पादन भएको अथवा विद्युत् शक्ति उत्पादन भएको प्लान्ट मात्र अनुदान प्रकियाको लागि योग्य हुनेछ । १००% भन्दा कम तर न्यूनतम प्रत्याभूत क्षमतामा चलेका प्लान्टका लागि उत्पादित ग्यास अथवा विद्युत शक्तिको आधारमा उत्पादन दरलाई उपलब्ध प्रति एकाई अनुदानका दर (Pro-rata basis) मा हिसाव गरी दिइनेछ । तर यदि प्लान्टको उत्पादन क्षमता १०० प्रतिशत भन्दा माथि भएको खण्डमा पनि १०० प्रतिशत भन्दा बढि उत्पादन अनुदानका लागि योग्य हुनेछैन । ८०% भन्दा कम उत्पादन क्षमता हुने प्लान्टलाई प्रत्याभूत उत्पादन क्षमता भेट्नका लागी परीक्षण गराउन दोस्रो मौका प्रदान गरिनेछ । पहिलो परीक्षण पश्चात यदि प्लान्ट पैत्तिस घन मिटर सम्मको छ भने चार महिना भित्र दोस्रो परीक्षण तथा हस्तान्तरणका केन्द्रलाई सम्बन्धित निर्माण कम्पनीले अनुरोध गर्नुपर्नेछ र पैत्तिस घन मिटर भन्दा माथिको लागि छ महिना भित्र गर्नुपर्नेछ । परीक्षण तथा हस्तान्तरणका अन्य प्रावधान केन्द्रद्वारा स्वीकृत परीक्षण तथा हस्तान्तरण निर्देशिका अनुसार हुनेछ । दोस्रो पटक परीक्षण गराउदा समेत न्युनतम प्रत्याभूत उत्पादन क्षमता नभएको प्लान्टको हकमा प्रत्येक घट्दो उत्पादन दरमा कूल परियोजना लागतको एक प्रतिशतका दरले तरलता क्षतिपूर्ति सम्बन्धित प्लान्ट धनि वा उपभोक्ताले तिर्नु पर्नेछ ।

ख) परिक्षण तथा हस्तान्तरण कार्य सम्पन्न गर्ने परामर्शदाता कम्पनी वा अधिकारीले परिाण सम्पन्न गरेको सात दिनभित्र केन्द्रमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदनमा आधारित भएर केन्द्रले प्राप्त अनुदान फाराम अनुसार कोषलाई ९०% वा सम्झौता बमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानीको लागि सिफारिस गर्नेछ (यदि बैंक प्रत्याभुति पेश गरि पहिलो किस्ता बापत अग्रिम ४० प्रतिशत भुक्तानि गरिएको खण्डमा दोस्रो किस्ता बापत ५० प्रतिशत वा सम्झौता बमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानीको लागि सिफारिस गर्नेछ) । कोषले सम्पूर्ण कागजात उपर जाँचबुझ गरी स्थापित प्रक्रिया बमोजिम केन्द्रद्वारा सिफारिस भई आए बमोजिमको अनुदान रकम सम्बन्धित निर्माण/संचालनकर्ता कम्पनिलाई भुक्तानी गर्नेछ ।

ग) सबै किसिमका बायोग्यास प्लान्टको अनुगमन, मूल्याङ्कन तथा जरिवाना केन्द्रद्वारा निर्धारित निर्देशिका अनुसार गरिनेछ । निर्माणकर्ता कम्पनीले प्लान्ट हस्तान्तरण गरेको मितिबाट एक वर्षभित्र बिक्री पछिको सेवा प्रदान गर्नेछ ।

घ) ठूला बायोग्यासका हकमा १००% अनुगमन गरिनेछ भने घरयासी बायोग्यासको हकमा पाँच प्रतिशत अनुगमन गरिनेछ । बिक्री पछिको सेवा प्रतिवेदन वा तेस्रो पक्षिय अनुगमन प्रतिवेदनमा बिक्री पछिको सेवा प्राप्त गरेको प्रत्याभति भएमा बांकी अनुदान रकम सम्बन्धित कम्पनीलाई भुक्तानी गर्न केन्द्रले कोषलाई सिफारिश गर्नेछ । कोषले केन्द्रको सिफारिशका आधारमा भुक्तानी गर्न बांकी धरौटी रकम सम्वन्धित कम्पनीलाई भुक्तानी गर्नेछ ।

ङ) घरयासी बायोग्यास पलन्टको हकमा जडानकर्ता कम्पनीले बिक्री पश्चात् दिएको सेवाको अनुगमन केन्द्र वा केन्द्रद्वारा तोकिएको संस्था वा केन्द्रबाट चयन भएको स्वतन्त्र परामर्शदाताले  गर्नेछ । केन्द्रले अनुगमन प्रतिवेदनको आधारमा सन्तोषजनक प्रतिवेदन प्राप्त भएको खण्डमा अग्रिम बैंक ग्यारेन्टी वा सुरक्षण रकमलाई फुकुवा गर्नेछ । जडान तथा सेवा प्रवाहमा जडानकर्ता कम्पनीले मापदण्ड वा सेवाका शर्तहरुमा विचलन गरेको पाइएमा केन्द्रले तोके अनुसारको क्षतिपूर्ति तथा जरिवाना जडानकर्ता कम्पनी मार्फत् असुल उपर गरिनेछ । क्षतिपूर्ति तथा जरिवाना यस अनुसूचीको खण्ड ३.२.१ मा व्यवस्था गरिए अनुसार हुनछ ।

### ३.२.१ दण्ड जरिवाना तथा पुरस्कार

**क) घरयासी बायोग्यास पलान्ट**

| क.सं. | बिचलनको प्रकार | दण्ड/जरिवाना |
|---|---|---|
| १. | प्लान्ट नभेटिएमा वा दोहोरो अनुदान दाबी गरेमा | अनुदान रकमको दुईसय प्रतिशत जरिवाना गर्नुकासाथै सम्बन्धित कम्पनीलाई तीन महिनासम्म बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिनेछ । एक वर्ष भित्र दुई पटक भन्दा बढी यस्ता मुद्दा प्रमाणित भएमा सम्बन्धित कम्पनीलाई सो आर्थिक वर्ष बायोग्यास निर्माण गर्नबाट बन्देज लगाउन सकिनेछ भने सो रकम सम्वन्धित प्लान्टको निर्माण गर्न प्रयोग गरिनेछ । |
| २. | निर्माणधीन वा अपूरो प्लान्ट अनुदानको लागि पेश गरेमा | अनुदान रकमको शत् प्रतिशत  जरिवाना गर्नुका साथै  अपुरो प्लन्ट पुरा गर्नु पर्नेछ । सम्बन्धित कम्पनीलाइ दुई महिनासम्म बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिनेछ, यदि एक वर्ष भित्र दुई पटक भन्दा बढी यस्ता मुद्दा प्रमाणित भएमा सम्वन्धित कम्पनीलाई सो आर्थिक वर्ष बायोग्यास निर्माण गर्नबाट बन्देज लगाउन सकिनेछ । सो रकम कोषमा |

| | | |
|---|---|---|
| | | राखि गुनासोका आधारमा पुराना प्लन्टको मर्मत सम्भारको लागि खर्च गरिनेछ । |
| ३. | कम गुणस्तरको प्लान्ट निर्माण गरेमा | प्राप्त अनुदान रकमको १०० प्रतिशत रकम केन्द्रमा फिर्ता गर्नु पर्नेछ तथा सम्बन्धित कम्पनीलाइ एक महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गरिनेछ सो रकम सम्बन्धित प्लान्टको गुणस्तर वृद्धि गर्न प्रयोग गरिनेछ । सो रकम कोषमा राखि गुनासोका आधारमा पुराना प्लन्टको मर्मत सम्भारमा खर्च गरिनेछ । |
| ४. | गलत कागजात पेश गरेमा | अनुदान रकमको ५०% साथै लिखित स्पस्टीकरण दिनुपर्नेछ, तत्पश्चात केन्द्रले सम्वन्धित कम्पनीलाइ चेतावनी पत्र जारी गर्नेछ । यदि एक वर्षमा ३ पटक सम्म यस्तो चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीलाइ बढीमा छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिनेछ । |
| ५. | गलत बिवरण पेश गरेमा | सम्वन्धित कम्पनीलाइ चेतावनी पत्र जारी गरिनेछ । तीन पटक भन्दा बढि यस्तो चेतवनी पत्र जारी भएमा बढीमा तीन महिनाको लागि सम्वन्धित कम्पनीलाई प्लान्ट निर्माण गर्नमा बन्देज गर्न सकिनेछ । |
| ६. | स्लरी खाडल* निर्माण नगरेमा | रु. १००० । प्रति प्लान्ट जरिवानाका साथै चेतावनी पत्र जारी गरिनेछ । यदि एक वर्ष भित्र तीन पटक सम्म यस्तो चेतावनी पत्र जारी भएमा त्यस्तो कम्पनीलाई बढीमा तीन महिना सम्म प्लान्ट निर्माणमा बन्देज गर्न सकिनेछ । |
| ७. | बिक्री पश्चात्को सेवा प्रदान नगरेमा | रु. १००० प्रति प्लान्ट जरिवाना रकम बैंक प्रत्याभुति वा धरौटी रकमबाट कट्टा गरी आवश्यक मर्मत तथा संभारमा लगाइनेछ । |

*स्लरी खाडल खन्ने कार्य उपभोक्ताको दायित्व भित्र रहनेछ तर निर्माणकर्ता कम्पनीले सो निर्माण पुरा गरेको प्रत्याभूति गर्नुपर्नेछ ।

ख) ठूला बायोग्यास प्लान्ट

| क्र.सं. | बिचलनको प्रकार | दण्ड/जरिवाना |
|---|---|---|
| १. | न्युनतम प्रत्याभूत उत्पादन क्षमता भन्दा कम क्षमतामा ग्यास वा विद्युत शक्ति उत्पादन भएमा | दोस्रो पटक परीक्षण गराउदा समेत न्युनतम प्रत्याभूत उत्पादन क्षमता नभएको प्लान्टको हकमा प्रत्येक घद्दो उत्पादन दरमा कूल परियोजना लागतको एक प्रतिशतका दरले तरलता क्षतिपूर्ति सम्बन्धित लाभान्वित पक्षले तिर्नुपर्नेछ साथै केन्द्रले सम्बन्धित कम्पनीलाइ चेतावनी पत्र जारी गर्नेछ । यदि एक वर्षमा तीन पटक भन्दा बढी यस्तो चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीका साथै विस्तृत सम्भाव्यता अध्ययन गर्ने परामर्शदातालाई छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माण वा परामर्श मा बन्देज गरिनेछ । |
| २. | कम गुणस्तरको प्लान्ट निर्माण गरेमा | प्राप्त अनुदान रकमको १०० प्रतिशत रकम केन्द्रमा फिर्ता गर्नु पर्नेछ तथा सम्वन्धित कम्पनीलाइ छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गरिनेछ । |
| ३. | गलत कागजात पेश गरेमा | पचास प्रतिशत अनुदान रकम केन्द्रलाई फिर्ता गर्नुका साथै लिखित स्पस्टीकरण दिनुपर्नेछ, तत्पश्चात केन्द्रले सम्बन्धित कम्पनीलाइ |



जय देव जोशी
मन्त्री

| | | |
|---|---|---|
| | | चेतावनी पत्र जारी गर्नेछ । तीन पटक सम्म यस्तो चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीलाई छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गरिनेछ । |
| ४. | गलत बिवरण पेश गरेमा | चेतावनी पत्र जारी गरिनेछ । तीन पटक भन्दा बढि यस्तो चेतवनी पत्र जारी भएमा तीन महिनाको लागि सम्बन्धित कम्पनीलाई प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ । |
| ५. | स्लरी खाडल निर्माण नगरेमा वा विस्तृत/ सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार सामाजिक तथा वातावरणीय प्रभाव न्युनिकरण उपयहरु कार्यान्वयन नगरेमा | अनुदान रकमको दश प्रतिशत प्रति प्लान्ट जरिवानाका साथै चेतावनी पत्र जारी गरिनेछ । तीन पटक सम्म चेतावनी पत्र जारी भएमा त्यस्तो कम्पनीलाई छ महिना सम्म प्लान्ट निर्माणमा बन्देज गरिनेछ । |
| ६ | बिक्री पश्चात्को सेवा प्रदान नगरेमा | कूल अनुदान रकमको पांच प्रशित रकम धरौटी (Retention money) रकमबाट कट्टा गरी आवश्यक मर्मत तथा संभारमा लगाइनेछ । |

यस क्षेत्रमा कार्य गर्ने निर्माण/जडानकर्ता कम्पनीहरूलाई केन्द्रद्वारा स्लरीको व्यवस्थापन, जडान पश्चातको सेवा, उपभोक्ताले स्लरी प्रयोग गरेको अवस्था, उपभोक्ताबाट प्राप्त गुनासो तथा मापदण्डबाट विचलन भए नभएको, तेस्रो पक्षिय अनुगमन तथा उपकरणको स्तर र गुणस्तरको आधारमा वार्षिक रुपमा मूल्याङ्कन गरिनेछ ।

सबै भन्दा उत्कृष्ट नतीजा ल्याउने पाँच कम्पनीहरूलाई सो वर्षका 'उत्कृष्ट कम्पनी' भनी सम्मानित गरिनेछ र 'उत्कृष्ट सेवा पुरस्कार' प्रमाण पत्र प्रदान गरिनेछ । साथै ती कम्पनीहरूले आगामी वर्ष प्लान्ट निर्माण गर्ने व्यावसायिक प्रस्ताव पेश गर्दा बैंक प्रत्याभूति पेश गर्नु पर्ने छैन ।

जय देव जोशी
मन्त्री

अनुसूची ५

# जैविक ऊर्जा

## १. प्रविधिहरूको स्तर निर्धारण

जैविक ऊर्जा प्रविधिहरूको स्तर निर्धारणको लागि सबै खाले सुधारिएका चुलोहरूको मोडल, ग्याँसिफायर प्रणाली आदिको छनौट गरी प्राविधिक समिक्षा समितिबाट स्वीकृत गराई केन्द्रबाट प्रकाशित गरिनेछ । जैविक ऊर्जा सम्वन्धमा सो कार्य गर्नको लागि देहाय बमोजिमको जैविक ऊर्जा प्रविधिहरुको प्राविधिक समिक्षा समिति रहनेछ :-

क) शाखा प्रमुख, जैविक ऊर्जा शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - संयोजक
ख) जैविक ऊर्जा प्राविधिक विज्ञ - सदस्य
ग) प्रतिनिधि, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र - सदस्य
घ) प्रतिनिधि, वित्तीय संस्था - सदस्य
ङ) शाखा अधिकृत, जैविक ऊर्जा शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य सचिव

## २. घरायसी खाना पकाउने चुलो (सुधारिएको फलामे चुलो, रकेट चुलो, ग्याँसिफायर चुलो)

### २.१ अनुदान वितरण प्रक्रिया

२.१.१ **योग्यताको आधार** : घरायसी खाना पकाउने चुलोको लागि अनुदान प्राप्त गर्ने योग्यताको आधार देहाय बमोजिम हुनेछ :-

क) नेपालका सबै घरधुरी अनुदानका लागि योग्य हुनेछन् ।

ख) सुधारिएको फलामे चुलो पन्ध्र सय मिटरभन्दा माथि उचाइमा रहेका घरधुरीमा मात्र प्रर्वद्धन गरिनेछ ।

ग) लक्षित उपभोक्तालाई थप अनुदान प्राप्त गर्नको लागि नेपाल सरकारबाट प्रदान गरिएको सम्वन्धित परिचय पत्र, सिफारिस जस्ता कागजात पेश गर्नु पर्नेछ ।

घ) सुधारिएको माटोको चुलो जडान गर्नको लागि स्थानीय निकायहरूबाट लक्षित घरधुरीहरूका लागि सहयोग गर्ने प्रोत्साहन गरिनेछ ।

ङ) केन्द्रबाट स्वीकृत चुलो (घरायसी, व्यावसायिक तथा संस्थागत)को समुचित प्रवर्द्धन र विस्तार गर्ने प्रोत्साहन स्वरुप चुलो बनाउने मास्टरलाई रु एकसय रुपैयाँ प्रति चुलो केन्द्रले स्वीकृत गरेको संयन्त्र मार्फत प्रदान गरिनेछ ।

२.१.२ प्रविधिहरूको परिचालन : योग्य आपूर्तिकर्ताले सम्बन्धित घरधुरिमा प्रविधिको आपूर्ति/जडान गरी उपभोक्ताको तर्फबाट तोकिएको अनुदान रकम दावी गर्न सक्नेछन् । आपूर्ति/जडानकर्ताको योग्यताको आधार देहाय बमोजिम हुनेछ :-

| योग्यताको आधार | प्रमाणका कागजातहरू |
|---|---|
| नेपाल सरकारबाट तोकिएको निकायमा दर्ता भएको | • दर्ता प्रमाणपत्र । |

| | |
|---|---|
| | • प्यान तथा भ्याट दर्ता प्रमाणपत्र ।<br>• वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिमा व्यवसाय गर्ने उद्देश्य सहितको प्रमाणित गर्ने कागजात । |
| कर चुक्ता प्रमाणपत्र | अघिल्लो आ. व.को कर चुक्ताको प्रमाणपत्र । (एक आर्थिक वर्ष कटेका आपूर्तिकर्ताका लागि मात्र) |

दक्ष प्राविधिकद्वारा फलामे चुलो जडानका लागि आपूर्तिकर्ता स्वयम् जिम्मेवार हुनु पर्नेछ । आपूर्तिकर्ताले जडान पश्चात उपभोक्तालाई अनिवार्य रुपमा चुलोको उचित प्रयोगबारे जानकारी दिनु पर्नेछ । आपूर्तिकर्ताले कम्तिमा एक वर्ष प्रत्याभूति सहित बिक्री पछिको सेवा प्रदान गर्नु पर्नेछ ।

२.१.३ **अनुदानको दाबी र भुक्तानी :** प्रविधिहरूको जडान पश्चात आपूर्तिकर्ताले केन्द्रबाट निर्धारित अनुदान फारम भरी उपभोक्ताको तर्फबाट अनुदान दावी गर्नुपर्नेछ । आपूर्तिकर्ता स्वयं अनुदान फारममा उल्लेखित विवरणहरु तथा यस सम्बन्धी कागजातहरु केन्द्रले तोकेको व्यवस्थापन सूचना प्रणाली तथ्याङ्कमा दर्ता गर्नलाई जिम्मेवार हुनु पर्नेछ । केन्द्रमा प्राप्त भएका तोकिएका सम्पुर्ण प्रावधान पुरा गरेका अनुदान फारमहरुको मूल्याङ्कन गरी केन्द्रले कोषलाई पन्चानब्बे प्रतिशत अनुदान रकम स्वीकृति र भुक्तानीको लागि कोष समक्ष सिफारिस गर्नेछ । यसरी सिफारिस गर्दा केन्द्रले सम्बन्धित कम्पनीबाट अनुदान आवेदन फाराम बुझेको मितिले तीस दिनभित्र कोषलाई सिफारिस गरि सक्नु पर्नेछ ।

२.२ **अनुगमन :** अनुगमन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) विभिन्न आपूर्तिकर्ताले आपूर्ति गरेको प्रणाली मध्ये पाँच प्रतिशत चूलोको नमुना छनौट (Random sampling) को अनुगमन तेस्रो पक्षबाट गराइनेछ र सोको प्रतिफललाई केन्द्रले तोकेको विधि अनुसार शत प्रतिशत (Extrapolate) अनुगमन गरेको बुझिनेछ ।

ख) तेस्रो पक्षबाट अनुगमनको प्रतिवेदनमा विचलन पाइएमा सोको प्रमाणीकरण केन्द्र वा यसका बाह्य शाखा केन्द्र वा तेस्रो पक्षले गर्न सक्नेछन् ।

ग) केन्द्रले अनुगमन प्रतिवेदन स्वीकृत गरे पश्चात अग्रिम जमानत रकम वा बैंक प्रत्याभूतिको रुपमा रहेको पाँच प्रतिशत फुकुवा गरिनेछ । बिक्री पछिको सेवाको प्रमाणीकरण समेत अनुगमनको कार्य क्षेत्रभित्र पर्नेछ ।

२.३ **जरिवाना :** प्रमाणीकरण पश्चात विचलनहरु पुष्टी भएमा आपूर्तिकर्तालाई देहाय बमोजिमको दण्ड जरिवाना लगाइनेछ :-

| क्र.स. | विचलनहरुको विवरण | वित्तीय जरिवाना (अनुदानको प्रतिशतमा) | वित्तीय बाहेकको जरिवाना |
|---|---|---|---|
| १. | जडान नगरी अनुदान दावी गर्नु (उपभोक्ता भेटिनु तर चुलो नभेटिनु/ | २०० | यस्तो विचलन अनुगमन गरिएका |

| | | | |
|---|---|---|---|
| | उपभोक्ता नभेटिनु वा दिइएको ठेगानामा उपभोक्ताको अस्तित्व नरहनु) | | २०% भन्दा बढी प्रणालीमा पाइएमा त्यस्ता आपूर्तिकर्ताको योग्यता प्रमाणपत्र निलम्वन समेत गर्न सकिनेछ । |
| २. | एउटै चुलोमा दुई चोटि अनुदान दावी गर्नु (एउटा चुलो तर दुई वटा अनुदान फारम) | | |
| ३. | अरुले पूर्ण आर्थिक सहयोग गरेको चुलोमा अनुदान दावी गर्नु | | |
| ४. | चुलोमा खोपेको कोड (Engrave number) नहुनु | १०० | |
| ५. | चुलो अर्कै व्यक्तिको नाममा जडान भएको पाउनु (अनुदान आवेदन फारममा उल्लेखित उपभोक्ताको जानकारी वा जानकारी बिना ) | १०० | |
| ६. | अनुदान फारममा भएको कोड चुलोमा खोपेको कोडसँग नमिल्नु | ५० | |
| | **प्राविधिक स्पेसिफिकेशनमा भिन्नता** | | |
| ७. | सुधारिएको फलामे चुलोको हकमा केन्द्रले तोकेको प्राविधिक स्पेसिफिकेशनमा विचलन भएर चुलोको कार्य कुशलता तथा क्षमतामा कमी हुनु । उचित जडान नहुनुलाई पनि विचलन मानिनेछ । | ५० | |
| ८. | अन्य घरायसी चुलोको हकमा स्विकृत सूचीकृत चुलोहरु भन्दा भिन्न हुनु । | ५० | |
| ९. | प्रत्याभूति सहित बिक्री पछिको सेवा उपलब्ध नगराउनु | २० | |

## ३. संस्थागत सुधारिएको चुलो

### ३.१ अनुदान परिचालन प्रक्रिया

३.१.१ **योग्यताको आधार** : नेपाल सरकारका सम्वन्धित निकायमा दर्ता भएका सम्पूर्ण सार्वजनिक संस्थाहरु, शैक्षिक संस्थाहरु अन्तरगत स्कूल, क्याम्पस, प्राज्ञिक संस्था आदी, धार्मिक संस्था, अनाथालय, वृद्धाश्रम, ब्यारेक, ट्रष्ट आदि अनुदानका लागि योग्य हुने छन् ।

३.१.२ **प्रविधिहरूको स्तरीकरण** : केन्द्र आफैले वा तेस्रो पक्षको रुपमा रहको विज्ञ मार्फत विभिन्न संस्थाहरूको आवश्यकता अनुरूप सक्षम तथा उपयुक्त चुलोको डिजाईन गर्न लगाउनेछ । वैकल्पिक रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रमाणित भइसकेका (Proven) मोडल समेत केन्द्रले आवश्यक कागजातका आधारमा स्वीकृत गर्न सक्नेछ ।

३.१.३ <u>प्रविधिको आपुर्ति तथा जडान</u> : यस सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :-

क) संस्थाहरुको छनौटका लागि केन्द्रद्वारा सार्वजनिक सूचना जारी गरी आवेदन आव्हान गरिनेछ ।

ख) केन्द्रबाट उपयुक्त संस्थाको पहिचान, छनौट र आवश्यकता पहिल्याई सम्बन्धित संस्थाहरुको आवश्यकता (खाना पकाउने तथा कोठा तताउने) लाई मध्यनजर गर्दै चुलोको विस्तृत डिजाईन र प्राविधिक स्फेसिफिकेशनलाई अन्तिम रुप दिइनेछ ।

ग) केन्द्रले एउटा संस्था वा विभिन्न संस्थाहरूको लागि चाहिने प्रविधि तथा सेवाको सामूहिक खरिद गर्न दक्ष तथा उपर्युक्त प्रविधिका आपूर्ति तथा जडान गर्ने कार्यका लागि खुल्ला बोलपत्र आह्वान कार्य खरिद ऐन तथा नियमावली अनुसार गर्नेछ ।

घ) आपूर्तिकर्ताको छनौट पश्चात केन्द्र, आपूर्तिकर्ता तथा संस्थावीचको त्रिपक्षीय सम्झौता गरी आपसी काम, कर्तव्य र जिम्मेवारी किटान गरिनेछ र आर्थिक उत्तरदायित्व पनि सोही अनुरुप हुनेछ ।

ङ) छनौट भएका आपूर्तिकर्ताहरूबाट केन्द्रले तय गरेको स्पेसिफिकेशनका आधारमा प्रविधिहरूको आपूर्ति/जडान गरिनेछ र निजहरुले कम्तीमा एक वर्षसम्म बिक्री पछिको सेवा उपलब्ध गराउनु पर्नेछ ।

३.१.४ <u>अनुदानको दाबी र भुक्तानी</u> : संस्थागत सुधारिएको चुलो अन्तरगतको अनुदानको दावी र भुक्तानी देहाय बमोजिम हुनेछ :-

क) छनौट भएका आपूर्तिकर्ताले केन्द्रले निर्दिष्ट गरेको ढाँचा बमोजिम अनुदान फारम भरी संस्थाको तर्फबाट अनुदानको दावी गर्नु पर्नेछ ।

ख) आपूर्तिकर्ता स्वयं अनुदान फारम विवरण भर्न तथा सो फारममा भएका विवरण तथा कागजातहरू केन्द्रको व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क प्रणालीमा दर्ता गर्न जिम्मेवार हुनु पर्नेछ ।

ग) आवश्यक सबै कागजात सहित अनुदान फारम पेश गरिसकेपछि केन्द्रले मुल्याङ्कन गरि भुक्तानीको लागि कोष समक्ष सिफारिस गर्नेछ । यसरी सिफारिस गर्दा केन्द्रले सम्बन्धित कम्पनीबाट अनुदान आवेदन फाराम बुझेको मितिले तीस दिनभित्र कोषलाई सिफारिस गरिसक्नु पर्नेछ ।

घ) कोषले सबै कागजातहरुको मूल्याङ्कन गरीसकेपछि पन्चानव्बे प्रतिशत अनुदान रकम निकासा गर्नेछ । बाँकी पाँच प्रतिशत रकम आपूर्तिकर्ताले दिने बिक्री पछिको सेवाको प्रत्याभूतिका लागि राखिनेछ र अनुगमन प्रतिवेदन केन्द्रवाट स्वीकृत भए पश्चात् कोषलाई सो रकम भुक्तानीको लागि सिफारिस गरिनेछ । कोषले केन्द्रको सिफारिस बमोजिम पाँच प्रतिशत रकम फुकुवा गर्नेछ ।

३.२ <u>अनुगमन</u> :जडान भएका शत प्रतिशत प्रविधिहरूको अनुगमन केन्द्र, यसका बाह्य पहुँच केन्द्र वा तेस्रो पक्षबाट जडान सम्पन्न भएपश्चात एक वर्ष भित्र सम्पन्न गरिनेछ ।

३.३ <u>जरिवाना</u> :आपूर्तिकर्तालाई विचलनको आधारमा जरिवाना लगाइनेछ । विस्तृत विचलनको विवरण तथा जरिवाना केन्द्र, आपूर्तिकर्ता तथा संस्था बीच भएको त्रिपक्षीय सम्झौता बमोजिम हुनेछ ।

४. तापीय ऊर्जाको प्रयोजनको लागि ग्याँसिफायर प्लान्ट

४.१ <u>योग्यता :</u> तापीय ऊर्जाको प्रयोजनको लागि ग्याँसिफायर प्लान्ट अन्तरगतको अनुदान प्राप्त गर्न कानूनी रुपमा दर्ता भएका सबै किसिमका लघु साना तथा मझौला व्यवसायहरू योग्य हुने छन् ।

४.२ <u>अनुदान परिचालन</u> : तापीय ऊर्जाको प्रयोजनको लागि ग्याँसिफायर प्लान्ट अन्तरगतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रको स्वीकृत डिजाईन अनुरुप ग्याँसिफायर प्रणालीलाई कृषिजन्य वस्तुको प्रशोधन गर्न तापीय प्रयोजनका लागि अनुदान दिइनेछ ।

ख) केन्द्रबाट इच्छुक र योग्य लघु साना तथा मझौला व्यवसायबाट आवेदन आह्वान गरि प्रणाली जडान गर्नका लागि आयोजनाहरुको पहिचान गरिनेछ ।

ग) केन्द्रले खरिद ऐन तथा नियमावली बमोजिम आवेदन आह्वान गरी सम्भाव्यता अध्ययन गराउनेछ ।

घ) सम्भाव्यता अध्ययन प्रतिवेदन बमोजिम प्राविधिक समिक्षा समितिले सम्भाव्य आयोजनाको स्वीकृति दिई योग्य निवेदकलाई प्रणाली जडानका लागि सशर्त स्वीकृति प्रदान गर्नेछ ।

ङ) केन्द्र आफै वा सार्वजनिक संस्थाले वस्तु तथा सेवाको खरिद खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ ।

च) निजी लघु साना तथा मझौला व्यवसायहरूले स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुरुप आफैले खरिद ऐन तथा नियमावली अनुसार ग्याँसिफायर प्लान्ट खरिद तथा जडान गर्न सक्नेछन् । त्यसरी जडान कार्य गर्दा सम्पूर्ण प्राविधिक आवश्यकता र सामान तथा कार्य केन्द्रद्वारा स्वीकृत प्राविधिक मापदण्ड र निर्देशिका बमोजिम हुनुपर्नेछ ।

छ) छनौट भएको जडानकर्ता कम्पनी, संस्था वा व्यवसायी र केन्द्र बीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

ज) जडानकर्ताले ग्याँसिफायर प्लान्ट सफलतापूर्वक जडान गरिसकेपछि केन्द्रले तोकेको ढाँचामा अनुदान फारम तथा कार्य सम्पादन प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

झ) केन्द्र आफै वा यसका बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परीक्षण तथा हस्तान्तरण परामर्शदाताबाट परीक्षण तथा हस्तान्तरणको कार्य गरिनेछ ।

ञ) जडित प्लान्टको कार्य सम्पादन स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुरुपको भएको पाइएमा केन्दले पन्चानब्बे प्रतिशत अनुदान रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ ।

ट) बाँकी पाँच प्रतिशत रकम आपूर्तिकर्ताले दिने बिक्री पछिको सेवाको प्रत्याभूतिका लागि राखिनेछ र अनुगमन प्रतिवेदन केन्द्रबाट स्वीकृत भए पश्चात कोषलाई उक्त रकम भुक्तानीको लागि सिफारिस गर्ने छ । कोषले केन्द्रको सिफारिस बमोजिम सो रकम फुकुवा गर्नेछ ।

जय ... जोशी
मन्त्री

४.३ <u>अनुगमन तथा मूल्याङ्कन</u> : केन्द्रले आफै वा आफ्ना बाह्य पहुँच केन्द्र वा तेस्रो पक्ष मार्फत शत प्रतिशत जडित प्रणालीको अनुगमन गर्नेछ । कोष वा केन्द्र स्वयंले नियमित अथवा गुनासो वा प्रतिवेदनको आधारमा आवश्यकता अनुसार अनुगमन तथा सुपरीवेक्षण पनि गर्न सक्नेछन् ।

४.४ <u>जरिवाना</u> :अनुगमनको क्रममा जडान गरिएको प्रणालीमा तोकिएको मापदण्ड अनुसार भएको नपाइएकम, अन्य कुनै प्राविधिक समस्या देखिएमा वा सरचना सुधार गर्नुपर्ने भएमा जडानकर्ता कम्पनी र संस्थालाई सूचित गरिनेछ । जडानकर्ता कम्पनीले उपकरणको मर्मत वा परिवर्तन उपभोक्तालाई आर्थिक भार नपर्ने गरी गर्नु पर्नेछ । सम्झौता बमोजिम कार्य नभएमा लगाईने क्षतिपूर्ति केन्द्र, आपूर्तिकर्ता र उपभोक्ता बीच भएको त्रिपक्षीय सम्झौता अनुरूप हुनेछ ।

## ५. पाँच किलोबाट देखि एक सय किलोबाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजना

५.१ <u>योग्यता</u> : पाँच किलोबाट देखि एक सय किलोबाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुदानको लागि अन्य माध्यमद्वारा विद्युतीकरण नभएका (घरेलु प्रविधि बाहेक) तर प्रचुर मात्रामा जैविक ऊर्जाको स्रोतको सम्भावना रहेका ग्रामीण क्षेत्रमा केन्द्रले तोकेको प्राविधिक मापदण्ड पुरा गरी जडान गरिएका प्रणालीलाई योग्य मानिनेछ ।

५.२ <u>अनुदान परिचालन</u> : पाँच किलोबाट देखि एक सय किलोवाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) उपभोक्ता समिति वा ऊर्जा सेवा कम्पनीद्वारा विद्युतीकरण गर्न सकिनेछ ।

ख) केन्द्रले तोकेको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सहित आयोजनाले सम्बन्धित बाह्य पहुँच केन्द्र मार्फत केन्द्रले तोकेको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

ग) बाह्य पहुँच केन्द्रले आयोजनाले पेश गरेको निवेदन तोकेको आवश्यक मापदण्ड बमोजिम भए नभएको मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण गरी उपयुक्त आयोजनाको निवेदन सिफारिसका साथ केन्द्रमा पठाउनु पर्नेछ ।

घ) केन्द्र समक्ष सिफारिस भई आएका आयोजनाहरू मध्ये सबै भन्दा उपयुक्त आयोजनाहरूको छनौट गरी विस्तृत सम्भाव्यता अध्ययन केन्द्रबाट खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धाका आधारमा गराइनेछ ।

ङ) निजी निर्माणकर्ता स्वयंले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहेमा केन्द्रबाट आर्थिक सहयोग प्राप्त हुने छैन र निजीकर्ता स्वयले सो अध्ययनको खर्च व्यहोर्नु पर्नेछ ।

च) प्राविधिक समिक्षा समितिले विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई जाँच गरी सम्भाव्य आयोजनालाई स्वीकृत गर्नेछ ।

छ) स्वीकृत सम्भाव्य आयोजनाहरूको जानकारी आयोजना निर्माणकर्तालाई गराइनेछ ।

ज) आयोजना निर्माणकर्ताले खरिद प्रक्रियामा प्रतिस्पर्धा गर्नु अगाडि शत प्रतिशत लगानीको सुनिश्चितता गर्नु पर्नेछ जसमा समुदायको आर्थिक संलग्नता (नगद/जिन्सी), सरकारको अनुदान, जि.वि.स./गा.वि.स. को आर्थिक सहयोग र गैर सरकारी निकाय तथा व्यक्तिगत सहयोग, तथा कोषमार्फत परिचालित ऋण आदि हुन सक्नेछ ।

झ) खरिद प्रक्रिया केन्द्र वा शाखा केन्द्रद्वारा खरिद ऐन तथा नियमावली अनुसार गरिनेछ ।

ञ) नजी निर्माणकर्ताहरुले आफैले खरिद ऐन तथा नियमावली अनुसार खरिद तथा जडान गर्न सक्नेछन् । त्यसरी जडान कार्य गर्दा सम्पूर्ण प्राविधिक आवश्यकता र सामान तथा कार्य केन्द्रद्वारा स्वीकृत प्राविधिक मापदण्ड र निर्देशिका बमोजिम हुनुपर्नेछ ।

ट) केन्द्रले अनुदानका मापदण्ड पुरा गरिसकेका आयोजनालाई अनुदान प्रदान गर्नका लागि कोषलाई सिफारिस गर्नेछ । उक्त अनुदानको वितरण, भुक्तानी प्रक्रिया कार्यतालिका अनुरुप

गरिनेछ ।

ठ) आयोजना निर्माणकर्ता र जडानकर्ता कम्पनीले कार्य सम्पन्न भएको प्रतिवेदन, ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण भएको मिति तथा समय जानकारी यसका शाखा केन्द्रमा सम्झौता अनुरुप पेश गर्नु पर्नेछ ।

ड) आयोजना सम्पन्न भई शत प्रतिशत घरहरूसम्म विद्युत जडानको सुनिश्चितता भएपछि जडानकर्ता कम्पनी, आयोजना निर्माणकर्ता र केन्द्रका प्रतिनिधिहरूको उपस्थितिमा विद्युत उत्पादन परीक्षण तथा हस्तान्तरण कार्य गर्नुपर्नेछ । जडानकर्ताको दायित्व बाहेक अन्य कारणले गर्दा उक्त कार्य नभएको खण्डमा भने विद्युत उत्पादन परिक्षण तथा हस्तान्तरण कार्य रोकिने छैन ।

ढ) दोस्रो किस्ताको भुक्तानी अघि नै ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण प्रतिवेदन केन्द्रबाट स्वीकृत हुनुपर्नेछ ।

ण) केन्द्र, यसका शाखा केन्द्र वा तेस्रो पक्ष परामर्शदाताले ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण भएको एक वर्षपछि आयोजना निर्माणकर्ता र जडानकर्ताको रोहवरमा प्रत्याभूति जाँच गरि सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

५.३ <u>भुक्तानीको कार्यसूची</u> : अनुदानको भुक्तानी कार्यसूची देहाय बमोजिम हुनेछ :-

५.३.१ <u>सामान खरिद प्रक्रिया :</u>

| क.स. | काशेढुगां | किस्ता | कैफियत |
|---|---|---|---|
| १. | अग्रिम परिचालन | २० प्रतिशत सम्म | सम्झौतापत्रमा हस्ताक्षर र बैंक प्रत्याभूति पेश गरेपछि । |
| २. | किस्ता भुक्तानी | | |
| २.१ | निर्माण स्थलसम्म सम्पुर्ण सामान र उपकरण पुर्‍याए बापत पहिलो किस्ताको भुक्तानी | ७५ प्रतिशत सम्म | निर्माण स्थलसम्म इलेक्ट्रो मेकानिकल तथा ट्रान्समिसन डिस्ट्रीब्युसन उपकरणहरू पुर्‍याएको प्रतिवेदन प्राप्त भएपछि |
| २.२ | ऊर्जा उत्पादन परिक्षण तथा संचालन कार्य पश्चात दोस्रो किस्ता भुक्तानी | ९५ प्रतिशत सम्म | निर्माण सम्पन्न तथा ऊर्जा उत्पादन परीक्षण तथा संचालन प्रतिवेदन स्वीकृती पश्चात |
| २.३ | अन्तिम किस्ता भुक्तानी | बाँकी ५ प्रतिशत | १ वर्ष प्रत्याभूति जाँच प्रतिवेदनको स्वीकृति पश्चात |

५.३.२ <u>किलोवाट घण्टा(kWh) अनुसारको अनुदान परिचालन</u> : किलोवाट घण्टा अनुसारको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) जसको स्वामित्वको आयोजना भएतापनि निर्माणकर्ता स्वयम्ले आयोजनाको खरिद प्रक्रिया गर्नु पर्नेछ ।

ख) आयोजनाको किलोवाट घण्टा, ऊर्जा बिक्री गर्ने व्यापार योजना तथा किलोवाट घण्टा मूल्यलाई प्राविधिक समिक्षा समितिद्वारा स्वीकृत गर्नु पर्नेछ ।

ग) अनुदानको भुक्तानी चौमासिक रुपमा उत्पादित ऊर्जाको रिडिङ किलोवाट घण्टाको आधारमा पाँच वर्ष सम्म गरिनेछ ।

घ अनुदानको लागि योग्य किलोवाट घण्टा ऊर्जा बिक्रीलाई केन्द्र वा यसका शाखा केन्द्र वा परामर्शदाताले केन्द्रले तोकेको मापदण्ड अनुसार प्रमाणित गर्नु पर्नेछ ।

ङ) केन्द्र वा यसका शाखाकेन्द्र वा परामर्शदाताबाट प्रमाणित गरेको उत्पादित ऊर्जा बिक्रीलाई कोषमा चौमासिक रुपमा अनुदानको लागि सिफारिस गरिनेछ । कोषले केन्द्रको सिफारिसका आधारमा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

५.४ **अनुगमन तथा मूल्याङ्कन** : पाँच किलोबाट देखि एक सय किलोबाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम गरिनेछ :-

क) सञ्चालित सामुदायिक प्रणालीको शत प्रतिशत अनुगमन केन्द्र आफै वा आफ्ना बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाता मार्फत गरिनेछ ।

ख) केन्द्र आफै वा आफ्ना बाह्य पहुँच केन्द्रद्वारा बिकि/जडान पश्चातको सेवाको अनुगमन गर्नेछ ।

ग) उपकरणहरू छुट्टाछुटै वा सम्पूर्ण प्रणालीको प्रत्याभूति अवधि निर्धारण जडानकर्ता कम्पनी, उपभोक्ता तथा केन्द्र बीच भएको सम्झौता बमोजिम हुनेछ ।

५.५ **जरिवाना** : पाँच किलोबाट देखि एक सय किलोबाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको सन्दर्भमा गरिने जरिवाना देहाय बमोजिम हुनेछ :-

क) ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरणको समयमा उत्पादित विद्युत क्षमता प्रतिबद्धता गरिएको भन्दा कम परिमाणमा भएको पाइएमा अनुदान रकमको बाँकी किस्ताबाट प्रति किलोवाट घटेको आधारमा केन्द्रसँग सम्झौता गरेको प्रति किलोवाटको दरले बाँकी किस्ताबाट अनुदान घटाइनेछ ।

ख) प्रत्याभूतिको अवधिमा प्रणालीको सरचनामा (इलेक्ट्रीकल तथा मेकानिकल उपकरण) कुनै खराबी तथा सुधारको आवश्यकता देखिएमा उक्त जानकारी निर्माणकर्ता तथा जडानकर्तालाई गराउनु पर्नेछ ।

ग) निर्माणकर्ता वा जडानकर्ताले कुनै पनि आर्थिक भार उपभोक्तालाई नपर्ने गरी सो खराबीको मर्मत तथा सुधार गर्नु पर्नेछ । उक्त खराबीको मर्मत गर्न निर्माणकर्ताबाट जवाफ नआएमा अन्तिम किस्तामा रहेको बाँकी अनुदान रकमबाट घटाइनेछ । उक्त रकम अपर्याप्त भएमा सोही प्रकृतिको अन्य आयोजनाको अनुदान रकमबाट कट्टा गरि उक्त खराबीको मर्मत संभार गरिनेछ ।

६. **<u>तापीय ऊर्जाको लागि ग्याँसिफायर प्लान्टको प्रक्रिया बहाब चित्र</u>** : तापीय ऊर्जाको लागि ग्याँसिफायर प्लान्टको प्रक्रिया बहाब चित्र देहाय अनुसार हुनेछ :-

सार्वजनिक सूचना वा केन्द्रमा लिखित जानकारीको आधारमा माग संकलन गर्नु ।

⇩

सम्भाव्यता अध्ययनको लागि सूचना निकाल्नु

⇩

मूल्याङ्कन र प्राविधिक समिक्षा समितिको स्वीकृति

⇩

सशर्त स्वीकृतिको जानकारी

⇩

खरिद र प्रणालीको जडान प्रक्रिया

⇩

अनुदानका लागि कोषलाई सिफारिस गर्ने

⇩

जडान कार्य सम्पन्न भए पश्चात ९५ प्रतिशत अनुदान रकम दिइने

⇩

बिक्री पछिको सेवाको अनुगमन पछि बाँकी ५ प्रतिशत रकम दिइने

७. **पाँच <u>किलोवाट देखि एक सय किलोवाट सम्मका जैविक ऊर्जा विद्युतीकरण आयोजनाको प्रक्रिया बहाब चित्र</u>** : किलोवाट देखि १०० किलोवाट सम्मका जैविक ऊर्जा विद्युतीकरण आयोजनाको प्रक्रिया बहाब चित्र देहाय बमोजिमको हुनेछ :-

समुदाय तथा निर्माणकर्ताबाट माग

⇩

पूर्व सम्भाव्यता प्रतिवेदनको प्राथमिक मूल्याङ्कन

⇩

केन्द्रबाट पठाइएको परामर्शदाताबाट विस्तृत सम्भाव्यता अध्ययन

⇩

प्राविधिक पुनरावलोकन समितिबाट सम्भाव्य आयोजनाको स्वीकृति तथा निर्माणकर्तालाई जानकारी



जय देव जोशी
मन्त्री

⇩

निर्माणकर्ताद्वारा आयोजनाको लागतको व्यवस्थापनको सुनिश्चितता

⇩

खरिद प्रणाली तथा जडानको प्रक्रिया

⇩

कोषलाई अनुदानको लागि सिफारिस

⇩

निर्माण स्थलमा उपकरण र सामान परिचालन पश्चात पचहत्तर प्रतिशत सम्मको अनुदान रकम दिइने

⇩

शक्ति उत्पादन परीक्षण प्रतिवेदनको स्वीकृति पश्चात पन्चानव्वे प्रतिशत सम्मको अनुदान रकम दिइने

⇩

बाँकी पाँच प्रतिशत अनुदान रकम बिक्री पछिको सेवाको अनुगमन पछि दिइने (एक वर्षे प्रत्याभूति जाँच पश्चात)

मन्त्री

## अनुसूची ६

## वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणाली

१. योग्यता :

वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुदान प्राप्त गर्न देहाय वमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) वायु वा सौर्य वायु मिश्रित प्रणालीको माध्यमबाट सामुदायिक विद्युतीकरणको लागि योग्य हुन समुदायमा राष्ट्रिय प्रसारण लाईन वा अन्य सामुदायिक विद्युत प्रणालीबाट विद्युतीकरण नभएको हुनुपर्नेछ ।

ख) वायु वा सौर्य वायु मिश्रित आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन वायु/सौर्य ऊर्जा तथ्याङ्क विश्लेषण वायु/सौर्य ऊर्जा तथ्याङ्क प्रणाली वा स्याटेलाइटबाट प्राप्त द्वितीय तथ्याङ्क अध्ययन (assessment) मा आधारित रहि गर्नुपर्नेछ ।

ग) अनुदान आवेदन फारम, विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन, श्रोत तथ्याङ्क आधार केन्द्रमा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ ।

घ) मिनि ग्रीडमा आधारित वायु र सौर्य वायु मिश्रित आयोजनामा वित्तिय स्रोतको सुनिश्चितता प्रणाली जडानको लागि कम्पनी छनौट भई सम्झौता हुनुपूर्व नै निश्चित हुनु पर्नेछ ।

२. परिचालन प्रक्रिया

वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुदान परिचालन प्रक्रिया देहाय वमोजिम हुनेछ :-

क) आयोजनाको पहिचान तथा पूर्व सम्भाव्यता अध्ययन केन्द्र वा आफ्ना बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ ।

ख) केन्द्रले माग/निवेदन जम्मा गर्नेछ र पूर्व सम्भाव्यता अध्ययनको लागि आयोजना छनौट केन्द्रबाट स्वीकृत आयोजना छनौट मापदण्डका आधारमा हुनेछ ।

ग) पूर्व सम्भाव्यता अध्ययनबाट सिफारिस भएका आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण लगायत (आवश्यक भएमा) विस्तृत सम्भाव्यताको अध्ययन केन्द्र वा यसका बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ ।

घ) निर्माणकर्ताले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन स्वतन्त्र रुपमा केन्द्रको मापदण्ड बमोजिम गर्न सक्नेछन् ।

ङ) सौर्य उर्जा प्राविधिक मूल्याङ्कन समितिबाट आयोजनाको जाँच गरि प्राविधिक/स-शर्त स्वीकृति दिइनेछ ।

च) आयोजनालाई ऋण आवश्यक पर्ने भएमा ऋणको पूर्व स्वीकृति आयोजना स्वीकृत हुनु अघि नै हुनुपर्नेछ ।

छ) वायु र वायु सौर्य प्रणालीको प्राविधिक मापदण्ड आयोजनाको स्वीकृत बोलपत्र कागजातमा उल्लेख भएको गुणस्तरसँग मेल खानु पर्नेछ ।

ज) आयोजना निर्माणकर्ताले आफ्नो तर्फबाट हुने वित्तिय योगदानको सुनिश्चितता सम्बन्धित कागजात सहित आयोजना स्वीकृत हुनु अघि अनुदान नीतिको दफा १२ अनुसार उपलब्ध



जय देव जोशी
मन्त्री

गराउनु पर्नेछ ।

झ) केन्द्र, बाह्य पहुँच केन्द्र वा केन्द्रको सम्बन्धित निकायले खरिद ऐन तथा नियमावली वा सरकार र विकास साझेदार बीचको सम्झौता बमोजिम सूचना आह्वान गर्नेछन् ।

ञ) आयोजना निर्माणकर्ताले स्वीकृत कागजातको साथमा अनुदान निवेदन फारम, बोलपत्र कागजात, आयोजनाको लागत मूल्य, मूल्याङ्कन प्रतिवेदन तथा उपभोक्ताको योगदानको सुनिश्चतता देखिने प्रमाण सहितका कागजातहरु केन्द्रमा बुझाउनु पर्नेछ । प्राप्त सिफारिस अनुसार केन्द्रले आयोजनाको स्वीकृत गर्नेछ ।

ट) अतिरिक्त अनुदानको लागि उपभोक्ता समूहको लक्षित समूहबाट केन्द्रमा, बाह्य पहुँच केन्द्र मार्फत निवेदन दिनुपर्नेछ । सरकारले जारी गरेको परिचयपत्र वा जि.वि.स./गा.वि.स./गरिबी निवारण कोष आदिले जारी गरेको सिफारिस पत्र लक्षित समूदायलाई अतिरिक्त अनुदान प्रदान गर्न पहिचान गर्ने आधार हुनेछन् ।

ठ) लाभान्वित (उपभोक्ता समिति) र छनौट भएका कम्पनीबाट केन्द्र वा केन्द्रको आधिकारिक निकाय साक्षीको रुपमा रहने गरी उपकरणको आपूर्ति, परिचालन, जडान, परीक्षण तथा हस्तान्तरण, सञ्चालन र मर्मत कार्य सम्पन्न गर्न सम्झौता गरिनेछ । ESCO (ऊर्जा प्रदायक कम्पनी ) मोडेलको हकमा केन्द्र र ESCO बीच सम्झौता गरिनेछ ।

ड) ठेकेदार र रोजगारदाता(वा केन्द्र) बीच भएको सम्झौतापत्र बमोजिमको भुक्तानी गरिनेछ ।

ढ) अनुदान रकम अग्रिम भुक्तानी गरेको खण्डमा भुक्तानी रकम बाँकी दिनुपर्ने किस्ता रकममा घटाई दिइने छ ।

ण) बैंक प्रत्याभूतिको रकम कार्य सम्पादन सुरक्षा सञ्चालन र मर्मत वा प्रत्याभूति अवधि सफलता पूर्वक समापन गरेपछि मात्र फूकुवा गरिनेछ ।

त) परामर्श सेवा खरिदको हकमा रोजगारदाता (केन्द्र) र परामर्श दाता बीचमा भएको सम्झौता बमोजिम भुक्तानी दिइनेछ ।

थ) पावर हाउस र प्रणाली जडान गर्नका लागि आवश्यक जग्गा निवेदकले कानुनी रुपमा मिलाउनु पर्नेछ ।

द) वायु ऊर्जा र सौर्य वायु मिश्रित प्रणालीको परिक्षण तथा हस्तान्तरणको कार्य केन्द्र वा यसका बाह्य पहुँच केन्द्र, सम्बन्धित कम्पनी र समुदायको उपस्थितिमा गरिनेछ ।

ध) आयोजनाको कार्य सम्पन्न भइसकेपछि जडान गर्ने कम्पनीले कार्य सम्पादन प्रतिवेदन बाह्य पहुँच केन्द्र मार्फत सिफारिस पत्रका साथ केन्द्रमा बुझाउनु पर्नेछ ।

न) केन्द्रबाट आफु समक्ष प्राप्त भएको प्रतिवेदनको मूल्याङ्कन तथा अध्ययन गर्नु पर्नेछ र स्थलगत सुपरिवेक्षण आफै वा यसका बाह्य पहुँच केन्द्र मार्फत गरि कोषलाई अनुदानको लागि सिफारिस गरिनेछ ।

प) उक्त सिफारिस कोषले ठीक ठहराएको खण्डमा थप परीक्षण र मूल्याङ्कन गरि उपयुक्त देखिएमा सम्बन्धित कम्पनीलाई भुक्तानी दिइनेछ ।

फ) जगेडा रकम (सम्झौता रकमको पाँच प्रतिशत) कम्तीमा एक वर्षको लागि धरौटीको रुपमा बिक्री पछिको सेवाको लागि राखिनेछ । जुन कोषले सम्बन्धित कम्पनीलाई केन्द्रबाट स्थलगत अनुगमन गर्दा उपभोक्ताले आयोजनाको सञ्चालन विना झन्झट सन्तोषजनक रुपमा गरेको प्रमाणित गरेपछि केन्द्रको सिफारिसमा उपलब्ध गराइनेछ ।

मन्त्री

## ३. अनुगमन संयन्त्र

वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुगमन संयन्त्र देहाय बमोजिमको हुनेछ :-

क) केन्द्रले जडान भएका प्रणालीहरुको अनुगमन केन्द्र आफै,आफ्ना बाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताबाट गराउनेछ ।

ख) जडान गरिएका प्रणालीहरूको शतप्रतिशत रुपमा प्रणालीको अनुगमन गरिनेछ ।

ग) नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले केन्द्रको सुझाव बमोजिम समय समयमा जाँच र परीक्षण गर्न सक्नेछ ।

घ) लाभान्वित (उपभोक्ता समिति) वा केन्द्रले (उपभोक्ता समितिको तर्फबाट) गुणस्तरीय कार्य र स्वीकृत कार्य सुनिश्चितताका लागि पूर्व सम्झौता, खरिद प्रक्रिया, प्राविधिक विशिष्टिकरण र मापदण्डको प्रमाणीकरण गर्नेछ ।

ङ) केन्द्र आफै वा यसका बाह्य शाखा केन्द्रले जडानपछिको सेवाको अनुगमन गर्नेछन् । छुट्टाछुट्टै उपकरणहरू र सम्पूर्ण प्रणालीको प्रत्याभूति अवधि निर्धारण निर्माणकर्ता तथा केन्द्र बीचको सम्झौता बमोजिम हुनेछ ।

च) प्रत्याभूतिको अवधि समाप्त भएपछि जडित प्रणालीको स्थलगत अनुगमन स्वतन्त्र परामर्श सेवाप्रदायक वा तेस्रो पक्षबाट नमुनाको आधारमा गराइनेछ ।

छ) गुनासोमा आधारित अनुगमन कार्य जुनसुकै माध्यमबाट प्राप्त भएको गुनासोको सम्बोधन गर्नको लागि गरिनेछ ।

ज) आयोजना कार्यान्वयन भएको तीन वर्ष पश्चात प्रभाव अध्ययन वा उपभोक्ता सर्वेक्षणको आधारमा आयोजना प्रभाव मूल्याङ्कन गरिनेछ ।

## ४. दण्ड तथा जरिवाना

ठेकेदार वा परामर्शदातालाई दण्ड तथा जरिवाना रोजगारदाता (केन्द्र) र ठेकेदार वा परामर्शदाता बीच भएको सम्झौता बमोजिम गरिनेछ । अनुगमनको क्रममा पाइएका सामान्य त्रुटि कार्यको समाधान गर्न ठेकेदार वा परामर्शदाता दुवैका लागि एकपटक मात्र अवसर दिइनेछ । परामर्शदाता, ठेकेदार र केन्द्रे प्रतिनिधिहरुले संयुक्त रुपमा विवादको प्रमाणिकरण र समाधान गर्न सक्ने छन् । त्रुटि सच्याउन नसक्ने र केन्द्रको मापदण्ड बमोजिमको कार्य नगर्ने ठेकेदार वा परामर्शदाता लाई प्रचलित नियमानुसार कारवाही हुनेछ ।

अनुसूची ७

उत्पादनमूलक ऊर्जा प्रयोग

१. योग्यता

उत्पादनमूलक ऊर्जा प्रयोग अन्तर्गत अनुदान प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लघु, साना र मझौला उद्योगहरु जसले तापीय, विद्युत र यान्त्रिक प्रयोगको लागि केन्द्रीय विद्युतीय प्रसारण लाईनमा नजोडिएका नवीकरणीय ऊर्जाका प्रविधिहरु प्रयोग गरिरहेको हुनु पर्नेछ । आफ्नो दक्षता बढाउन तथा सेवा विस्तार गरि अतीरिक्त महशुल र रोजगारीमा वृद्धि गर्न सहयोग पुराएका लघु/साना जलविद्युत आयोजनाहरु समेत अनुदानको लागि योग्य हुनेछन् ।

२. संस्थागत व्यवस्था : समुदायमा आधारित ग्रामिण विद्युतीकरण परियोजनाहरुमा उत्पादनमूलक ऊर्जा प्रयोगको संस्थागत व्यवस्था देहाय अनुसार हुनेछ :-

क) ग्रामिण विद्युतीकरण परियोजनाहरुमा उत्पादनमूलक ऊर्जा प्रयोगका लागि स्थानीय आर्थिक विकास समिति निर्माण गर्नु पर्नेछ ।

ख) अन्य संस्थागत नवीकरणीय ऊर्जा प्रणालीमा आधारित व्यवसायको लागि व्यवस्थापन समिति निर्माण गर्नु पर्नेछ ।

ग) राष्ट्रिय सेवा प्रदायक वा सेवा केन्द्रबाट प्रवर्द्धन गरिने उद्यम व्यवसाय तथा आयआर्जनका सवै कार्यहरु साविककै लघु जलविद्युत उपभोक्ता समिति मार्फत सम्पन्न गरिनेछ ।

घ) व्यवसाय विकास सेवाहरु बजार विश्लेषणमा मात्र सिमित नरही व्यवसायिक योजना तर्जुमा, व्यवसाय स्थापना तथा स्तरोन्नती जस्ता कार्यहरुको लागि छनौट गरिएका राष्ट्रिय सेवा प्रदायक, सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको वाह्य पहुँच मार्फत समेत गरिनेछ ।

२.१ अनुदान परिचालन (लघु, साना, मझौला उद्योगहरु) : उत्पादनमूलक ऊर्जा प्रयोग अन्तरगत अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको वाह्य पहुँचले तोकिएको ढाँचामा व्यवसायिक प्रस्ताव तयार गरिनेछ ।

ख) स्थानीय आर्थिक विकास समिति वा नवीकरणीय ऊर्जा व्यवस्थापन समितिले व्यवसाय प्रस्तावहरूको स्वीकृतिको लागि जिल्ला विकास समिति अन्तर्गत रहेको जिल्ला परियोजना पुनरावलोकन समिति समक्ष सिफारिस गर्नेछ ।

ग) व्यक्तिगत नवीकरणीय ऊर्जा प्रविधिको सन्दर्भमा सम्बन्धित राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा व्यावसाय विकास सेवा प्रदायकले जिल्ला विकास समिति वा जिल्ला परियोजना पुनरावलोकन समितिलाई सिफारिस गर्नु पर्नेछ ।

घ) राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको वाह्य पहुँचले तोकिए बमोजिमको ढाँचामा व्यवसाय योजना, अनुदान आवेदन र अन्य आवश्यक कागजात सम्मिलित प्रस्ताव जिल्ला विकास समिति/जिल्ला परियोजना पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ । जिल्ला परियोजना पुनरावलोकन



राधादेव जोशी
मन्त्री

समितिमा पेश गरिएको व्यवसाय प्रस्तावको वित्तीय प्रति केन्द्रमा पेश गर्नु पर्नेछ ।

ङ) जिल्ला विकास समिति/जिल्ला परियोजना पुनरावलोकन समितिले पेश हुँन आएका लघु, साना र मझौला उद्योगका व्यवसायिक प्रस्तावको पुनरावलोकन तथा स्वीकृति गरि केन्द्रलाई सूचना दिनु पर्नेछ ।

च) उद्योग स्थापना पश्चात राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको बाह्य पहुंचले अनुगमन प्रतिवेदन र व्यवसाय प्रस्तावलाई सिफारिस सहित अनुदान रकम निकासाका लागि केन्द्रमा पठाउनु पर्नेछ ।

च) स्थानीय आर्थिक विकास समिति वा व्यवस्थापन समिति वा सम्बन्धित उद्योगले अनुदान रकम निकासाको लागि कुनै वाणिज्य वा विकास बैंकमा खाता खोल्नु पर्नेछ ।

छ) केन्द्रबाट शत प्रतिशत अनुदान रकम स्थानीय आर्थिक विकास समिति वा नवीकरणीय ऊर्जा व्यवस्थापन समिति वा उद्योगको नाममा रहेको बैंक खातामा जम्मा गरिनेछ ।

ज) उद्योग स्थापना पश्चात हाल सम्म नब्बे प्रतिशत अनुदान रकम मात्र प्राप्त गरेका व्यवसायहरुको अनुगमन राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र / व्यवसाय विकास सेवा प्रदायकले अनुगमन गरि बाँकि दश प्रतिशत अनुदान रकमको सिफारिस सहित रकम निकासाका लागि केन्द्रमा पठाउनु पर्ने छ ।

झ) केन्द्रले अनुगमन प्रतिवेदनको रुजु गरि बाँकी दश प्रतिशत अनुदान रकम स्थानीय आर्थिक विकास समिति वा नवीकरणीय ऊर्जा व्यवस्थापन समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

२.२.१ लिफ्ट सिँचाइ सञ्चालन लागि अतिरीक्त योग्यता

२.२.१.१ योग्यता:

क) लिफ्ट सिँचाइ सञ्चालन गरि अनुदान प्राप्त गर्न प्रचलित सरकारी नियमानुसार दर्ता भएका फर्म/कम्पनी, लघु जलविद्युत उपभोक्ता समिति, सहकारी वा अन्य सामुदायिक संस्थाहरु योग्य हुनेछन् ।

२.२.१.२ अनुदान वितरण प्रक्रिया : लिफ्ट सिँचाइ सञ्चालन कार्यक्रमको लागि अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) स्थानीय आर्थिक विकास समिति वा दर्तावाल फर्म/कम्पनी वा लघु जलविद्युत उपभोक्ता समिति वा सहकारी तथा अन्य सामुदायिक संस्थाले संकलित मागहरुलाई तोकिएको ढाँचामा भरि राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा केन्द्रका बाह्य पहुँच मार्फत वा सिधै केन्द्रमा पठाउनु पर्नेछ ।

ख) प्राप्त मागहरुको सम्भाव्यता अध्ययन प्रतिवेदन (प्राविधिक र आर्थिक) सहितको व्यवसायिक योजना तथा वित्तिय लगानीका श्रोतको प्रमाण समेतको प्रतिवेदनको तयारी व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको बाह्य पहुँच वा केन्द्रबाट गरिनेछ ।

ग) व्यवसाय पुनरावलोकन समितिबाट व्यवसाय प्रस्तावको स्वीकृती गरिनेछ ।

घ) प्रणाली आपूर्ती तथा जडानका लागि खरिद ऐन तथा नियमावलीमा तोकिएको प्रक्रिया अनुसार कम्पनीको छनौट गरिनेछ ।

ङ) विकासकर्ताले आवश्यक कागजात सहितको अनुदान माग फाराम स्वीकृतीको लागि केन्द्रमा पेश गर्नु पर्नेछ ।

च) विकासकर्ताले मान्यता प्राप्त वाणिज्य वा विकास बैंकमा व्यवसायको नाममा छुट्टै खाता खोल्नु पर्नेछ ।



मन्त्री

छ) प्रणाली आपूर्ती तथा जडानकर्ता कम्पनीले व्यवसाय स्थापना सम्पन्न भएको प्रतिवेदन ( परिक्षण प्रतिवेदन, उद्यमीको सन्तुष्टि पत्र, लघु जलविद्युत आयोजना समितिको सिफारिस पत्र) केन्द्रमा पेश गर्नु पर्नेछ । केन्द्रले व्यवसाय विकास सेवा प्रदायक वा तेस्रो पक्ष वा जिल्ला विकास समिति/जिल्ला वातावरण तथा ऊर्जा शाखा वा आफैंले सम्बन्धित व्यवसायको स्थलगत अनुगमन गर्नेछ ।

ज) कार्य सम्पन्न प्रतिवेदनको स्वीकृती पश्चात अनुदान रकम निकासा गरिनेछ ।

२.२.२ <u>लघु जलविद्युत आयोजना व्यवसायिक सञ्चालनको लागि अतिरीक्त योग्यता</u>

२.२.२.१ <u>योग्यता</u> : लघु जलविद्युत आयोजना व्यवसायिक सञ्चालनको लागि आवश्यक अतिरीक्त योग्यता देहाय बमोजिम रहेको छ :-

क) लघु जलविद्युत आयोजनाका स्वमित्वकर्ताका रुपमा रहेका उपभोक्ता समिति, सहकारी र विकासकर्ताहरु

ख) वित्तिय अभिलेखहरु (आधिकारीक वार्षिक लेखापरिक्षण र हिसावकितावको सार्वजनीकिकरण) पारदर्शि ढगले व्यवस्थापन गरेका लघु जलविद्युत आयोजनाहरु ।

२.२.२.२ <u>अनुदान वितरण प्रक्रिया</u> : लघु जलविद्युत आयोजना व्यवसायिक सञ्चालनको लागि अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) लघु जलविद्युत आयोजना स्वामित्वकर्ताले तोकिएको ढाँचामा मागहरुको संकलन गरि राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रका वाह्य पहुँच मार्फत वा सिधै केन्द्रमा पेश गर्नु पर्नेछ ।

ख) प्राप्त मागहरुको सम्भाव्यता अध्ययन प्रतिवेदन (प्राविधिक र आर्थिक) सहितको व्यवसायिक योजना तथा वित्तिय लगानीका श्रोतको प्रमाण समेतको प्रतिवेदन तयारीको कार्य व्यवसाय विकास सेवा प्रदायक वा केन्द्रको वाह्य पहुँच वा केन्द्रबाट गरिनेछ ।

ग) व्यवसाय पुनरावलोकन समितिवाट व्यवसाय प्रस्तावको स्वीकृती गरि अनुदान रकमको स्वीकृतीको लागि सिफारिस गरिनेछ ।

घ) लघु जलविद्युत आयोजना स्वामित्वकर्ताले व्यवसाय स्थापना सम्पन्न भएको प्रतिवेदन साथै राखि अनुदान रकमको दावी गर्नु पर्नेछ ।

ङ) अनुदान रकम दावी गरिएको व्यवसायको केन्द्रले आफैं वा तेस्रो पक्ष वा केन्द्रको वाह्य पहुँच केन्द्र मार्फत अनुगमन गरिनेछ ।

च) केन्द्रले अनुदान रकम दावी गरिएको व्यवसायको आफैं वा तेस्रो पक्ष वा केन्द्रको वाह्य पहुँच मार्फत अनुगमन गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा केन्द्रले व्यवसायको बैंक खातामा शतप्रतिशत अनुदान निकासको लागि केन्द्रिय नवीकरणीय ऊर्जा कोषलाई सिफारिस गर्ने छ ।

३. **आवेदनको प्रक्रिया** : उत्पादनमूलक ऊर्जा प्रयोग अन्तरगत अनुदानको लागि आवेदनको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

३.१ <u>लघु, साना र मझौला उद्योगको लागि</u> : केन्द्रले व्यक्तिगत व्यवसाय प्रस्ताव तथा व्यवसाय स्थापना भएको

अनुगमन प्रतिवेदन प्राप्त भएको तीस दिनभित्र केन्द्रिय नवीकरणीय ऊर्जा कोषमा थप प्रक्रियाको लागि अघि बढाउनेछ ।

३.२ <u>लिफ्ट सिँचाइ र लघु जलविद्युत आयोजना व्यवसायको लागि</u> : लिफ्ट सिँचाई र लघु जलविद्युत आयोजना व्यवसायको लागि माग प्राप्त भएको तीन महिना भित्रमा व्यवसायिक योजना सहितिको सम्भाव्यता अध्ययन गरिनेछ । साथै सोसँग सम्वन्धित अन्य आवश्यक सीमाहरू करार सम्झौताले निर्देशन गरे बमोजिम हुनेछ ।

**४. अनुगमन संयन्त्र** : उत्पादनमूलक ऊर्जा प्रयोग अन्तरगतको अनुगमन संयन्त्र देहाय बमोजिम हुनेछ :-

क) राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र/व्यावसाय विकास सेवा प्रदायक वा केन्द्रका वाह्य पहुँच केन्द्रले व्यवसायको नयाँ स्थापना वा स्तरोन्नति पश्चात उद्योग व्यवसायको स्थलगत अनुगमन गरि तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अनुदानको लागि केन्द्रमा पठाउनु पर्नेछ ।

ख) राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र/व्यावसाय विकास सेवा प्रदायक वा केन्द्रका वाह्य पहुँचबाट गरिने क्रियाकलापहरू केन्द्रले तोकेको निर्देशिका बमोजिम हुनेछ ।

ग) अनुगमन कार्य जिल्ला विकास समिति/जिल्ला परियोजना पुनरावलोकन समिति वा केन्द्रले नियुक्त गरेको तेस्रो पक्षबाट गरिनेछ ।

घ) सहयोग गरेका दश प्रतिशत उद्यमहरूको अनुगमन कार्य केन्द्र, यसका वाह्य पहुँच केन्द्र वा स्वतन्त्र परामर्शदाताले गर्नेछन् ।

ङ) लिफ्ट सिँचाइ र लघु जलविद्युत व्यवसायको हकमा शत प्रतिशत अनुगमन गरिनेछ । उक्त अनुगमन कार्य अनुदान प्रदान गरेको एकवर्ष भित्र गरि सक्नु पर्नेछ ।

**५. अस्वीकृत कार्यमा क्षतिपूर्ति** : क्षतिपूर्ति र जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) अस्वीकृत कार्यका लागि देहायका अवस्थामा लिखित जरिवाना लाग्नेछ :-

- जडान नगरी अनुदान दावी गरिएमा,
- एकै प्रणालीका लागि दोहोरो अनुदान दावी गरिएमा,
- अन्य स्रोतबाट पूर्णरुपमा लगानी गरिएको प्रणालीको लागि अनुदान दावी गरिएमा,
- स्वीकृत भएको भन्दा फरक उपकरण जडान गरिएमा ।

ख) उल्लेखित मुद्दाहरूको सवालमा अनुदान रकम निकासको लागि सिफारिस गर्ने संस्थालाई जरिवाना गरिनेछ । जरिवाना अनुदान रकमको दुइ सय प्रतिशत हुनेछ ।

ग) व्यवसाय नवीकरणीय ऊर्जा आयोजनाको सेवा क्षेत्रबाट अन्यत्र सारिएमा (अनुदान निकासा गरिएको एक वर्ष भित्रमा) उद्यमीले प्राप्त गरेको अनुदान केन्द्रमा फिर्ता गर्नुपर्नेछ ।

घ) राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र/व्यावसाय विकास सेवा प्रदायक वा लाभान्वितलाई अनुगमन पश्चात पत्ता लागेका अस्वीकृत कार्य सच्याउन लागि मौका प्रदान गरिनेछ ।

ङ) विवादित विषयहरूमा राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र/व्यावसाय विकास सेवाप्रदायक र लाभान्वित वर्गका प्रतिनिधिहरू, जिल्ला विकास समिति/जिल्ला परियोजना पुनरावलोकन समिति र केन्द्रका प्रतिनिधिहरूले संयुक्त रुपमा प्रमाणित गरी किनारा लगाइनेछ ।



मन्त्री

<table>
<tr>
<td>स्थानीय आर्थिक विकास समिति</td>
<td>स्थानीय आर्थिक विकास समिति एउटा यस्तो समिति हो जसमा विद्यमान र सम्भाव्य गरी ५ देखि ७ जना सदस्यहरू रहने छन् । सामुदायिक विद्युत परियोजना सञ्चालनका लागि स्थानीय तहमा यो समिति बनाइएको हुन्छ । स्थानीय आर्थिक विकास समितिको संरचना निम्नानुसार छ ।
<table>
<tr><th>सि. न</th><th>प्रतिनिधि</th><th>पद</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>स्थानीय उद्यमी</td><td>सयोजक</td><td>१</td></tr>
<tr><td>२</td><td>स्थानीय उद्यमी तथा आयआर्जन गर्ने व्यक्ति</td><td>सदस्य</td><td>२ देखि ४</td></tr>
<tr><td>३</td><td>लघु जलविद्युत परियोजनाका प्रतिनिधि</td><td>सदस्य</td><td>१</td></tr>
<tr><td>४</td><td>लघु जलविद्युत आयोजनाको व्यवस्थापक वा प्राविधिक वा कोषाध्यक्ष</td><td>सदस्य-सचिव</td><td>१</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र</td>
<td>स्थानीय तहमा क्षेत्रीय सेवा केन्द्रहरू PEUC कार्य साझेदार हुने छन् । PEUC ले राष्ट्रिय सेवा केन्द्र वा क्षेत्रीय सेवा केन्द्र/व्यावसाय विकास सेवाप्रदायकलाई परीचालन गरी लघु, साना र मझौला उद्योग तथा आयआर्जन क्रियाकलाप प्रवर्द्धन गर्नलाई सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।</td>
</tr>
<tr>
<td>जिल्ला विकास समिति /जिल्लास्तरीय परियोजना पुनरावलोकन समिति</td>
<td>व्यावसायिक प्रस्तावनाको स्वीकृतीका लागि जिल्ला तहमा एउटा समिति निर्माण गरिनेछ ।
<table>
<tr><th>सि. न</th><th>प्रतिनिधि</th><th>पद</th></tr>
<tr><td>१</td><td>स्थानीय विकास अधिकारी वा जिविसले तोकेको अधिकृत स्तरको कर्मचारी</td><td>संयोजक</td></tr>
<tr><td>२</td><td>जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि</td><td>सदस्य</td></tr>
<tr><td>३</td><td>घरेलु तथा साना उद्योग विकास बोर्डको प्रतिनिधि वा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि</td><td>सदस्य</td></tr>
<tr><td>४</td><td>जिल्ला वन कार्यालयको प्रतिनिधि</td><td>सदस्य</td></tr>
<tr><td>५</td><td>राष्ट्रिय सेवा प्रदायकको प्रतिनिधि वा राष्ट्रिय सेवा प्रदायकको अधिकृतस्तरको कर्मचारी</td><td>सदस्य</td></tr>
<tr><td>६</td><td>जिल्ला वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाको अधिकृत</td><td>सदस्य सचिव</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>व्यावसायिक प्रस्तावना पुनरावलोकन समिति</td>
<td>केन्द्र स्तरमा एउटा समिति निर्माण गरी व्यावसाय प्रस्तावको पुनरावलोकन/विश्लेषण गरिनेछ । सो कार्यको लागि देहाय बमोजिमको व्यवसायिक प्रस्तावना पुनरावलोकन समिति रहनेछ ।
<table>
<tr><th>सि.न</th><th>प्रतिनिधि</th><th>पद</th></tr>
<tr><td>१</td><td>कार्यक्रम प्रवन्धक, PEUC</td><td>सयोजक</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय सल्लाहकार, PEUC</td><td>सदस्य</td></tr>
<tr><td>३</td><td>सामुदायिक विद्युतीकरण कार्यक्रमका प्रतिनिधि</td><td>सदस्य</td></tr>
<tr><td>४</td><td>औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका प्रतिनिधि</td><td>सदस्य</td></tr>
<tr><td>५</td><td>वित्तीय संस्थाका प्रतिनिधिहरू</td><td>सदस्य</td></tr>
<tr><td>६</td><td>राष्ट्रिय सेवा प्रदायकको प्रतिनिधि वा तोकेको अधिकृतस्तरको कर्मचारी</td><td>सदस्य</td></tr>
</table>
</td>
</tr>
</table>

| | |
|---|---|
| | व्यावसायिक प्रस्तावना पुनरावलोकन समितिले केन्द्र बाहिरका विज्ञहरू तथा अन्य शाखा/इकाइका प्रतिनिधिहरूलाई आवश्यकता अनुरूप आमन्त्रित गर्न सक्नेछ । |
| व्यावसायिक विकास सम्बन्धी सेवा प्रदायक | व्यावसाय विकास सम्बन्धी सेवा भन्नाले सगठित रुपमा सम्मिलित भएको, वित्तिय सेवा बाहेकका अन्य सेवाहरू बुझिनेछ, जो प्रदायकले लघु, साना र मझौला उद्योगका साथै आयआर्जन क्रियाकलापको दिगो सञ्चालन तथा प्रतिस्पर्धात्मक विस्तारको लागि प्रदान गरिन्छ । त्यस्ता सेवा प्रदायकलाई व्यावसाय विकास सेवा प्रदायक भनिन्छ । |

## अनुसूची ८

## कर्जा परिचालन कार्यविधि

१. <u>पृष्ठभूमि</u> : नविकरणीय ऊर्जा अनुदान नीति २०७३ बमोजिम केन्द्रिय नविकरणीय ऊर्जा कोषमार्फत अनुदान र सरल कर्जा परिचालन गर्ने नितीगत व्यवस्था अनुसार अनुदान र सरल कर्जा परिचालन गरिनेछ ।

२. <u>कोषबाट कर्जा लिने आधार (योग्यता तथा मापदण्ड)</u> : देहाय बमोजिमका नविकरणीय ऊर्जा प्रविध तथा आयोजनाहरू कोष वा कोषले तोकेको साझेदार बैंक तथा वित्तिय सस्थाबाट कर्जा प्राप्त गर्नका लागि योग्य हुनेछन् :-

क) अनुदान नीति तथा अनुदान परिचालन कार्यविधि अनुरुप केन्द्रबाट अनुदानको लागि योग्य भएका सबै घरयासी नविकरणीय ऊर्जा प्रविधिहरु ,

ख) अनुदान नीति तथा अनुदान परिचालन कार्यविधि अनुरुप केन्द्रबाट अनुदानको लागि योग्य भएका सबै सामुदाय, सार्वजनिक निजी, निजी, सहकारी तथा अन्य मान्यता प्राप्त संस्थामार्फत सचालित नविकरणीय ऊर्जा प्रविधिहरु .

ग) अनुदान नीति तथा अनुदान परिचालन कार्यविधि अनुरुप केन्द्रबाट अनुदानको लागि योग्य भएका विभिन्न उत्पादनमूलक ऊर्जा प्रयोग (Productive Energy Use) गर्ने आयोजनाहरु तथा व्यवसायहरु,

घ) अनुदान नितीको दफा १० (अनुदानको मुख्य आधार) र दफा ११ (विभिन्न नवीकरणीय ऊर्जा प्रविधिमा अनुदान) मा व्याख्या गरिए अनुसारका कुनै अन्य नविकरणीय ऊर्जा आयोजनाहरु ,

ङ) अन्य नविकरणीय ऊर्जा प्रविधिहरु तर यस्तो हकमा कोष मार्फत प्राप्त हुने सरल कर्जाको लागि बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र केन्द्रिय नविकरणीय ऊर्जा कोषबाट लगानी गर्ने बैंकहरुले अग्रिम स्विकृति लिनुपर्ने ।

च) केन्द्र, विकास साझेदारहरु, दातृ निकाय, सरकारी तथा गैरसरकारी सघसस्थाहरुले आर्थिक तथा प्राविधिक सहयोगमार्फत प्रवर्द्धन गरेका अन्य नवीकरणीय ऊर्जा प्रविधिहरू । यस्ता प्रविधिहरुमा कर्जा प्राप्त गर्नको लागि केन्द्र र कोषसंग लगानी गर्ने बैंकहरुले अग्रिम स्वीकृति लिनुपर्ने

छ) सहकारी विभागबाट मान्यताप्राप्त सहकारी सघसस्थाहरु, नेपाल राष्ट्र बैंकले स्विकृती दिएका लघुवित्त संस्था र अन्य स्थानीय वित्तिय संस्थाहरुले कोष मार्फतका मान्यताप्राप्त बैंक तथा वित्तिय संस्थाहरुबाट कर्जा प्राप्त गरि घरयासी तथा सामुदायिक नविकरणीय ऊर्जामा लगानी गर्न सक्नेछन् ।

ज) नविकरणीय ऊर्जा प्रविधिहरु निर्यात, जडान तथा निर्माण गर्ने केन्द्रबाट मान्यता पाएका सम्पूर्ण निजी कम्पनीहरु,

झ) अन्य मापदण्डहरु कोषको सचालन निर्देशिका, वित्तिय व्यवस्थापन संयन्त्र तथा अन्य कागजातमा उल्लेख गरिए अनुसार हुनेछ ।

ञ) कोषबाट मान्यताप्राप्त बैंक तथा वित्तिय सस्थाले माथि उल्लेखित नविकरणीय ऊर्जा



मन्त्री

प्रविधिहरुमा कर्जा प्रदान तथा असुली गर्दा आ-आफ्नो कर्जा नीति तथा नियमहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ।

३. संस्थागत संयन्त्र तथा कर्जा परिचालनका लागि व्यवस्थापन : महत्वपूर्ण वित्तिय संयन्त्रको रुपमा स्थापित भई नवीकरणीय ऊर्जाका क्षेत्रमा प्रभावकारी ढंगले अनुदान तथा कर्जा प्रदान गर्नु कोषको मुख्य उद्देश्य रहनेछ। उक्त उद्देश्य प्राप्त गर्नका लागि कोषको सचिवालय (Central Renewable Energy Fund Secretariat) को स्थापना गरिएको छ जसले अनुदान तथा कर्जा परिचालन गर्न मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थाहरुलाई आवश्यक प्राविधिक सहयोग गर्ने, कोषको संस्थागत संरचना निर्माण गर्ने, वित्तिय व्यवस्थापन गर्ने, रणनितिक तथा आर्थिक व्यवस्थापनको खाका तयार पार्ने, कोषमार्फत गरिने सम्पूर्ण कार्यको अनुगमन तथा मुल्यांकन गरि आफ्नो बोर्डलाई जानकारी गराउने काम गर्नेछ।

४. कर्जाको आवेदन तथा कर्जा प्राप्त गर्ने प्रकृयाहरु : कोष अन्तर्गतका साझेदार बैंक तथा वित्तिय संस्थाहरुले कोषले प्रदान गरेको तथा आफ्नो रकम परिचालन गरि माथि उल्लेखित नविकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनका लागि कर्जा प्रदान गर्न सक्नेछन्। कर्जा प्राप्त गर्नका लागि देहाय बमोजिमका प्रकृयाहरु पुरा गरि मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थाहरुमा आवेदन दिनुपर्नेछ :-

क). सामुदायिक नविकरणीय ऊर्जा प्रविधिहरुको हकमा केन्द्रबाट अनुदान स्विकृत भएको पत्र तथा घरयाँसी नविकरणीय ऊर्जा प्रविधिहरुको हकमा केन्द्रमार्फत अनुदान प्राप्त योग्य स्थानहरुमा मात्र कर्जा प्रदान गरि प्रविधि जडान गर्ने प्रतिवद्धता,

ख) कर्जा आवेदन गर्ने संस्थाको पूर्ण विवरण तथा योजना, कर्जा प्राप्त गरिसकेपछि समयमा कर्जा तिर्ने प्रतिवद्धता तथा उक्त प्रतिवद्धतालाई पुष्टि गर्ने किसिमका व्यवस्थापकिय क्षमता र वित्तिय योजना ,

ग) कर्जा प्रदान गर्ने बैंक तथा वित्तिय संस्थाले माग गर्ने अन्य कागजातहरु।

केन्द्रिय नविकरणीय ऊर्जा कोषको निर्देशिका अनुसार बैंक तथा वित्तिय संस्थाले आफ्नै जोखिममा कर्जा प्रदान गर्ने भएकाले आवेदकलाई कर्जा दिने नदिने निर्णय पनि बैंक तथा वित्तिय संस्था स्वयंबाट नै गरिनेछ र उक्त निर्णयमा केन्द्रले कुनै भुमिका रहने छैन।

५. कर्जा निवेदनको प्रक्रिया (पहिचान तथा सम्भाव्यता अध्ययन) : कर्जाको लागि आवेदकले आवेदन दिई सकेपछि साझेदार बैंक तथा वित्तिय संस्थाबाट आ-आफ्नो कर्जा नीति अनुरुप कर्जा प्रदान गर्ने तथा असुली गर्ने काय गरिनेछ।

५.१ घरायसी नविकरणीय ऊर्जा प्रविधिहरुका लागि कर्जा परिचालन संयन्त्र : घरयाँसी नविकरणीय ऊर्जा प्रविधिहरुका लागि कर्जा परिचालन संयन्त्र देहाय बमोजिम हुनेछ :-

क) घरायाँसी प्रविधिहरूको लागि कोषबाट रणनितिक कर्जा परिचालन सयन्त्रको विकास गरिनेछ। स्थानीय वित्तिय संस्था, स्थानीय स्तरमा छरिएर रहेका अन्य संघसंस्थाहरु, जिल्ला वातावरण तथा ऊर्जा शाखाबाट कर्जाको माग सिर्जना गरिनेछ।

ख) यस किसिमका प्रविधिहरू प्रत्येक घरघरमा जडान गरिने र उक्त जडानको लागि आवश्यक पर्ने कर्जा रकम पनि ससानो हुने भएकाले कोषबाट मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थाले आफ्नो शाखा कार्यलय, कम्पनी तथा स्थानीय स्तरमा छरिएर रहेका

वित्तिय संस्थाहरु मार्फत लगानी गर्न सक्नेछन् ।

ग) बैंक, स्थानीय वित्तीय सस्था र विक्रिकर्ता तथा व्यक्तिगत घरधुरीहरू बीच त्रिपक्षीय सम्झौता गरि कर्जा प्रवाह गरिनेछ ।

घ) त्रिपक्षिय सम्झौतामा कर्जा प्रवाह तथा असुली, कम्पनीले प्रदान गर्ने प्रविधिको गुणस्तरियता तथा मुल्य, बिक्रि पश्चातको सेवा आदि उल्लेख गरिएको हुनु पर्नेछ ।

ङ) उक्त सम्झौता अन्तंगत बैंक तथा वित्तिय संस्थाले स्थानीय वित्तिय संस्थालाई कर्जा स्विकृत गरि उक्त कर्जा रकम सम्झौता अनुरुपका कार्य सम्पादन गरेपछि सिधै कम्पनीलाई भुक्तानी गर्ने भएकाले कर्जाको दुरुपयोग हुनबाट रोकिनेछ ।

च) त्रिपक्षिय सम्झौताको नमुना कोषको सचिवालय मार्फत प्राप्त गर्न सकिनेछ ।

५.२ <u>सामुदायीक नविकरणीय ऊर्जा प्रविधिहरुका लागि कर्जा परिचालन संयन्त्र</u> : सामुदायीक नविकरणीय ऊर्जा प्रविधिहरु लगानीको लागि देहाय बमोजिमको कर्जा परिचालन संयन्त्र परिचालन गरिनेछ :-

क) सामुदायीक नविकरणीय ऊर्जा प्रविधिहरुमा लगानी गरिने कर्जा रकम घरयासी ऊर्जा प्रविधिहरुको तुलनामा धेरै हुने भएकाले साझेदार बैंक तथा वित्तिय संस्थाहरुले सिधै परियोजनामा लगानी गर्न सक्नेछन् ।

ख) साझेदार बैंकहरुले विभिन्न स्थानीय वित्तीय संस्थाहरूसँग सहकार्य गरि लगानी गर्न सक्नेछन् । उक्त प्रविधिमा साझेदार बैंक तथा वित्तिय संस्थाहरुले आ-आफ्नो कर्जा निति अनुसार लगानी गर्नु पर्नेछ ।

ग) कोषबाट साझेदार बैंक तथा वित्तिय सस्थाहरु, स्थानिय वित्तिय संस्था तथा सम्भावित ऋणीहरुलाई कर्जा प्रवाह, कर्जाको सदुपयोग तथा सुरक्षणको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ ।

घ) कोषबाट हुनसक्ने जोखिम र कर्जाको आवश्यकता हेरि कर्जाको प्रत्याभूती (Credit Guarantee) दिइनेछ ।

६. <u>साझेदार बैंक तथा वित्तिय संस्थामार्फत कर्जा परिचालन प्रक्रिया</u> : बैंकले नविकरणीय ऊर्जामा कर्जा प्रवाह गर्दा देहाय बमोजिमका प्रकृयाहरु अवलम्वन गर्नु पर्नेछ -

क) आवेदक कर्जा लिन योग्य भएको वा नभएको सम्बन्धमा जाँच गर्नु पर्नेछ ।

ख) बैंकले आफ्नो कर्जा नीति तथा प्रक्रियाको आधारमा कर्जा प्रवाह गर्नु पर्नेछ ।

ग) बैंकले सम्बन्धित अख्तियारवालाहरूबाट कर्जाको स्वीकृति गराउनु पर्नेछ ।

घ) कर्जा प्रवाह गर्दा सम्पूर्ण ऋणका कागजात, कानुनी कागजपत्र, धरौटी, व्यक्तिगत जमानत लगायतका कागजातहरु लिनु पर्नेछ ।

ङ) कर्जा प्रवाह गर्दा एक वा विभिन्न किस्ता किस्तामा दिन सकिनेछ ।

च) ऋणीले बैंकलाई उक्त कर्जा निर्धारित उद्देश्य बमोजिम नै खर्च हुने प्रत्याभूति दिनु पर्नेछ ।

छ) साझेदार बैंकले प्रदान गर्ने कर्जा रकम, व्याजदर, अवधि तथा अन्य सर्तहरु ऋणी र बैंक बीच हुने ऋण सम्झौता बमोजिम हुनेछ ।



जय देव जोशी
मन्त्री

७. <u>अनुगमन, मुल्याङ्कन तथा जरिवाना</u> : साझेदार बैंकसंग गरिएको कर्जा सम्झौता, केन्द्रको सञ्चालन निर्देशिका तथा उल्लेखित नीतिका आधारमा अनुगमन, कार्य मुल्याङ्कन र आवश्यक दण्ड तथा जरिवाना हुनेछ ।

८. **<u>कर्जाको प्रवर्द्धनको लागि कोषको थप विशेषताहरू</u>** : अनुदान निती अनुसार कोषले यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :-

क) नविकरणीय ऊर्जा उपभोग गर्ने समुदायहरुलाई परम्परागत ऊर्जामा हुने खर्च बचाएर कसरी नविकरणीय ऊर्जामा लिईएको कर्जा तिर्न सकिन्छ भन्नेबारे जनचेतनामूलक जानकारी दिने ।

ख) समुदायलाई लघु जलविद्युत आयोजनालाई कसरी दिगो रुपमा व्यापारिक हिसावले संचालन गर्ने भन्नेबारे प्रशिक्षण दिने ।

ग) समुदायलाई उत्पादनमूलक ऊर्जाको प्रयोगबाट कसरी ऊर्जा खपतमा वृद्धि गर्न सकिन्छ भन्नेबारे जानकारी दिने ।

घ) स्थानीय स्तरका वित्तिय सस्थाहरुलाई विभिन्न तालिम तथा प्राविधिक सहयोग प्रदान गरी नविकरणीय ऊर्जाको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।

ङ) स्थानीयहरुलाई नविकरणीय ऊर्जा प्रयोग गर्दा कसरी सामाजिक विकास हुन्छ भन्नेबारे अभिमुखिकरण दिने ।

च) समुदायले नै संचालन गरेका सामूदायिक नविकरणीय ऊर्जा प्रविधिहरुको प्रभावकारी संचालनको लागि तालिम तथा विभिन्न प्राविधिक सहयोग प्रदान गर्ने ।

छ) स्थानीय स्थरमा छरिएर रहेका विभिन्न वित्तिय सस्थाहरुलाई तालिम तथा प्राविधिक सहयोग प्रदान गरी साझेदार बैंक तथा वित्तिय संस्थामार्फत नविकरणीय ऊर्जामा थोक कर्जा लिन दक्ष बनाउने ।